# व्यापार तथा भूमण्डलीकरण: एक परीचय

एमन बट्लर



# व्यापार तथा भूमण्डलीकरण :
# एक परिचय

इमन् बट्लर

अनुवादः
सुरथ गिरी

**प्रकाशकः**

समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मीनभवन खरीबोट
काठमाडौं, नेपाल
फोन: ९७७-१-४५६४६१६
ईमेल: info@samriddhi.org
वेबसाइट: www.samriddhi.org
डिजाइन र लेआउट: रोशन बस्नेत

नेपाली अनुवाद सर्वाधिकार © समृद्धि फाउण्डेशन

यस नेपाली अनुवाद प्रतिलिपि अधिकारअन्तर्गत संरक्षित छ । सन् २०२१ मा इन्स्टिच्युट अफ इकोनोमिक अफेयर्स, लन्डनले प्रकाशन गरेको तथा प्रसिद्ध लेखक इमन बट्लर द्वारा लिखित 'आन इन्ट्रोडक्सन टु ट्रेड एण्ड ग्लोबलाइजेशन' नामक पुस्तकलाई नेपालीमा अनुवाद गरी प्रकाशित गर्न आवश्यक सम्पूर्ण प्रतिलिपि अधिकार समृद्धि फाउण्डेशनले सम्बन्धित व्यक्ति तथा संस्थाहरुबाट प्राप्त गरेको छ। समृद्धि फाउण्डेशनको पूर्व अनुमतिविना यस पुस्तकको आंशिक वा पूर्ण रुपमा छापा अथवा विद्युतिय माध्यममा प्रतितिपि निकाल्न वा पुन: प्रकाशन गर्न पाइने छैन ।

समृद्धि फाउण्डेशन द्वारा नेपालीमा प्रथम पटक २०८१ असोजमा प्रकाशित ।

# विषयसूची


| | | |
|---|---|---|
| | *परिचय* | *क* |
| **१** | **व्यापारको प्रकृति** | **१** |
| | व्यापार सर्वत्र छ (र थियो) | १ |
| | विशिष्टीकरण र कार्यकुशलता | २ |
| | जित्ने र गुमाउनेहरूको चिन्ता | २ |
| | संरक्षणवाद | ४ |
| | व्यापारका अवरोधहरू न्यूनीकरण गर्ने प्रयत्नहरू | ५ |
| | बहुराष्ट्रिय निगमहरू | ६ |
| | व्यापारको सद्गुण | ७ |
| | व्यापारको भविष्य | ८ |
| | **भाग एक व्यापारको उदय** | **११** |
| **२** | **व्यापारको उद्गम** | **१३** |
| | ढुङ्गे युगको व्यापार | १३ |
| | अभिलेख तथा प्रत्यारोप | १४ |
| | उपहार विनिमय र मुद्रा क्रान्ति | १५ |
| | मध्यकालीन व्यापार मार्गहरू | १७ |

| | | |
|---|---|---|
| | नयाँ विचार, नयाँ संसार | १८ |
| ३ | **अन्तर्राष्ट्रिय व्यापारको उदय** | **२१** |
| | वणिकवादी युग | २१ |
| | स्वतन्त्र व्यापारतर्फको लर्खराउदो यात्रा | २४ |
| | अलबिदा अन्नसम्बन्धी कानून | २५ |
| | थप खुला व्यापारको युग | २७ |
| | स्वतन्त्र व्यापार नीतिको पतन | २८ |
| | **भाग दुई**<br>**व्यापारका सिद्धान्त** | **३१** |
| ४ | **व्यापारको मूल विचार** | **३३** |
| | विनिमय र मूल्य | ३३ |
| | विशिष्टीकरण | ३४ |
| | तुलनात्मक लाभ | ३५ |
| | असमान लाभ र व्यापार | ३७ |
| | कसले कोसँग व्यापार गर्छ ? | ३८ |
| | गुरुत्वाकर्षण मोडेलको भविष्य | ३९ |
| ५ | **व्यापारका फाइदाहरू** | **४१** |
| | व्यापारबाट हुने स्थिर लाभ | ४१ |
| | व्यापारबाट हुने गतिशील लाभ | ४३ |
| | अभौतिक लाभहरू | ४५ |
| | **भाग तीन**<br>**व्यापारविषेश शंका** | **४७** |

| | | |
|---|---|---|
| ६ | **व्यापारका विजित र पराजितहरू** | **४९** |
| | आर्थिक परिवर्तनले विजित र पराजितहरू जन्माउँछ | ४९ |
| | धनी देशहरूमा विस्थापन | ५० |
| | श्रम उत्पादकत्व | ५२ |
| | परिवर्तन र भूमण्डलीकरण | ५३ |
| | प्रतिस्पर्धासँगको सामना | ५४ |
| ७ | **भूमण्डलीकरणसम्बन्धी चासोहरू** | **५७** |
| | गरिब देशहरूमाथि दबाब | ५७ |
| | सधैँ पछाडि ? | ५८ |
| | आयात प्रतिस्थापन | ५९ |
| | उचित व्यापार (फेयर ट्रेड) अभियान | ६१ |
| | गरिब श्रमिकहरूको शोषण | ६३ |
| | पर्यावरणीय चिन्ता | ६५ |
| | साँस्कृतिक साम्राज्यवाद | ६७ |
| | **भाग चार संरक्षणवाद** | **६९** |
| ८ | **संरक्षणवादः राजनीति, उपकरण, समस्याहरू** | **७१** |
| | संरक्षणवादको राजनीति | ७१ |
| | संरक्षणवादका उपकरण | ७२ |
| | कुन व्यवसाय/फर्मलाई चाहिँ संरक्षण गर्ने ? | ७५ |
| | अप्रत्यासित परिणामहरू | ७६ |
| | संरक्षणवादको लागत | ७८ |
| ९ | **संरक्षणवादको पक्षमा भएका तर्कहरू** | **८१** |

शिशु उद्योगसम्बद्ध तर्क ८१
डम्पिङविरोधी तर्क ८२
श्रमसम्बद्ध मापदण्डहरू ८४
उत्पादनका मापदण्डहरू र जैविक सुरक्षा ८५
सुरक्षा सरोकार ८६
प्रतिबन्धहरू ८७
**१० शोधनान्तर घाटा ८९**
शोधनान्तर ८९
शोधनान्तर घाटा सधैँ समस्या होइन ९०
अन्तरदेशीय घाटा ९२
विनिमय दर ९३
सरकारी हस्तक्षेप ९४

**भाग पाँच**
**व्यापारको वर्तमान अवस्था ९७**

**११ स्वतन्त्र बजारको पुनरागमन ९९**
युद्धपछि व्यापारप्रतिको प्रतिबद्धता ९९
क्षितिज विस्तार १००
फरक तरिकाहरू १०२
क्षेत्रीय व्यापार सम्झौताका उदाहरण १०५
**१२ बहुराष्ट्रिय निगमहरू १०९**
विश्वव्यापी मूल्य श्रृङ्खलाको व्यवस्थापन १०९
बहुराष्ट्रिय निगमहरूको उत्पत्ति ११०
अनिश्चित सिमानाहरू ११२

बहुराष्ट्रिय निगमहरू कत्तिको शक्तिशाली हुन्छन् ? ११४

**१३ व्यापार र नैतिकता १९७**

व्यापारसम्बन्धी दुइटा दृष्टिकोण ११७

व्यापार र उदारवादी मूल्यमान्यताहरू ११८

व्यापार र समानता १२०

व्यापारको नैतिक मूल्य १२२

**भाग छ**

**व्यापारको भविष्य १२५**

**१४ प्रवृत्ति तथा सिकाइ १२७**

अन्तर्राष्ट्रिय व्यापारका लाभहरू १२७

प्रवृत्ति तथा चुनौती १३०

स्वतन्त्र व्यापार नीतिका राजनीतिक चुनौती १३३

संरक्षणका लागि दबाब १३५

समायोजनको आवश्यकता १३७

# परिचय

## यो पुस्तक कसका लागि हो ?

यो पुस्तक अन्तर्राष्ट्रिय व्यापारको सिद्धान्त, अर्थशास्त्र र राजनीतिको बारेमा एउटा सरल र स्पष्ट परिचय हो । सरल भाषामा लिखित यो पुस्तक अन्तर्राष्ट्रिय अर्थतन्त्रका आधारमूलक सिद्धान्तहरू र व्यापारका संरचना तथा व्यवस्थापनसम्बद्ध सार्वजनिक बहसमा रुचि राख्ने विद्वत पाठकका लागि दिलचस्पीको विषय हुनसक्छ । विद्यालय तथा कलेजका विद्यार्थी र व्यवसाय तथा सार्वजनिक नीतिमा चासो राख्नेहरूका लागि पनि यो पुस्तक उपयोगी हुनेछ ।

## व्यापार तथा भूमण्डलीकरण किन महत्वपूर्ण छन् ?

बितेको आधा शताब्दीमा अन्तर्राष्ट्रिय व्यापारको परिमाणमा व्यापक वृद्धि भएको छ । समृद्धिलाई विस्तार गर्दै र अन्तरनिर्भरतालाई बढावा दिँदै अन्तर्राष्ट्रिय व्यापार मानवको आधुनिक जीवनको अभिन्न पाटो बन्न गएको छ । अन्तर्राष्ट्रिय व्यापारले देशहरूबीचको साँस्कृतिक आदानप्रदानलाई पनि प्रवर्द्धन गरेको छ । यसैलाई हामी भूमण्डलीकरण भन्दछौँ । अन्तर्राष्ट्रिय व्यापारले उपभोक्ता तथा उत्पादक दुवैका रूपमा हामीले वरण गर्ने जीवनशैलीलाई प्रभावित बनाएको छ र हामीलाई नयाँ उत्पादन तथा अवसरहरू प्रदान गरेको छ । हाल अन्तर्राष्ट्रिय व्यापार कपास, अन्न, काठ वा कच्चा फलामजस्ता वस्तुहरूमा मात्र सीमित नभएर वित्त, बीमा, शिक्षा, दूरसञ्चार, स्वास्थ्य सेवा, पर्यटन, यातायात, परामर्श तथा सूचना प्रविधिजस्ता सेवाहरूको क्षेत्रमा पनि विस्तार भएको छ ।

भूमण्डलीकरणका लागि अत्यावश्यक पर्ने अन्तरनिर्भरताले नै फोन, जुत्ता, कार, कार्यालयमा प्रयोग हुने कुर्सीजस्ता दैनिक उपभोग्य उत्पादनहरूलाई सम्भव बनाउँछ जसमा अहिले विभिन्न देशमा विभिन्न कम्पनीहरूले उत्पादन गरेका वा जडान गरेका पार्टपूर्जाहरू समावेश छन् । उत्पादन र खुद्रा व्यापारलाई वित्त, बीमा र यातायातले सम्भव बनाएका हुन्छन्, जुन विश्वव्यापी सञ्जालका हिस्साका रूपमा रहेका बैंक तथा कम्पनीहरूले प्रदान गर्ने सेवाहरू हुन् । उपभोक्ताका रूपमा हामीलाई अरू देशहरूमाथिको हाम्रो निर्भरताबारे प्रायः थाहा हुँदैन– कम्तीमा व्यापारमा अवरोध नआउँदासम्म र हामीले भर पर्ने उत्पादनहरू उपलब्ध हुन नछोड्दासम्म ।

यस आर्थिक अन्तरनिर्भरताले सामाजिक तथा साँस्कृतिक साटफेर पनि ल्याएको छ । अन्तर्राष्ट्रिय व्यापार र भूमण्डलीकरणको माध्यमले गर्दा नै हामीले विश्वभरिका खानाका परिकार, चलचित्र, नाटक, सङ्गीत, कला, विचार र सिकाइको आनन्द लिन सकिरहेका छौँ । भूमण्डलीकरणले एकअर्काको देशको इतिहास तथा परम्परासम्बन्धी बुझाइ अभिवृद्धि गरेको छ भने आफ्नोभन्दा फरक जीवनशैलीप्रति सम्मान पनि बढाएको छ ।

अन्तर्राष्ट्रिय व्यापार र अन्तर्राष्ट्रिय राजनीति एकअर्कासँग अझ गाँसिँदै गएका छन् । खुला र प्रतिस्पर्धात्मक स्वतन्त्र व्यापार अर्थात् यथाशक्य कम अवरोधमा देशहरूबीच वस्तु तथा सेवाहरू व्यापार हुन दिने नीति नै सबैभन्दा असल व्यापार नीति हो भन्ने कुरामा करिबकरिब सबै अर्थशास्त्रीहरू सहमत छन् । तर, राजनीतिज्ञहरूको भने प्रायः फरक दृष्टिकोण हुने गरेको छ । यस पुस्तकले स्वतन्त्र व्यापारको आर्थिक पक्षलाई स्वीकार्दै स्वतन्त्र व्यापारका आलोचकहरूले व्यक्त गर्ने रोजगारीका अवसरहरू विदेशिने, सुरक्षा खतरा तथा कम गुणस्तरका आयात हुनसक्ने जस्ता चासोका विषयहरूलाई बुझ्ने प्रयास पनि गरेको छ । यस पुस्तकले आलोचकहरूको

नियत बुझ्नुका साथै आयातमा कर लगाउने, व्यापारमा प्रतिबन्ध लगाउने र व्यापार युद्धजस्ता उनीहरूका राजनीतिक प्रतिक्रियाहरूले पुऱ्याउने व्यापक क्षतिलाई चित्रण गर्ने पनि प्रयास गरेको छ ।

सारांशमा भन्नुपर्दा, अन्तर्राष्ट्रिय व्यापार अझ गहन विषय बन्दै गएको छ । अन्तर्राष्ट्रिय व्यापारको सही बुझाइ सुनिश्चित गर्नु असल अर्थशास्त्रको विषय मात्र नभएर विश्वभरिका लाखौँ मानिसहरूसँग हामी कसरी शान्तिपूर्वक सहकार्य गर्छौं भन्ने विषय पनि हो ।

## पुस्तकको संरचना

अन्तर्राष्ट्रिय व्यापारका आधारभूत सिद्धान्तहरूको रूपरेखा प्रस्तुत गर्दै यो पुस्तक प्रारम्भ हुन्छ । अध्याय १ ले व्यापार एउटा सर्वव्यापी मानवीय गतिविधि भएको र यसले विशिष्टीकरण र स्रोतको कुशल उपयोगलाई प्रवर्द्धनलाई गर्ने कुराको व्याख्या गर्दछ । तथापि, अन्तर्राष्ट्रिय व्यापारका कारण कुनै पक्षले फाइदा कमाउने र कुनै पक्षले गुमाउने हुन्छ जसले गर्दा यसको आलोचना हुने र यसलाई निरुत्साहित गर्ने किसिमका नीतिहरू निर्माण हुने गर्दछन् । तसर्थ, यस अध्यायमा अन्तर्राष्ट्रिय व्यापारको भविष्यको बारेमा चिन्तन गर्नुपूर्व अन्तर्राष्ट्रिय कम्पनीहरूको भूमिका तथा स्वतन्त्र व्यापारको नैतिकताको बारेमा चर्चा गरिएको छ ।

त्यसपछिका दुई अध्यायहरूमा अन्तर्राष्ट्रिय व्यापारको उत्पत्ति तथा विस्तारको बारेमा चर्चा गरिएको छ । अध्याय २ ले कसरी ढुङ्गे युगदेखि नै व्यापार हुने गर्दथ्यो र कसरी आधुनिक युगमा आएर यसको विकास तथा विस्तार भयो भन्ने व्याख्या गर्दछ । तथापि, अध्याय ३ ले देखाएजस्तै अन्तर्राष्ट्रिय व्यापारको वृद्धि सधैँ निर्वाध भने भएको छैन । उदाहरणका लागि यूरोपमा, अन्तर्राष्ट्रिय व्यापारमा मध्ययुगमा लगाइएका बन्देजहरू उन्नाइसौँ शताब्दीसम्म पनि कायम थिए । करिब एक शताब्दीसम्म

तुलनात्मक रूपमा स्वतन्त्र व्यापार हुन पाएको भए तापनि बीसौँ शताब्दीमा छेडिएका युद्धहरूका कारण अन्तर्राष्ट्रिय व्यापारमा फेरि विभिन्न बन्देजहरू लगाइए । साथै, विभिन्न देशहरूको अन्तर्राष्ट्रिय व्यवहार सधैँ सकारात्मक पनि रहेन । उदाहरणका लागि, आजको जमानामा स्वतन्त्र व्यापारका कुनै पनि समर्थकले समर्थन नगर्ने उपनिवेशवाद तथा साम्राज्यवादको युगमा मानिस तथा स्रोतहरूको शोषण भयो र मानव दासहरूको व्यापार पनि भयो ।

अध्याय ४ ले अन्तर्राष्ट्रिय व्यापारको सिद्धान्त र देशहरूले आफ्नो 'तुलनात्मक लाभ' को क्षेत्रमा विशेषज्ञता हासिल गर्ने बारेमा चर्चा गरेको छ । यस अध्यायले देशहरूबीचमा रहेको जलवायु तथा स्रोतको भिन्नतालाई पूर्ति गर्न अन्तर्राष्ट्रिय व्यापारले कसरी मद्दत गर्दछ र देशहरूले आपसमा किन व्यापार गर्छन् भन्ने बारेमा व्याख्या गरेको छ । अध्याय ५ ले अन्तर्राष्ट्रिय व्यापारबाट हुने फाइदाहरूलाई हेरेको छ जसमा उपभोक्तालाई छनौट र मूल्य दिने कुरा मात्र नभएर यसले स्रोतको उपयोगमा ल्याउने प्रणालीगत सुधार पनि पर्दछ । यस अध्यायमा स्वतन्त्र व्यापारको वातावरणले ल्याउने गैर-आर्थिक लाभहरूको पनि चर्चा गर्दछ ।

त्यसपछिका दुई अध्यायहरूले अन्तर्राष्ट्रिय व्यापारलाई लिएर मानिसहरूमा हुने चिन्ताहरूको उठान गरेका छन् । अध्याय ६ ले आर्थिक परिवर्तनले केही विजित तथा केही पराजितहरू सिर्जना गर्ने कुरा देखाउँछ। उत्पादन प्रक्रियालाई तुलनात्मक रूपमा सस्ता देशहरूमा सार्नाले अर्थात् आउटसोर्सिङ गर्नाले धनी देशहरूमा रोजगारीमा सङ्कट आउनसक्छ र उक्त अर्थतन्त्रलाई नयाँ अवस्थासँग समायोजित हुनका लागि केही समय लाग्न सक्छ । अध्याय ७ ले भूमण्डलीकृत अर्थतन्त्रमा गरिब देशहरूलाई धनी देशहरूले दबाबमा पार्छन् भन्ने चासोलाई सम्बोधन गर्ने प्रयास गरेको छ । गरिब देशहरू सधैँ पछाडि परिरहने हो कि, गरिब श्रमिकहरू शोषित हुने

हो कि भन्ने चिन्ता र 'न्यायोचित व्यापार (फेयर ट्रेड)' अभियानले यसलाई सुधार्न सक्ने क्षमता र धनी देशहरूले आर्थिक गतिविधिहरूलाई पर्यावरणीय मापदण्ड न्यूनस्तर भएका देशहरूमा निर्यात गर्नसक्ने चिन्तालगायतका विषयलाई यस अध्यायमा चर्चा गरिएको छ ।

त्यसपछिका तीन अध्यायहरूले संरक्षणवादको विषयलाई समेटेका छन् । अध्याय ८ ले संरक्षणवाद पछाडिको राजनीति र संरक्षणवादी उपायहरूलाई चित्रण गर्दै यस्ता नीतिहरूको लागत तथा अनपेक्षित नजिताहरू उल्लेख गर्दछ । अध्याय ९ ले व्यापार अवरोधका पक्षमा आउने तर्कहरू जस्तै नवजात् उद्योग, डम्पिङ (स्वदेशी बजारमा भन्दा कम मूल्यमा वस्तु बेच्नु), उत्पादन र श्रम मापदण्ड, सुरक्षासम्बन्धी चिन्ताहरूको विश्लेषण गर्दछ र ती अधिकतर तर्कहरू गलत छन् भन्ने निष्कर्ष निकालेको छ । अध्याय १० ले भुक्तानीको सन्तुलनको मुद्दालाई चर्चा गर्दै संरक्षणवादको लागि किन यो गलत बहाना/कुतर्क हो भन्ने कुरा व्याख्या गरेको छ ।

त्यसपछिका तीन अध्यायहरूले अन्तर्राष्ट्रिय व्यापारको आजको अवस्थालाई हेरेका छन् । अध्याय ११ ले वर्तमान विश्वको व्यापारमाथिको बन्देज न्यूनीकरण गर्ने प्रतिबद्धता र व्यापारको अझ विस्तृत दायरा बारे चर्चा गरेको छ । यसले अन्तर्राष्ट्रिय व्यापारलाई थप स्वतन्त्र बनाउने विभिन्न उपायहरूका बारेमा पनि चर्चा गरेको छ । त्यस्तै अध्याय १२ ले विश्वव्यापी मूल्य श्रृङ्खलाहरू र बहुराष्ट्रिय कम्पनीहरूको शक्तिलाई हेरेको छ । अध्याय १३ मा व्यापारसम्बन्धी नैतिक तर्कहरूको विश्लेषण गरिएको छ ।

अध्याय १४ ले अन्तर्राष्ट्रिय व्यापारको भविष्यलाई हेरेको छ । अन्तर्राष्ट्रिय व्यापारले समग्रमा फाइदा गर्ने तर निश्चित उद्योग तथा निश्चित श्रमिकहरूलाई भने घाटा गराउन सक्ने र यसले गर्दा व्यापार

माथि बन्देज लगाउन राजनीतिक दबाब पर्ने तर्क गरिएको छ । सरकारी नीति अन्तर्राष्ट्रिय व्यापारलाई बन्देज लगाउनेभन्दा पनि मानिसहरूलाई आर्थिक परिवर्तनसँग समायोजन हुन सक्षम बनाउनेतर्फ केन्द्रित हुनुपर्छ भन्ने सल्लाह यस अध्यायले दिएको छ ।

# १. व्यापारको प्रकृति

## व्यापार सर्वत्र छ (र थियो)

वर्तमान विश्व व्यापारको वृद्धि र विस्तार निकै व्यापक र आश्चर्यजनक रहेको छ । सन् १९७९ मा विश्वको कुल उत्पादनमा व्यापारको हिस्सा एक तिहाइभन्दा केही बढी (३५.६ प्रतिशत) मात्र थियो । सन् १९९९ सम्म आइपुग्दा यो हिस्सा बढेर करिब आधा (४६.५ प्रतिशत) पुग्यो भने सन् २०१९ सम्म आइपुग्दा आधाभन्दा पनि बढी (५८.२ प्रतिशत) हुन गयो । सन् १९९९ मा करिब ६० खर्ब डलर बराबरको वस्तु निर्यात भएको थियो भने १० खर्ब डलरभन्दा केही बढीको सेवा निर्यात भएको थियो । बीस वर्षपछि उक्त अङ्कहरू क्रमशः करिब १९० खर्ब र ६० खर्ब पुगेका छन् (विश्व बैंक २०१९) । बेलाबखतमा हुने अवश्यम्भावी अस्थायी बाधाअवरोधहरू (वित्तीय सङ्कट, गृहयुद्ध, अन्तर्राष्ट्रिय युद्ध, व्यापार युद्ध, महामारी) का बावजुद व्यापारको दीर्घकालीन विस्तार अनवरत रहेको छ । र व्यापारको विस्तारसँगै भूमण्डलीकरण अर्थात् विश्वका मानिस, कम्पनी तथा अर्थतन्त्रहरूबीचको अन्तरक्रिया र एकीकरण पनि भएको छ जसका कारण समृद्धिको अभिवृद्धिसँगै विचार, कलासँस्कृति र प्रगतिको पनि विस्तार भएको छ ।

व्यापार अनादिकालदेखि नै विद्यमान थियो । ढुङ्गेयुगमा नै व्यापार हुने गरेका र प्राचीनकालमा नै सम्पूर्ण महादेश नै आरपार गरेर महादेशभित्र र महादेशहरूबीच व्यापार सञ्जालहरू रहेको प्रमाणहरू भेटिएका छन् । हजारौँ वर्षसम्म वस्तु प्रत्यक्ष साटासाट गरेर फैलिएको व्यापार पैसाको

अभ्युदयसँगै र भूमध्यसागरका अर्थतन्त्रहरूको व्यापक वृद्धिसँगै झनै फैलियो ।

## विशिष्टीकरण र कार्यकुशलता

तथापि, व्यापारको वृद्धि तथा विस्तार सधैँ निर्वाध भने रहेन । मध्ययुगमा र अठारौँ शताब्दीसम्मै पनि, विश्वका मुलुकहरूले विदेशी वस्तु किन्नुभन्दा सुन र चाँदी थुपार्नु बढी निको मान्थे। महान् स्कटीश अर्थशास्त्री एडम स्मिथ (१७७६) ले व्यापारबाट दुवै पक्षलाई फाइदा हुन्छ भन्ने कुरा देखाउनुपरेको थियो । उनका विचारहरूले देशहरूलाई व्यापारका अवरोधहरू हटाउन प्रेरित गरे र उन्नाइसौँ शताब्दीको अपेक्षाकृत स्वतन्त्र व्यापार र बढ्दो सम्पन्नताको युग सुरु भयो ।

विशिष्टीकरणले हाम्रो उत्पादकत्वमा व्यापक सुधार ल्याउँछ भन्ने स्मिथको अर्को परिज्ञानमा आधारित रहेर डेभिड रिकार्डो (१८१७) ले देशहरू आफूले राम्रो गर्न सक्ने क्षेत्रमा अर्थात् आफ्नो तुलनात्मक लाभको क्षेत्रमा केन्द्रित हुनुपर्छ र आफूसँग बढी भएको चीजको अन्य देशसँग व्यापार गर्नुपर्छ भन्ने देखाए । वास्तवमा विशिष्टीकरण र व्यापारको माध्यमले नै देशहरूले आफ्नो भौगोलिक तथा जलवायुको कमीकमजोरीमाथि विजय प्राप्त गर्न सक्छन् । उदाहरणका लागि फलफूलका लागि प्रतिकूल जलवायु भएका देशले आफूले उत्पादन गरेको वस्तु व्यापार गरेर फलफूल प्राप्त गर्नसक्छ भने केही उब्जनी नै नहुने टापुले आफूसँग भएको खनिज व्यापार गरेर अनाज प्राप्त गर्नसक्छ ।

## जित्ने र गुमाउनेहरूको चिन्ता

परिवर्तनविना प्रगति हुँदैन तर कुनै पनि परिवर्तनले जित्ने र हार्नेहरू

जन्माउँछ । दुवै पक्षलाई फाइदा नभई कुनै पनि विनिमय हुँदैन भन्ने स्मिथको कुरा सही हो किनकी आफूलाई फाइदा हुने नभएसम्म दुवै पक्ष विनिमयका लागि तयार हुँदैनन् । तथापि, विशिष्टीकरण तथा उत्पादकत्वमा सुधार ल्याउनका लागि परिवर्तनको आवश्यकता पर्छ जुन चुनौतीपूर्ण पनि हुनसक्छ । उदाहरणका लागि, धनी देशका मानिसहरूले सस्ता विदेशी श्रमिकहरूले आफ्नो रोजगारी खोसेको गुनासो गरिरहेका हुन्छन् भने गरिब देशहरूलाई चाहिँ ठूलो मात्रामा उत्पादन गरिएका आयातित वस्तुहरूले आफ्ना परम्परागत शिल्पलाई विस्थापन गर्ने चिन्ता हुन्छ। तर जब अन्य देशहरूबाट उस्तै वा राम्रो गुणस्तरको वस्तुहरू सस्तोमा किन्न सकिन्छ भने, कुनै देशले ती वस्तुहरू स्वदेशमै उत्पादन गर्नु निरर्थक हुन्छ। विशिष्टीकरणमार्फत प्रत्येक देशले आफ्नो उत्पादकत्वमा र दीर्घकालीन सम्भावनामा सुधार ल्याउँछ। व्यापारले निम्त्याउने प्रतिस्पर्धाले यस प्रगतिका लागि उत्प्रेरकको काम गर्छ ।

आलोचकहरूले धनी देशहरूले व्यापारमा प्रभुत्व जमाउन सक्छन् र अरूलाई पछाडि पार्न सक्छन्, कामको अत्यन्त नाजुक वातावरण हुने ‘स्वेटशप’ जस्ता अवस्थाबाट गरिब श्रमिकहरूको शोषण हुन्छ वा व्यापारले गर्दा सँस्कृतिहरू धरासायी हुन्छन् भन्ने जस्ता चिन्ताहरू पनि व्यक्त गर्ने गर्दछन् । तर वास्तविकता हेर्ने हो भने, विश्व व्यापारले संसारका सबै भन्दा गरिबहरूलाई इतिहासकै ठूलो र तीव्र गतिको समृद्धि ल्याएको छ । उत्पादनमूलक कार्यहरूलाई सस्ता देशहरूमा स्थानान्तरण (आउटसोर्सिङ) गर्नाले ती देशका मानिसहरूले रोजगारीका नयाँ अवसरहरू पाएका छन् । यी अवसरहरू खेतीकिसानी वा खानीमा काम गर्ने जस्ता उनीहरूको विगतका पेशाभन्दा कम खतरापूर्ण र कम कठिन हुने गर्दछन् र यसले उनीहरूको जीवनस्तरमा सुधार ल्याएको छ । व्यापारले विश्वलाई साँस्कृतिक विगतको तुलनामा थप समृद्ध बनाएको छ र विचार तथा नवप्रवर्तनहरूलाई व्यापक रूपमा फैलाएको छ ।

## संरक्षणवाद

यसका बावजुद, उपभोक्ताभन्दा उत्पादकको सङ्ख्या कम हुने भए तापनि विदेशबाट तुलनात्मक रूपमा सस्तो र राम्रो वस्तु आउनाले त्रसित उत्पादकहरूको दबाबले गर्दा धेरै देशहरूले विदेशी प्रतिस्पर्धीमाथि विभिन्न अवरोधहरू खडा गर्ने गर्दछन् । कतिपय देशहरूमा आफूलाई आत्मनिर्भर बनाउने चाहना हुनसक्छ र तसर्थ आफ्ना उद्योगहरू ठूला भएर प्रतिस्पर्धा गर्न सक्षम नहुन्जेल सस्तो आयातको प्रतिरोधका कुरा गर्दछन् । उनीहरूले अरू देशलाई आफ्नो बजारमा सस्तो वस्तुहरू ल्याएर थोपरेको (डम्पिङ) र आफ्ना उत्पादकहरूलाई धराशायी बनाएको आरोप लगाउन सक्छन् । उनीहरूले रोजगारी वा वातावरणसम्बन्धी आफ्नोजत्तिकै उच्च मापदण्ड नभएका देशहरूबाट हुने निर्यातमाथि आपत्ति जनाउन सक्छन् । उनीहरू अन्य देशले आफूसँग वस्तु किन्दाभन्दा आफूले उनीहरूसँग किन्दा बढी खर्च भइरहेकोमा चिन्तित हुनसक्छन् ।

कारण जे भएपनि देशहरूले विदेशी आयात रोक्ने उद्देश्यका साथ प्रायः कर लगाउने (भन्सार शुल्क वा सीमा शुल्क) वा परिमाणमा हदबन्दी लगाउने (कोटा निर्धारण गर्ने) वा परोक्ष अवरोधहरू खडा गर्ने गर्दछन् । तर यी कदमहरूको आफ्नै लागत हुन्छ । वस्तुको प्रवाहलाई नियन्त्रण गर्नका लागि ठूलो कर्मचारीतन्त्र खटाउनुपर्ने हुन्छ । र व्यापारमाथि अवरोध सिर्जना गर्ने देशहरूले आफ्नै जनतालाई हानि पुऱ्याइरहेको हुन्छन् किनभने यस्ता अवरोधहरूले उपभोक्ताहरूले चाहेको र उत्पादकहरूलाई आवश्यक पर्ने आयातित वस्तुहरूलाई थप महँगो वा अप्राप्य बनाइदिन्छन् । उक्त आयातित वस्तुको स्वदेशी विकल्प नहुन सक्छ वा भएपनि कमसल गुणस्तरको हुनसक्छ । तसर्थ, केही उत्पादकहरूका लागि अस्थायी लाभ भए पनि, यस्तो 'संरक्षणवाद' गल्ती हो भन्ने कुरामा आजको दिनमा प्रायः अर्थशास्त्रीहरू सहमत भएको पाइन्छ ।

## व्यापारका अवरोधहरू न्यूनीकरण गर्ने प्रयत्नहरू

प्रथम विश्व युद्धमा दुश्मन देशहरूको अर्थतन्त्र धराशायी बनाउनका लागि व्यापारिक अवरोध अस्त्रको रूपमा प्रयोग गरियो जसका कारणले संरक्षणवादले गति पायो । दुई विश्वयुद्धबीचको समयमा पनि यो क्रम जारी रह्यो र दोस्रो विश्वयुद्धलाई योगदान दिने तनावमा पनि मलजल गऱ्यो । तथापि, दोस्रो विश्वयुद्ध अन्त्य भएको केही समयमा नै पश्चिमा देशहरूलाई व्यापारिक अवरोधहरूले पुऱ्याउने क्षति र तिनको न्यूनीकरणले ल्याउन सक्ने लाभका बारेमा बोध भयो । उनीहरूले संरक्षणवादलाई सीमित बनाउन र सहज तथा स्वतन्त्र व्यापारलाई प्रवर्द्धन गर्नका लागि एउटा अन्तर्राष्ट्रिय मञ्च– भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) खडा गरे ।

> **व्यावसायिक अर्थशास्त्रीहरूबीचमा स्वतन्त्र विश्व व्यापारले आर्थिक वृद्धि र जीवनस्तर बढाउँछ भन्ने मान्यतामा जस्तो भएको सर्वसम्मति अन्य कमै मान्यतामा होला ।**
>
> -ग्रेगोरी म्यान्क्यू (२००६)

जब धेरैभन्दा धेरै देशहरू उक्त संवादमा जोडिए र कार्यसूचीमा व्यापारका नयाँ मुद्दाहरू (जस्तै डिजिटल तथा दूरसञ्चारलगायतका सेवाको व्यापार, प्रत्येक देशको व्यावसायिक मापदण्डहरू अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य हुने कि नहुने भन्ने प्रश्न, बौद्धिक सम्पत्तिको संरक्षण) थपिएसँगै भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) एउटा औपचारिक अन्तर्राष्ट्रिय निकाय, विश्व व्यापार सङ्गठनमा रूपान्तरित भयो । क्रमैसँग भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) र विश्व व्यापार सङ्गठनले आयातमाथिको औसत भन्सार महसुल दर निकै नै घटाएका छन् । अवश्य नै अझै केही उच्च भन्सार महसुल दरहरू कायम

छन् जस्तै यूरोपेली सङ्घले कृषिजन्य उत्पादनमाथि लगाउने भन्सार महसुल। साथै, ट्रम्प राष्ट्रपति हुँदा संयुक्त राज्य अमेरिका र चीनबीच भएको व्यापार युद्धजस्ता व्यापारिक युद्ध अझै पनि हुने गर्दछन् । तर आजको दिनमा जहाँजहाँ संरक्षणवाद छ, त्यहाँ परोक्ष रूपमा छ र यसलाई सामना गर्न थप चुनौतीपूर्ण भएको छ ।

## बहुराष्ट्रिय निगमहरू

विस्तार हुँदै गएको व्यापारको एउटा विशेषता बहुराष्ट्रिय निगमहरूको वृद्धि हो । यसो हुनुको कारण आपूर्ति वा 'मूल्य श्रृङ्खला' वास्तवमै विश्वव्यापी हुनु हो ।

आइफोनकै उदाहरण हेरौँ । सबै पार्टपूर्जा जोडेर आइफोन बनाउने काम ताइवानमा हुन्छ । तर यसको ब्याट्रीको आपूर्ति एउटा दक्षिण कोरियाली कम्पनीले गर्दछ जसले आफ्नो उत्पादन भारत र ब्राजिललगायत ८० वटा देशहरूमा गर्दछ । आइफोनको ध्वनिसम्बन्धी पार्टपूर्जा बेलायत, चीन र सिङ्गापुरलगायत अरू ८ वटा देशहरूबाट आउँछ। यसको स्क्रीन २४ वटा देशका १०७ वटा स्थानमा कारखाना भएको एउटा अमेरिकी कम्पनीले निर्माण गर्छ । गति पत्ता लगाउने उपकरणहरू जर्मनी, चीन, जापान र अन्य केही देशहरूबाट आउँछन्। जाइरोस्कोप (दिशा परिवर्तन भएनभएको पत्ता लगाउने यन्त्र) हरू स्वीट्जरल्याण्डमा बन्छन् । क्यामेरा ब्राजिल, चीन, इण्डोनेसिया, भारत तथा अन्य धेरै देशहरूमा कारखाना भएका अमेरिकी तथा जापानी निगमहरूले बनाउँछन् । कम्पासहरू एउटा जापानी कम्पनीद्वारा बनाइन्छ, जसका फ्रान्स, अमेरिका, बेलायत र अन्यत्र कारखानाहरू छन् । अन्य थप २७ वटा पार्टपूर्जाहरू पनि विभिन्न देशहरूबाट आउँछन् (क्रुगर २०२०: अध्याय १९) ।

यस्ता विश्वव्यापी सञ्जालहरूको व्यवस्थापनका लागि विश्वव्यापी

पहुँच भएका व्यवसाय र विभिन्न देशमा भिन्नभिन्न स्तर तथा आकारका साझेदार तथा ठेकेदारहरूसँगको सहकार्य आवश्यक पर्दछ । केही आलोचकले यस्ता निगमहरूसँग हुने आर्थिक शक्ति र तिनलाई कुनै सरकारले प्रभावकारी रूपमा नियन्त्रण गर्न नसक्ने हो कि भन्ने चिन्ता व्यक्त गर्ने गर्दछन् । तथापि, बहुराष्ट्रिय निगमहरूको अस्तित्व सधैँ रहिआएको छ र तीमध्ये धेरै केवल अनौपचारिक अन्तर्राष्ट्रिय सहकार्यहरू हुन् र साधारणतयाः सोचिनेभन्दा कम शक्तिशाली हुने गर्दछन् ।

## व्यापारको सद्‌गुण

त्यसैले गर्दा पनि, धेरै मानिसहरू व्यापार र यसले गरिब देशहरू तथा तिनका जनतामा पार्ने प्रभावप्रति सन्देह गर्छन् र केहीले व्यापारलाई नैतिक रूपमा खराब चीजको रूपमा निन्दा पनि गर्छन् । तर व्यापारले मानव सम्पन्नतामा, विशेषगरी सबैभन्दा गरिबहरूको हकमा, अत्यधिक योगदान पुर्‍याएको छ । सन् १९९० को दशकमा (जब भारत, पूर्वी यूरोप, ल्याटिन अमेरिका, अफ्रिका, पूवी र दक्षिणपूर्वी एशियामा भएका आर्थिक सुधारले यी क्षेत्रहरूलाई विश्व व्यापारको सञ्जालमा अझ गहन रूपमा आबद्ध गरायो) अन्तर्राष्ट्रिय व्यापारको तीव्र विस्तार हुन थालेयता करिब एक अर्ब मानिसहरू दैनिक २ डलरभन्दा कम कमाउने गरिबीबाट मुक्त भएका छन् ।

व्यापारले गैर-आर्थिक लाभहरू पनि ल्याउँछ । व्यापारले अन्तर्राष्ट्रिय विश्वास, सहयोग र समझदारी प्रवर्द्धन गर्छ भन्ने कुराको बलियो प्रमाण छ । व्यापार राजनीतिक स्वतन्त्रता, विधिको शासन, इमानदारी, वाक स्वतन्त्रता र अन्य उदार मूल्य तथा मान्यताहरूसँग पनि जोडिएको छ । यसले राष्ट्रवाद र जातीय द्वन्द्वलाई समेत निस्तेज पार्छ र शान्ति, न्याय र समानतालाई प्रवर्द्धन गर्छ । आखिर, व्यापारबाट लाभ लिन चाहने

व्यक्तिहरूले सहकार्य गर्न त सिक्नै पर्छ ।

र अवश्य नै हामी अहिले पहिले कल्पना नै नगरेको स्तरमा सहकार्य गरिरहेका छौँ । हालको भूमण्डलीकृत विश्वमा हाम्रो खानेकुरासमेत विभिन्न देशहरूको शैली र सामग्रीको सम्मिश्रण हो । चलचित्र, कला तथा सँस्कृतिका अन्य तत्वहरू पनि अन्तर्राष्ट्रिय बन्न गएका छन् । हामीले अन्य देशहरूको विविधता र उनीहरूको जीवनशैलीको अझ बढी कदर गर्न थालेका छौँ । कम्पनीहरू बहुराष्ट्रिय बनेका छन्, र प्रतिभाशाली प्रवासी श्रमिकहरू विश्वभरिका विभिन्न कुनामा पुग्ने र बसोबास गर्ने गरेका छन् ।

## व्यापारको भविष्य

व्यापार फैलिएसँगै नयाँ मुद्दाहरू पनि उठेका छन् । सुरक्षाकेन्द्रित चासो तीमध्ये एउटा हो । उदाहरणका लागि संयुक्त राज्य अमेरिका र बेलायतले आफ्नो नेटवर्कमा जासुसीका लागि प्रयोग हुनसक्ने कारण जनाउँदै हुवावेइबाट फाइभ जीका उपकरणहरू आयात गर्नमा प्रतिबन्ध लगाएका छन् । अर्को मुद्दा भनेको लुगा तथा जुत्ता, विद्युतीय सामान, अत्तर, खेलौना र औषधिलगायतका नक्कली तथा पाइरेटेड (अनुमतिविना प्रति बनाइएको) सामानको विस्तार हो । आर्थिक सहयोग तथा विकास सङ्गठनको अनुमानअनुसार यस्ता सामानहरूले विश्व व्यापारको ३ प्रतिशतभन्दा बढी हिस्सा ओगट्छन् (ओइसिडि २०१९) । व्यापारमा बैङ्किङ, लेखा, कानूनी सेवा, स्वास्थ्य सेवा तथा शिक्षा, डिजिटल सेवा तथा दूरसञ्चार जस्ता सेवाहरूको हिस्सा बढ्दै गएको छ जसले गर्दा तत् तत् सेवाविशेष मुद्दाहरू र साथै सम्बन्धित पेशाकर्मीहरू (जस्तै वकिल तथा लेखापालहरू) का योग्यताहरू अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य हुने कि नहुने भन्ने मुद्दा बढ्दै गएको छ । यसैगरी, वातावरण अर्को चासोको विषय बन्न गएको छ । केही देशहरूले उच्च कार्वन उत्सर्जन गर्ने देशहरूबाट हुने आयातलाई निरुत्साहित गर्ने

वा निश्चित मल तथा कीटनाशकको आयातमाथि प्रतिबन्ध लगाउने गरेका छन् । अझ बृहत् रूपमा हेर्दा, 'उदयीमान' अर्थतन्त्रहरू (जस्तै ब्राजिल, चीन, भारत, इण्डोनेसिया, मेक्सिको, मोरक्को, फिलिपिन्स, दक्षिण अफ्रिका र टर्की) को वृद्धिले विश्वका क्षेत्रहरूबीचको परम्परागत आर्थिक सन्तुलनमा फेरबदल ल्याइरहेको छ ।

दुर्भाग्यवश, व्यापारसम्बन्धी अधिकतर नीतिहरू आर्थिक तर्कबाट नभई घरेलु र अन्तर्राष्ट्रिय राजनीतिबाट प्रेरित हुन्छन् । त्यसैले व्यापार लाई निर्वाधरूपमा सञ्चालन गर्न अन्तर्राष्ट्रिय ढाँचा र विश्वव्यापी विधिको शासनको आवश्यकता हुन्छ । आफ्नै उद्योगहरूलाई जोगाउन र अरूका विरुद्ध अवरोधहरू खडा गर्न देशहरूमाथि पर्ने धेरै दबाबहरूलाई ध्यानमा राख्दा यो सजिलो काम होइन । तर भविष्यमा व्यापारले हामीलाई कहाँ लानेछ भन्ने कुरा थाहा पाउने कुनै उपाय हामीसँग छैन् । तसर्थ, हाम्रालागि उत्तम नीति परिवर्तनको प्रतिरोध गर्नु नभई बरु त्यसबाट प्रभावित हुने हरूलाई समायोजन गर्न मद्दत गर्नु हो ।

## भाग एक

# व्यापारको उदय

# २ व्यापारको उद्गम

## ढुंगे युगको व्यापार

व्यापार मानवजातिजत्तिकै व्यापक छ र सम्भवतः उत्तिकै पुरानो पनि । हामी के कुरामा निश्चित छौँ भने ढुङ्गे युगमा प्रयोग हुने ओब्सिडियन (ज्वालामुखीको लाभाबाट बनेको काँच जस्तो चट्टान) बाट बनेका ब्लेड तथा औजारहरू हालको न्यू गिनी टापुहरूको वरिपरि करिब २० हजार वर्षअघि नै (समरहायस २००९) र भूमध्यसागरको वरिपरि करिब १७ हजार वर्षअघि नै ओसारपसार गरिन्थ्यो (आताकुमन र अन्य २०२०) । लगभग ८ हजार वर्षअघि, टर्कीको गहुँ बेलायतमा निर्यात भइरहेको थियो, जुन बेलायतमा कृषिको उद्भव हुनुभन्दा शताब्दीयौँ अघिको कुरा हो (शियरमियर २०१५) । त्यसैताका साउदी अरेबिया, इरान र मिश्रबीचमा वस्तुहरूको विनिमय भएको पनि प्रमाण छ । करिब ६ हजार वर्षअघि, बेलायती ढुङ्गे बञ्चरो फ्रान्सतर्फ निर्यात हुने गर्दथ्यो भने इटालीमा जेड (हरियो रङ्गको एक बहुमुल्य रत्न) पत्थरले बनेको र पालिस गरिएको बञ्चरोचाहिँ बेलायततिर निर्यात हुने गर्दथ्यो ।

त्यसपछि, काँस्य युगमा, ३ हजार ५ सय वर्षअघि बेलायतको खानीबाट निकालिएको तामा फ्रान्स, नेदरल्याण्ड, डेनमार्क र उत्तरी जर्मनी जाने गर्दथ्यो (विलियम्स २०१९) । त्यसैगरी, उत्तरी यूरोपबाट 'अम्बर मार्ग' हुँदै अम्बर (एक किसिमको पहेँलो बहुमूल्य रत्न) इटाली, ग्रीस र मिश्रमा ओसारपसार भइरहेको थियो । दक्षिणपूर्वी एशियाका टापुबासीहरू भारत र

श्रीलङ्कासँग शिल्पकृतिहरू (जस्तै पानीजहाजलाई सन्तुलनमा राख्न प्रयोग गरिने आउटरिगर), अन्नबाली (जस्तै नरिवल, केरा, श्रीखण्ड) र मसलाहरू (जस्तै दालचिनी) आदानप्रदान गरिरहेका थिए (फिण्डले र ओ'रोर्क २००७)। भारतीय कपास, फिलिपिनी उखु, इण्डोनेसियाली मसला, मलेसियाली टिन र चिनियाँ चियाको पनि व्यापार हुने गर्दथ्यो ।

वस्तुहरूको यस किसिमको व्यापक ओसारपसारका पछाडि अन्य कारणहरू पनि हुनसक्छन् तर व्यापार नै सबैभन्दा सम्भावित कारण देखिन्छ । ओब्सिडियनले बनेका औजार, जेडले बनेका बञ्चरा र दुर्लभ मसलाजस्ता धेरै मानिसहरूले मूल्यवान ठान्ने वस्तुहरूको ओसारपसार लाई मध्यनजर गर्दा व्यापारकै लागि ओसारपसार भएको सम्भावना उच्च देखिन्छ ।

## अभिलेख तथा प्रत्यारोप

प्राचीन विश्वमा वाणिज्य सम्बन्धहरू कति बलिया थिए भन्ने कुरा हामी मिश्रको डिएर एल-मेदिनामा फेला परेका ४,५०० वर्ष पुराना अभिलेखबाट थाहा पाउन सक्छौँ (म्याक्डोवेल १९९९) । ती अभिलेखअनुसार पिरामिडमा काम गर्ने श्रमिकहरूको आफ्नै मुद्रा-वस्तु साटफेर गर्ने व्यापारिक प्रणाली थियो । अन्न, चाँदी वा तामाको निश्चित परिमाणका आधारमा वस्तुहरूको मूल्य तोकिएको थियो जसलाई देबेन भनिन्थ्यो । तसर्थ, तामाको १५ देबेनको मूल्य तोकिएको ताजा बोसोको भाँडोलाई ५ देबेन मूल्य बराबरका तीन जोर लुगासँग वा ३ देबेन पर्ने पाँचवटा टोकरीसँग साट्न सकिन्थ्यो । कारोबारको समयमा अन्न, चाँदी वा तामाको भौतिक परिमाण नै उपलब्ध हुने खासै हुँदैनथ्यो । देबेनले मुख्यतः खाताको हिसाब राख्ने काम गर्दथ्यो । तर यस प्रणालीले मिश्रका श्रमिकहरूलाई वस्तुको साटफेर गर्ने प्रणालीको अन्तर्निहित समस्या– एउटा पक्षसँग अर्को

पक्षलाई चाहिएको चीज नभएको अवस्था (उदाहरणका लागि भोको नाईले कपाल काट्न आवश्यक परेको भोजनगृह चलाउने मानिस खोजिरहेको अवस्था सम्झिहेर्नुहोस्)– पार गर्न सक्षम बनायो । यस प्रणालीले गर्दा एक पक्षले वस्तु आपूर्ति गरेपछि त्यसको सट्टा वस्तु नै माग गर्नुको साटो उक्त पक्षबाट कति देबेन आउन बाँकी रह्यो भन्ने हिसाब राख्न पाउने भयो ।

सेवाहरूको पनि व्यापार हुने गर्दथ्यो । उदाहरणको लागि, प्राचीनकालमा गधा भाडामा लिन (आजको जमानामा गाडी भाडामा लिएसरह) का लागि निकै विकसित व्यवस्था थियो । र आजकल हुनेझैँ गुनासोहरू पनि हुने गर्दथे : 'उसले मलाई एउटा गधा ल्याइदियो तर मैले फिर्ता गरिदिएँ, र उसले अर्को गधा ल्यायो तर त्यो पनि राम्रो थिएन... कि त उसले मलाई राम्रो गधा ल्याइदेओस् हैन भने मेरो पैसा फिर्ता देओस्' एकजना क्रोधित श्रमिकले लेखेका छन् । प्राचीन विश्वबाट ज्ञात गुनासो यो मात्र होइन । बेबिलोनमा करिब ३,७५० वर्षअघि एकजना ग्राहकले एअ-नासिर नामका व्यापारीलाई तामाको गुणस्तर कमसल भएको र उक्त व्यवसायमा लगाइएको नोकरलाई उनले दुर्व्यवहार गरेको भनेर गुनासो लेखेका थिए । फारसको खाडीबाट मेसोपोटामिया (हालको इराक) मा तामा आयात गर्ने एअ-नासिरले आफूलाई प्राप्त अन्य थुप्रै गुनासोहरूसँगै माथिको गुनासोको पनि अभिलेख आफ्नो घरमा राखेका थिए ।

## उपहार विनिमय र मुद्रा क्रान्ति

प्राचीन विश्वमा हुने अधिकतर व्यापार एकप्रकारको 'उपहारको विनिमय' थियो अर्थात् मानिसहरूले पैसाका लागि सामान साटासाट गर्ने गर्दैनथे बरु एउटा वस्तुको सट्टा अर्को वस्तु साट्थे (सेल्कर्क २०२०) । र वास्तवम केही वस्तुहरू, जस्तै मिनोआन क्रेट भनिने स्थानमा ४ हजार वर्षअघि ठूलो परिमाणमा उत्पादन गरिएको धातुकला तथा गरगहना,

व्यापारिक उद्देश्यकै लागि उत्पादन गरिएको देखिन्छ ।

तर लगभग २५ सय वर्षअघि पैसाको आविष्कारले व्यापारमा क्रान्ति ल्यायो, जसले उपहार वा वस्तु साटासाटको व्यापारलाई बजार अर्थतन्त्रमा परिणत गरिदियो। यस अत्यन्त कुशल नवप्रवर्तनले धन र विलासिता (जस्तै भारत र चीनबाट आयातित मसला र कला, वास्तुकला, र सँस्कृतिमा ठूलो प्रगति) लाई मात्र बढावा दिएन, स्वतन्त्रतालाई पनि बढावा दियो किनभने पैसाको प्रयोग गरेर अब हरेक व्यक्तिले आफ्नो व्यक्तिगत हितका लागि व्यापार गर्न सक्थ्यो । यसले अन्ततः लोकतन्त्रको उदय गरायो (सेल्कर्क २०२०) ।

अकस्मात, भूमध्यसागर क्षेत्रका अर्थतन्त्रहरूले तीव्र प्रगति गर्न थाले। अन्न र मदिराको बिक्रीबाट रोम धनी भयो जसले गर्दा यूरोपको अधिकतर भूभागमा र उत्तरी अफ्रिकामा आफ्नो सैन्य तथा व्यापारिक साम्राज्य स्थापना गर्न सफल भयो । इटालीबाट दैनिक प्रयोग हुने सामानहरू, र फ्रान्सबाट आयात गरिएको पालिस गरिएको रातो सामियन भाँडा, उत्तरी बेलायतको हेड्रियनको पर्खालसम्म, रोमन साम्राज्यको उत्तरी सीमासम्म निर्यात गरिन्थ्यो। अझ महत्वपूर्ण कुरा त, रेशम मार्ग खुल्न थाल्यो जसले गर्दा भूमध्यसागर क्षेत्रमा उत्पादन भएका वस्तुलाई सिरियाको एन्टिओख, मेसोपोटामिया वारपार, जाग्रोस हिमश्रृङ्खला हुँदै पूर्व एक्बाटाना (आधुनिक इरान) र मर्भ (तुर्कमिनिस्थान) र त्यसपछि अफगानिस्तान, मङ्गोलिया र चीनसम्म पुऱ्याउन थालियो। अनि, अवश्य नै, एशियाली उत्पादनहरू पनि पश्चिमतिर आउन थाले । चीनले व्यापार गर्न थाल्यो, समुद्र र जमिन दुवैबाट जाभा, सुमात्रा, भियतनाम, दक्षिण एशियासँग र लाल सागरमा पनि। मध्यवर्ती देश हुन पायक पर्ने आफ्नो भौगोलिक अवस्थितिको लाभ लिँदै भारत र श्रीलङ्काले चिनियाँ सामानको व्यापार रोममा गर्ने र रोमबाट सुगन्धित धूपजस्ता विलासिताका वस्तुहरूलाई चीन लैजाने काम गर्दथे ।

## मध्यकालीन व्यापार मार्गहरू

यी केही उदाहरणहरूले प्रागैतिहासिक तथा प्राचीन समयमा आश्चर्यजनक रूपमा व्यापारको व्यापकता कस्तो थियो भन्ने देखाउँछन् । समयक्रमसँगै व्यापार झनै फैलियो । उदाहरणका लागि, इस्लामिक विश्व (मुख्यतया उत्तर अफ्रिका, फारसको खाडी, मेसोपोटामिया, र इरान) सन् १००० सम्ममा संसारका सबै ज्ञात क्षेत्रहरूसँग जोडिएको थियो । यसका दलाल (मध्यस्थकर्ता) हरू चीन जस्ता टाढाटाढाका ठाउँहरूमा बसोबास गर्थे । यसका व्यापारीहरूले पश्चिम अफ्रिकी सुनको लागि नुन र कपडा साटासाट गर्थे र भारत र दक्षिणपूर्वी एशियासँग स्थल र समुद्री मार्गद्वारा व्यापार गर्थे । इस्लामिक विश्वले यूरोपलाई खुर्सानी, मसला, लत्ताकपडा र चाँदी पठाउथ्यो भने भारतलाई घोडा र त्यहाँभन्दा पूर्वतिर सुन र मसला पठाउथ्यो । पूर्वी यूरोपले चीनलाई दास, जनावरको रौं-भुत्ला र चाँदी पठाउथ्यो भने मध्यएशियाका व्यापारीहरूबाट चिनियाँ कागज र दक्षीणपूर्वी एशियाबाट अत्तर प्राप्त गर्थ्यो । दक्षिणपूर्वी एशियाले भने पूर्वी एशियालाई श्रीखण्ड र दक्षिण एशियालाई चामल र रत्नहरू बेच्थ्यो । पूर्वी एशियाले भने भूमध्यसागर क्षेत्रलाई चिनियाँ माटोले बनेका सामानहरू, मध्य एशियालाई चिया र दक्षिणपूर्वी एशियालाई तामा बेच्थ्यो । यसरी व्यापार सञ्जाल अपार थियो (फिण्डले र ओ'रोर्क २००७) ।

पश्चिमी यूरोपले शुरुमा नै पैसाको प्रयोगलाई अँगाल्यो जसले गर्दा शुरुमा इटालीको उत्तरपूर्वी तटमा एउटा दलदलको रूपमा रहेको भेनिस शहर तेह्रौं शताब्दीसम्म आइपुग्दा पश्चिमी यूरोप, इस्लामिक विश्व र चीनको बीचमा व्यापार सहजीकरण गरेर निकै धनी बन्न गयो । भेनिस शहरका व्यापारी तथा अन्वेषक मार्को पोलोले सन् १२७१ र १२९५ बीचमा रेशम मार्ग हुँदै एशियाको यात्रा गरे र आफूले भेटेका अद्भुत सँस्कृतिहरूका बारेमा लेखेर प्रसिद्धि कमाए । तिनताका भेनिसले

मसला व्यापारमा एकाधिकार जमाएको थियो, जबकि इटालीको उत्तर पश्चिमी तटमा रहेको जेनोआले भने स्पेन, पोर्चुगल, र फ्रान्ससँगको भौगोलिक निकटताको फाइदा उठाएको थियो ।

## नयाँ विचार, नयाँ संसार

विचार तथा प्रविधिहरूको पनि प्रवाहित भए । झन्झटिलो रोमन अङ्क प्रणालीलाई अरबी अङ्क प्रणालीले प्रतिस्थापन गऱ्यो । व्यापार तथा वाणिज्य लेखाइ र अभिलेखन प्रणालीमा आधारित हुन थाल्यो जसले साक्षरता फैलाउन योगदान पुऱ्यायो । व्यापारको आवश्यकताले विशेषगरी महिलाको साक्षरतालाई प्रवर्द्धन गऱ्यो किनभने व्यापारीहरू समुद्रमा भएको बेला घरमा व्यवसाय चलाइराख्नका लागि परिवारका सदस्य साक्षर हुनुपर्ने आवश्यकता पर्न थाल्यो । साक्षरतासँगै थप स्वतन्त्रता, परम्परागत धारणाहरूलाई चुनौती दिने क्षमता, र विज्ञान तथा कलाहरूमा प्रगति भयो जुन अन्ततः यूरोपेली पुनर्जागरणको अभिन्न हिस्सा बन्न गयो ।

> हरेक समाज र सभ्यताले अन्य समाज र सभ्यताका सँस्कृतिबाट धेरै कुरा उधारो लिएको संसारमा सबैले शून्यबाट नै शुरु गर्न र सबैले आफैं आगो र पाङ्ग्राको आविष्कार गरिराख्न जरुरी छैन ... चिनियाँहरूले कागज र मुद्रणको आविष्कार गरिसकेपछि यूरोपेलीहरूले हातैले शास्त्रहरूको प्रतिलिपि बनाइराख्नुपर्ने थिएन । ब्राजिलबाट ल्याएको बीउहरु रोपेर मले सिया संसारको सबैभन्दा धेरै रबर उत्पादन गर्ने देश बन्न सक्थ्यो ।
>
> – थोमस सोवेल (२००२)

सन् १४९२ मा क्रिष्टोफर कोलम्बसले अमेरिका पत्ता लगाएपछि यूरोपको व्यापारिक सम्बन्ध अझ विस्तार भयो । व्यापारका लागि नयाँ संसार[1] खुला भयो । त्यसको ६ वर्षपछि भास्को डि गामाले केप अफ

१ उत्तर र दक्षिण अमेरिकालगायतका पश्चिमी गोलार्धका स्थानहरूलाई तिनताका नयाँ संसार भनिन्थ्यो ।

गुड होपलाई छलेर भारत जाने समुद्री मार्ग पत्ता लगाएपछि भारतलाई दक्षिणपूर्वी र पूर्वी एशियासँग प्रत्यक्ष व्यापार गर्न मिल्ने भयो जसले मसलाको व्यापारमाथि भेनिस र इस्लामिक विश्वको पकडलाई तोड्यो (यसले गर्दा खुर्सानीको मूल्य करिब ८० प्रतिशतले घटेको थियो) ।

एडम स्मिथ (१७७६) ले पछि यी खोजहरूलाई 'मानवजातिको इतिहासमा अभिलेख गरिएका दुई सबैभन्दा महत्वपूर्ण घटनाहरू' जसले दूरदराजका मानिसहरूलाई 'एकअर्काको चाहना पूर्ति गर्न, एक अर्काको आनन्द/सुख-सुविधा अभिवृद्धि गर्न र एकअर्काको उद्यमलाई प्रोत्साहन गर्न' सक्षम बनाए भनेर वर्णन गरेका थिए । तथापि, यी नयाँ समुद्री मार्गहरूले शक्तिशाली यूरोपेली राष्ट्रहरूलाई अन्य भूमि र मानिसहरूको शोषण गर्ने अवसर बढाइदिएकोमा उनी उत्तिकै निराश पनि थिए ।

# ३ अन्तर्राष्ट्रिय व्यापारको उदय

## वणिकवादी युग

जुनबेला एड्म स्मिथले लेख्दै थिए त्यसबेला विश्व व्यापारसम्बन्धी वणिकवादी सोच हाबी थियो । यस सोचका अनुसार कुनै पनि देशको धन आज हामीले प्रयोग गर्ने जस्तो कुल राष्ट्रिय उत्पादनको मानकले नभई उक्त देशले कत्तिको प्राकृतिक स्रोतहरू, विशेषगरी सुन र चाँदी थुपार्न सक्छ भन्ने मानकले मापन गरिन्थ्यो । तसर्थ, आयातलाई नराम्रो चीजको रूपमा हेरिन्थ्यो किनभने यसले गर्दा सुन र चाँदी देशबाट बाहिरिन्थ्यो । निर्यातलाई राम्रो मानिन्थ्यो किनभने निर्यातले सुन र चाँदी देशमा फिर्ता ल्याउथ्यो । व्यापारलाई ‘शून्य जोड’ को खेलको रूपमा हेरिन्थ्यो अर्थात् विश्वको धनको मात्रा स्थिर छ र कुनै पनि व्यापारबाट बिक्रेता मात्र धनी हुन्छन् खरीदकर्ता हुँदैनन् भन्ने मान्यता राखिन्थ्यो । कुनै पनि देश धनी हुनलाई अर्कोलाई गरिब नबनाई हुँदैन (बटलर २००७) । यस सोचमा आधारित रहेर, नियन्त्रणको बृहत् संरचनाहरू निर्माण गरिएका थिए– आयातमा कर, निर्यातकर्तालाई अनुदान र स्वेदशी उद्योगहरूलाई संरक्षणलगायत ।

सोह्रौं शताब्दीदेखि अठारौँ शताब्दीसम्म वणिकवादी सोचले फ्रान्स, बेलायत, स्पेन, पोर्चुगल र नेदरल्याण्डजस्ता समुद्री राष्ट्रहरूलाई साम्राज्य बनाउन र सुन तथा चाँदी वा सुनचाँदीसँग कारोबार गर्न मिल्ने वस्तुहरूको खोजमा सकेसम्म धेरै भूमि दाबी गर्न र उपनिवेश बनाउन प्रेरित गऱ्यो ।

यसैले गर्दा, स्पेनले मध्य र दक्षिण अमेरिकाको ठूलो भाग उपनिवेश बनायो र पेरूको इन्का सभ्यता, मध्य अमेरिकाका माया र मेक्सिकोका एज्टेकु सभ्यताहरूलाई नष्ट गर्दै तिनीहरूको भूभाग, सुन र चाँदी लुट्यो । पोर्चुगलले ब्राजिल, उप-साहारन अफ्रिका, भारत, चीन र जापानमा उपनिवेश स्थापना गऱ्यो; बेलायत र फ्रान्सले उत्तर अमेरिका र विश्वका धेरै अन्य क्षेत्रहरूमा कब्जा जमाए; नेदरल्याण्ड्सले दक्षिण अफ्रिका र इन्डोनेसियालाई उपनिवेश बनायो । दूरदराजका भूमिहरूको शोषण गर्न र ती भूमिसम्मका आफ्ना व्यापारिक मार्गहरूको रक्षा गर्न यी प्रतिस्पर्धी साम्राज्यहरूबीच तिक्ततापूर्ण प्रतिस्पर्धा र द्वन्द्व चल्यो ।

आफ्ना विविध अधिग्रहणले समृद्ध भएका साम्राज्यहरूले विभिन्न प्रकारका वस्तुहरू यूरोप ल्याए जसमध्ये केही पहिल्यै उपलब्ध तर दुर्लभ र मँहगा थिए भने केहीचाहिँ नयाँ र अनौठा अनि केही वस्तुहरू भने सामान्य किसिमका थिए । उक्त समयमा चिया, कफी, चिनी, रम, मसला, सुर्ती, आलु, चामल, कपास, सूतीको कपडा, रेशम, जनावरका रौं तथा भुत्ला, चिनियाँ माटोका सामान, काम र फलामलगायतका सामानहरू यूरोप ल्याइए (हार्ट्ले २००८) ।

समुद्री विस्तारले टाढाटाढाका देशहरूका इच्छुक सहभागीहरूबीच पारस्परिक रूपमा लाभदायक व्यापार गर्न सम्भव बनायो तर साथमा यूरोपका साम्राज्य तथा औपनिवेशिक शक्तिहरूलाई विश्वभरिका स्रोत तथा मानिसहरूको शोषण गर्ने शक्ति पनि प्रदान गऱ्यो । त्यसबेला जसलाई ‘स्वतन्त्र व्यापार’ भनियो त्यो वास्तवमा बन्दुकको आडमा गरिएको थियो । त्यसैले, नामले व्यापारिक संस्था भए तापनि बेलायतको इस्ट इण्डिया कम्पनीलाई प्रतिस्पर्धी व्यापारीहरूसँग लड्न सैन्य बल प्रयोग गर्न शाही अधिकार दिइएको थियो । सन् १७५७ मा यसले तत्कालीन मुगल राज्य बङ्गाललाई पूर्ण रूपमा कब्जा गरेको थियो जुन उसले भविष्यमा गर्ने अन्य

थुप्रै करबलका विलयहरूको श्रृङ्खलामा शुरूवाती कडी थियो । बङ्गाललाई कब्जा गरेपछि इस्ट इण्डिया कम्पनीले कर तथा भन्सार महसुल लगाएको थियो जुन उसले भारतीय सामानहरू किनेर बेलायतमा निर्यात गर्नका लागि प्रयोग गर्दथ्यो । वास्तविक स्वतन्त्र व्यापार र यसका फाइदाहरूका सबैभन्दा कट्टर समर्थक एड्म स्मिथले यूरोपेलीहरूले गरेको यस किसिमको शोषण र 'दूरदराजका ती देशहरूमा दण्डहीनताका साथ हरेक प्रकारका अन्यायहरू गर्न' का लागि आफ्नो उच्च शक्ति प्रयोगलाई कडा निन्दा गरेका थिए (स्मिथ १७७६) ।

तसर्थ, अन्ततः उपनिवेशवादलाई प्रवर्द्धन गरेको साम्राज्यवादलाई वणिकवादले बढावा दिएको थियो, स्वतन्त्र व्यापारले होइन । अनि उपनिवेशवादले स्वतन्त्र व्यापारको अर्को विकृति अर्थात् दासप्रथालाई प्रवर्द्धन गऱ्यो । तसर्थ, पश्चिम अफ्रिकामा पोर्चुगालीहरूको स्वामित्वबाट अफ्रिकी मानिसहरू यूरोपमा घरेलु श्रमिकका रूपमा र पोर्चुगाली नियन्त्रणमा रहेका माडिएरा र केप भेर्दे भन्ने स्थानमा भएका उखु बगानहरूमा दासका रूपमा बेचिए । बेलायती दास व्यापारीहरू 'त्रिकोणात्मक व्यापार' मा संलग्न हुने गर्दथे । उनीहरू उत्पादित वस्तुहरू लिएर अफ्रिका जान्थे र ती वस्तुलाई दासहरूसँग साट्थे । त्यसपछि उनीहरूले ती दासहरूलाई क्यारिबियनमा भएका औपनिवेशिक बगानहरूमा श्रम गर्नका लागि लैजान्थे र उक्त बगानहरूबाट उत्पादित चिनी तथा सुर्तीलाई बेलायतमा लगेर बेच्थे । स्मिथले यूरोपेली 'दुष्टहरू' द्वारा 'वीरहरूको राष्ट्रहरू' माथि यस्तो 'दुःखद' अधीनताको 'क्रूरता र नीचता' को पनि निन्दा गरेका थिए (स्मिथ १७५९, १७६३, १७७६) । उनी र उनका धेरैजसो समकालीनहरूका लागि र आज हाम्रा लागि पनि, यो प्रथा नैतिक रूपमा घृणित मात्र नभएर स्वतन्त्र व्यापारको अवधारणाको विकृत रूप पनि थियो ।

## स्वतन्त्र व्यापारतर्फको लर्खराउदो यात्रा

आफ्नो पुस्तक द वेल्थ अफ नेसन्स् मा वणिकवादको विरोध गर्नुको अलावा एड्म स्मिथले असल व्यापार स्वतन्त्र हुनुपर्ने अर्थात् कसैले कसै माथि थोपर्न नहुने जिकिर गरेका छन् (स्मिथ १७७६) । वणिकवादबाट प्रेरित भएर खडा गरिएका नियन्त्रणको बृहत् संरचनाहरू (र ती संरचनाले सिर्जित गरेका साम्राज्यवादी तथा उपनिवेशवादी दुष्टताहरू) गलत थिए । यदि कुनै विनिमय साँच्चै स्वेच्छाले हुने हो भने त्यसले दुवै पक्षलाई फाइदा पुऱ्याउनुपर्छ नत्र आफूलाई हानि हुने देखेमा कुनै पनि पक्ष विनिमयमा सहभागी हुँदैन भन्ने तर्क गरे । बिक्रेताहरू कारोबारबाट प्राप्त हुने नगदबाट लाभान्वित हुन्छन् भने क्रेताहरू आफूले चाहेको वस्तु पाएर । हाम्रो लागि आयात निर्यातजत्तिकै मूल्यवान हुन्छन् । जब हामी व्यापारका लागि सहमत हुन्छौँ, हामीले अर्को पक्षलाई पनि लाभान्वित गरिरहेका हुन्छौँ । धन सीमित वा स्थिर हुँदैन बरु व्यापारबाट सिर्जित हुन्छ । हामीले आफू धनी हुनका लागि ग्राहकलाई गरिब बनाउन जरुरी छैन । हामी आपसीरूपमा स्वतन्त्र व्यापार अर्थात् देशहरूबीचमा सकेसम्म कम बन्देज राखेर वस्तु तथा सेवाहरू व्यापार हुन दिने नीति अँगालेर सँगै धनी हुन सक्छौँ ।

उनले गरेको तर्कको उदाहरण हुने गरी, स्मिथको पुस्तक प्रकाशन भएको केही महिनामा नै, बेलायतको आफ्ना उत्तर अमेरिकी उपनिवेशहरूसँगको सम्बन्धमा ह्रास आयो र खुला सङ्घर्षमा परिणत भयो । वणिकवादी सोचलाई आत्मसाथ गर्दै बेलायतले आफ्ना उपनिवेशहरूको सम्पूर्ण व्यापार आफूसँग मात्र सीमित राख्न खोजेको थियो र उनीहरूलाई अरूसँग व्यापार गर्न प्रतिबन्ध लगाएको थियो । यसबाट असन्तुष्ट उपनिवेशहरूमाथि जब बेलायतले नयाँ कर थोपर्न खोज्यो उनीहरूका लागि त्यो नै बेलायतको अन्तिम धृष्टता बन्न गयो र उनीहरूले

बेलायतविरुद्ध हतियार उठाएर विद्रोह गरे र आफूलाई स्वतन्त्र राष्ट्र बनाए ।

तर त्यसपछि पनि यी नयाँ राष्ट्रहरूमा समेत वणिकवादी सोचहरू हाबी नै रहे । संयुक्त राज्यको नयाँ संविधानअन्तर्गत पारित हुने पहिलो प्रमुख कानून १७८९ को भन्सार महसुलसम्बन्धी कानून थियो । राजस्व बढाउने र सस्ता यूरोपेली आयातहरूबाट अमेरिकी उत्पादन क्षेत्रलाई संरक्षण गर्ने उद्देश्य राखिएको उक्त कानूनले इस्पात, जहाज तथा लत्ताकपडालगायतका आयातित वस्तुहरूमा ५० प्रतिशतसम्मको भन्सार शुल्क लगायो । यूरोपेली राष्ट्रहरूले यसको प्रतिशोधमा अमेरिकी चामल, सुर्ती र कपासको निर्यातमाथि उच्च भन्सार महसुल लगाउने हुन् कि भन्ने भयले थोमस जेफरसनले उक्त उच्च भन्सार महसुलको विरोध गरेका थिए । तथापि, पछि आफैं राष्ट्रपति हुँदा भने उनले सन् १८०७ मा नेपोलियनविरुद्धको बेलायतको युद्धबाट सिर्जित व्यापारिक अवरोधहरूको दबाबमा अमेरिकी निर्यातमाथि प्रतिबन्ध लगाए । त्यसपछि बेलायतसँगको कुनै पनि किसिमको व्यापारमाथि पूर्ण बन्देज लगाए । यो कदम निकै महँगो र घातक साबित भयो र अन्ततः तनावको चरमोत्कर्ष बेलायत र संयुक्त राज्य अमेरिकाबीचको युद्धमा परिणत भयो ।

## अलबिदा अन्नसम्बन्धी कानून

बेलायतले पनि वणिकवादी संरक्षण नीति अपनायो । अन्ततः शान्ति पुनःस्थापना भएपछि विश्व बजारमा अन्न (गहुँ, जौ, मकै) को मूल्यमा भारी गिरावट आयो । आफ्ना उत्पादकहरूलाई संरक्षण गर्ने उद्देश्यले सस्ता आयातित अन्नहरूलाई भित्रिन नदिन बेलायतले ‘अन्नसम्बन्धी कानून’ (कर्न ल) ल्यायो । यस कानूनले जमिन्दारहरू (जो त्यहाँको संसदमा प्रभावशाली थिए) लाई त फाइदा गऱ्यो तर सामान्य श्रमिकहरूका लागि

भने खाद्यपदार्थको मूल्य एकदमै धेरै हुन गयो । सन् १८१६ मा भएको खराब फसलले गर्दा खाद्यपदार्थको अभाव हुन गयो जसकारण गम्भीर दंगाहरू निम्तिए ।

यस प्रतिबन्धका विरोधीहरूले अन्नसम्बन्धी कानून विरोधी लिग (एन्टि-कर्न ल लिग) गठन गरे । उत्पादक रिचर्ड कब्डेन र स्वतन्त्र व्यापारका एक प्रमुख पैरवीकर्ता जोन ब्राइट (दुवै जना पछि सांसद भए) ले नेतृत्व गरेको यस लिगले उक्त कानून खारेज गरिएमा जमिन्दारहरूले पाइरहेको अन्यायपूर्ण लाभ अन्त्य हुने, ग्रामीण गरिबी उन्मूलन हुने, श्रमिकहरूले अझ नियमित रोजगारी पाउने र व्यापार प्रवर्द्धन हुने र यसले गर्दा राष्ट्रहरूबीचमा शान्ति प्रवर्द्धन हुने तर्क गऱ्यो (बटलर २०१९) ।

> **म स्वतन्त्र व्यापारको सिद्धान्तमा त्यस्तो तत्व देख्छु जसले नैतिक संसारमा त्यस्तै प्रभाव पार्नेछ जुन ब्रह्माण्डमा गुरुत्वाकर्षणको सिद्धान्तले पार्छ-मानिसहरूलाई एकताबद्ध गर्ने, जाति, धर्म, र भाषाका कारण उत्पन्न वैरभावलाई हटाउने, र हामीलाई शाश्वत शान्तिको बन्धनमा बाँध्ने काम गर्नेछ ।**
>
> **- रिचर्ड कोब्डेन (१८४६)**

तथापि, उक्त कानून खारेज हुनलाई थप खराब फसलहरूको आवश्यकता पऱ्यो । सन् १८४५ मा, आयरल्याण्डमा आलुमा लागेको रोगले चरम अभाव तथा भोकमरी निम्त्यायो । आफ्नो कन्जरभेटिभ पार्टी परम्परागत रूपमा जमिन्दारको पक्षमा उभिने गरेको भए तापनि, तत्कालीन प्रधानमन्त्री सर रोबर्ट पीलले उक्त कानून खारेज गर्ने प्रस्ताव गरे । उनका सहकर्मी ड्यूक अफ बेलिङ्गटनले त्यहाँको माथिल्लो सदन हाउस अफ लर्ड्समा यसका लागि सहमति जुटाउने काम गरे भलै त्यो सहमति स्वतन्त्र व्यापारप्रतिको प्रतिवद्धताबाट भन्दा पनि विद्रोहको त्रासले जन्मिएको थियो ।

## थप खुला व्यापारको युग

सन् १८४६ मा अन्नसम्बन्धी कानून खारेज भएपश्चात् अन्नको मूल्यमा तीव्र गतिमा गिरावट आयो । सन् १९०० सम्म आइपुग्दा जुनबेला नयाँ रेलमार्ग र बाष्पशक्तिले चल्ने पानीजहाजहरूबाट अमेरिकाका विशाल घाँसे मैदानहरूमा उब्जाइएका अन्न बेलायत ल्याइन्थ्यो, बेलायतमा अन्नको भाउ पहिलेको भन्दा १० गुणाले कम भइसकेको थियो (ओ'रोर्क १९९९) । आयातित खाद्यपदार्थको वृद्धिले गर्दा बेलायतको कृषि जमिनको मोल घट्न पुग्यो र मूल्यमा करिब ४० प्रतिशतको गिरावट आयो (ओ'रोर्क १९९७) । यसबाट केही धनी जमिन्दारहरूलाई त घाटा भयो तर धेरै कम सम्पन्न बेलायती उपभोक्ताहरूलाई भने फाइदा भयो ।

व्यापारले गर्दा उत्पादन क्षेत्रलाई पनि लाभ भयो । बाष्पशक्तिले चल्ने पानीजहाज तथा रेल यातायातको अलावा टेलिग्राफ (र पछि टेलिफोन) ले पनि यूरोपेली उत्पादकहरूलाई उनीहरूका उपनिवेश तथा पूर्व-उपनिवेशमा भएका आपूर्तिकर्ता र ग्राहकहरूसँग नजिक बनायो । फलफूल, सागसब्जी र अन्य उत्पादनहरूलाई अब लामो दूरीमा छिटो व्यापार गर्न सकिन्थ्यो । व्यापारिक बन्दरगाहहरू उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र एशियामा फैलिए र उदयीमान औपनिवेशिक बजार हरूमा धनार्जन गर्नका लागि लाखौं मानिसहरूले आप्रवासन अँगाल्दा नयाँ व्यापारी वर्गको पनि उदय भयो । (पून र रिग्बी २०१७) ।

व्यापारको केन्द्र यूरोप नै रह्यो । उत्पादनको नेतृत्व यूरोपले गरिरहे को थियो र साथमा उपभोग गर्ने लाखौं उपभोक्ताहरू पनि यूरोपमा नै थिए । तर व्यापारको ध्यान भने पश्चिमतिर सर्‍यो । उदाहरणका लागि बेलायतले अमेरिकी कपास (परम्परागत ऊनभन्दा बलियो धागो/रेसा) आयात गर्ने, उक्त कपासलाई पानी र बाष्पशक्तिले सस्तो धागो तथा लत्ताकपडामा परिणत गर्ने र तयारी कपडालाई विश्वका सबै कुनामा

निर्यात गर्ने गर्न थाल्यो । यो आफैँमा उद्योगका लागि मात्र होइन, वरिपरिका देशका कामकाजी जनताको जीवनका लागि पनि क्रान्ति थियो– यद्यपि यो आंशिकरूपमा अमेरिकाका खेतहरूमा दास श्रमिकहरूको जबरजस्ती श्रमको आधारमा निर्मित थियो ।

## स्वतन्त्र व्यापार नीतिको पतन

यद्यपि, करिब एक शताब्दीसम्म चलेको तुलनात्मक रूपमा स्वतन्त्र व्यापारको युग सन् १९१४ मा यूरोपमा पहिलो विश्वयुद्ध शुरु भएसँगै अन्त्य भयो । उक्त युद्धले नयाँ किसिमको वणिकवाद जन्मायो । यस वणिकवादको उद्देश्य निर्यात प्रवर्द्धन र आयात प्रतिबन्ध गरेर बहुमूल्यवान धातुहरू जम्मा गर्नु थिएन बरु युद्ध गर्नका लागि आवश्यक पर्ने कच्चापदार्थ र उत्पादनहरू जम्मा गर्नु र दुश्मनलाईचाहिँ त्यसो गर्नबाट रोक्नु थियो । यस विचार प्रेरित भएर देशहरूले आफ्नो निर्यातमाथि बन्देज लगाउने र आयात बढाउने र साथै अरू देशहरूलाई आफ्ना दुश्मन देशतर्फ निर्यात गर्नबाट रोक्न नाकाबन्दी लगाउने काम गरे । यसै उद्देश्य प्राप्तिका लागि विभिन्न नयाँ प्रविधिहरू पनि प्रयोग गरिए जस्तैः बारुदी सुरुङ, पनडुब्बी जहाज र हवाई बमबारीसमेत । साथै दुश्मन देशहरूलाई निर्यात गर्ने फर्महरूलाई कालोसूचीमा राख्ने कार्य पनि गरियो (फिण्डले र ओ'रोर्क २००७)।

सन् १९१८ मा युद्ध समाप्त भएपछि पनि वणिकवादी सोच कायम रह्यो । विजयी शक्तिहरू आफ्ना पराजित दुश्मनहरू निर्वाध व्यापारको माध्यमबाट समृद्ध भएको र सम्भवत पुनः युद्धका लागि प्रयोग गर्न सकिने किसिमका वस्तुहरू जम्मा गरेको हेर्न चाहँदैनथे । उनीहरू आफ्नो देशको रोजगारी र उद्योगलाई पनि संरक्षण गर्न चाहन्थे । अनि युद्धको समयमा उनीहरूले विकास गरेको केन्द्रीकृत प्रणालीले उनीहरूलाई हस्तक्षेप गरिराख्न पनि सहज बनायो । तर यसको आर्थिक लागत उच्च थियो ।

निरन्तर वृद्धि भएर सन् १९१३ मा विश्व उत्पादनको १३ प्रतिशत हिस्सा ओगट्न पुगेको अन्तर्राष्ट्रिय व्यापार सन् १९२१ मा आइपुग्दा १० प्रतिशतमा खुम्चिन पुग्यो । सन् १९३५ मा आइपुग्दा यो झनै घटेर केवल ५ प्रतिशतमा सीमित हुनपुग्यो जुन १८४० तिरैको स्तर थियो । सन् १९७० को दशकको मध्यतिर मात्रै व्यापारले विश्व उत्पादनको हिस्सा सन् १९१३ कै स्तरमा पुग्यो ।

अमेरिकामा आर्थिक अवस्था बिग्रिनाले त्यसले थप बन्देजहरूलाई बढावा दियो । सन् १९२८ को अमेरिकी राष्ट्रपतिको चुनावमा हर्बट हुभरले कृषि क्षेत्रका श्रमिकहरूलाई संरक्षण गर्ने बाचा गरेका थिए । सन् १९२९ मा भएको अमेरिकी शेयर बजारको सङ्कटले व्यापारमाथि बन्देज लगाउनुपर्छ भन्ने आवाजहरूलाई झन् बुलन्द बनायो । सन् १९२८ मा, स्मुट-हले भन्सार महसुल ऐन त्यहाँको काँग्रेस (संसद) मा पेश भयो जसले २० हजारभन्दा बढी आयातित वस्तुमा भन्सार लगाउने उद्देश्य लिएको थियो । जब सन् १९३० मा उक्त ऐन संसदबाट पारित भयो, क्यानडाको नेतृत्वमा अमेरिकाका व्यापार साझेदारहरूले पनि आयात नियन्त्रणका उपायहरू अवलम्बन गरेर अमेरिकाको प्रतिकार गरे । यसले आर्थिक मन्दी (जुन अन्ततः महामन्दीमा परिणत भयो) लाई झन् गहिरो बनायो ।

सन् १९३३ सम्म आइपुग्दा अमेरिकी उत्पादन र आय करिब आधामा झरेको थियो । यी प्रभावहरू विश्वव्यापीरूपमा, विशेषगरी यूरोपमा महसुस गरिएका थिए । यसले यूरोपमा सैन्य राष्ट्रवादलाई प्रवर्द्धन गऱ्यो । यूरोपेली राष्ट्रहरू द्वितीय विश्वयुद्धका लागि आफूलाई तयार बनाउँदै गर्दा, स्वतन्त्र व्यापारसम्बन्धी विचार एकादेशका कथाजस्तो लाग्न थाल्यो । स्वतन्त्र व्यापार फर्किन त अन्ततः फर्कियो, तर लामो अवधिपछि र सङ्गठित अन्तर्राष्ट्रिय प्रयासपछि मात्रै ।

## भाग दुई

# व्यापारका सिद्धान्त

# ४ व्यापारको मूल विचार

## विनिमय र मूल्य

स्वैच्छिक विनिमयले भुक्तानी लिने पक्षलाई मात्र नभएर दुवै पक्षलाई फाइदा गर्छ भनेर एड्म स्मिथले गरेको वर्णन वणिकवादका लागि विनाशकारी साबित भयो । तथापि, तिनताका उनको विचार बुझ्न धेरैलाई कठिन भएको थियो । यदि दुई पक्षहरूले उही वस्तु, उही मूल्यमा आदानप्रदान गरिरहेका छन् भने प्राप्त गर्नेलाई पनि फाइदा दिनेलाई पनि फाइदाचाहिँ कसरी हुन्छ ? के यसको अर्थ यसमा ‘कुनै एक पक्षले उक्त वस्तुको सही मूल्य बुझेको छैन तसर्थ उसलाई चाहिँ यो विनिमयबाट घाटा भएको हुनुपर्छ’ भन्ने होइन ?

अहँ ! त्यसो हुनैपर्छ भन्ने छैन । एड्म स्मिथलाई बोध भएझैँ कुनै पनि वस्तुको मूल्य त्यसैमा अन्तर्निहित हुँदैन । बरु त्यस वस्तुलाई हेर्ने व्यक्तिको दिमागमा हुन्छ । मानिसहरूले दुवै पक्षका लागि उक्त वस्तुको मूल्य फरक फरक हुने भएकाले वस्तुको विनिमय गर्ने हो । उदाहरणका लागि एउटा बच्चाले आफूलाई दिक्क लागेको आफ्नो खेलौनासँग आफूलाई मनपरेको साथीको कम मूल्यकै खेलौना भए पनि  खुशीसाथ साटासाट गर्नसक्छ भलै उसले त्यसको सट्टामा पाउने खेलौना कम मूल्यकै किन नहोस् । तर यो साटासाटको कार्य अगाडि बढ्नका लागि उसको साथीलाई भने त्यसको उल्टो लागेको हुनुपर्छ अर्थात् आफूसँग भएको खेलौना कम रमाइलो र साथीले साट्न खोजेको खेलौना चाहिँ बढी रमाइलो । यहाँ रोचक कुरा त के छ भने, यस विनिमयबाट केही नयाँ सिर्जना भएको छैन, कुनै नयाँ

खेलौना बनेको पनि छैन तथापि यहाँ दुवै पक्ष लाभान्वित भएका छन् । समग्र मूल्य अभिवृद्धि भएको छ (बट्लर २०११) ।

यही कुरा पैसाका लागि वस्तु वा सेवाको व्यापार गर्दा पनि सत्य सिद्ध हुन्छ । स्मिथको चिसो मातृभूमिमा आजको दिनमा बसोबास गर्ने उपभोक्ताहरूले खुशीसाथ घमाइलो कोलम्बियाका किसानहरूले उब्जाएको केरा किन्छन् किनभने उनीहरूका लागि केरा त्यसका लागि तिरिने पैसाभन्दा बढी मूल्यवान हो । कोलम्बियाका किसानहरूका लागि भने त्यसको उल्टो अर्थात् केराभन्दा त्यसबापत आउने पैसा बढी मूल्यवान हो । यसो किन हो भने, कोलम्बियाको उष्ण जलवायु र आफ्नो विशेष कृषि ज्ञानका कारण उनीहरूले आफू र आफ्नो परिवारले खान सक्नेभन्दा धेरै केरा सस्तो लागतमा उत्पादन गर्नसक्छन् । त्यसपछि, उनीहरू आफूलाई बढी भएको उत्पादन केरा उत्पादन गर्न नसक्ने मानिसहरूलाई सजिलै बेच्न सक्छन् र त्यसबाट आएको पैसाले आफ्ना लागि बढी मूल्यवान चीजहरू किन्न सक्छन् ।

## विशिष्टीकरण

यस बुँदाले हामीलाई स्मिथको अर्को विचारतर्फ डोऱ्याउँछ । त्यो के भने, विशिष्टीकरण (जसलाई उनले श्रम विभाजन पनि भनेका छन्) को माध्यमबाट मानिसहरूले आफूलाई आवश्यक पर्नेभन्दा धेरै बढी उत्पादन गर्नसक्छन् । विशिष्टीकरणले उनीहरूलाई अतिरिक्त उत्पादन भण्डारण गर्न सक्षम बनाउँछ जसलाई उनीहरूले विनिमय गर्नसक्छन् ।

श्रमको विभाजनको बारेमा स्मिथले दिएको प्रसिद्ध उदाहरण एउटा पिन कारखानाको हो । हामीमध्ये अधिकतरलाई पगालिएको फलाम दिइयो भने दिनभरि लगाएर एउटा पिन बनाउन हम्मेहम्मे पर्नसक्छ । तथापि, स्मिथले भ्रमण गरेको पिन कारखानामा १० जना व्यक्तिहरू मिलेर दिनभरि

मा ४८ हजार वटासम्म पिन बनाइराखेका थिए । यसो गर्नका लागि ती व्यक्तिहरूले पिनको निर्माण प्रक्रियाको विभिन्न हिस्सा वा चरणमा विभाजन गरी सीप र औजार दुवै हिसाबमा विशिष्टीकरण हासिल गरेका थिए (बट्लर २०११) । "एउटाले तार तान्छ, अर्कोले सीधा बनाउँछ, तेस्रोले काट्छ, चौथोले तिखार्छ, पाँचौँले टुप्पोमा टाउको बस्ने गरी पिस्छ," उनले भनेका छन् । समग्रमा करिब १८ वटा विभिन्न विशिष्टीकृत कदमहरू चाल्नुपर्ने हुँदो रहेछ (स्मिथ १७७६) ।

व्यापार अस्तित्वमा रहनुको एउटा मुख्य कारण नै विशिष्टीकरण हो जसले मानिसहरूलाई आफूलाई आवश्यक पर्नेभन्दा बढी उत्पादन गर्न र आफूलाई बढी भएको जति किनबेच गर्न मद्दत गर्दछ । विनिमय गर्न सम्भव छ भन्ने तथ्यले पनि मानिसहरूलाई विशिष्टीकरण गर्न प्रोत्साहित गर्दछ किनभने यसले मानिसहरूलाई आफूलाई बढी भएको चीजबाट लाभ लिन सकिने संयन्त्र प्रदान गर्दछ । सामान्य अर्थमा भन्नुपर्दा, आफूले सस्तो मा, सजिलै र राम्रोसँग उत्पादन गर्नसक्ने चीज उत्पादन गरेर र आफूसँग बढी भएको मात्रा व्यापार गरेर लाभ लिन सकिन्छ ।

## तुलनात्मक लाभ

स्मिथले औँल्याएजस्तै, कुनै पनि घरधुरीले आफूले राम्रो र सस्तोसँग बनाउन सक्ने चीज बनाएर अनि बढी भएको उत्पादन अरूलाई बेचेर उनीहरूले विशिष्टीकरण हासिल गरेको उत्पादन किन्नुको सट्टा आफूलाई चाहिने खानेकुरा, जुत्ता, लुगा जस्ता सम्पूर्ण चीज आफैं बनाएर पूर्ण आत्मनिर्भर बन्न खोज्नुको कुनै तुक छैन । र यो कुरा व्यक्तिगत घरधुरीको हकमा मात्र नभएर सिङ्गो राष्ट्रको हकमा पनि लागू हुन्छ (स्मिथ १७७६) । अङ्गुरको मदिरा फ्रान्समा अत्यन्त कम लागतमा बनाउन सकिन्छ भने चिसो स्कटल्याण्ड किन अङ्गुर उमार्न र त्यसबाट मदिरा उत्पादन गर्न

खोज्नु ?

त्यसैगरी, बेलायतमा नै केरा उत्पादन गर्न अवश्य नै सम्भव छ तर यसका लागि बेलायती कृषकले भीमकाय र महँगा शीशाघरहरू बनाउनु र तिनमा अतिशय ऊर्जा खपत गर्ने हिटरहरू जडान गर्नुपर्ने हुन्छ। तसर्थ, बेलायतका लागि कोलम्बियाबाट त्यहाँ सजिलै, प्रचुर मात्रामा र सस्तोमा उमार्न सकिने केराहरू किन्नु धेरै नै सस्तो पर्छ। केरा उमार्ने सन्दर्भमा बेलायतको तुलनामा कोलम्बियालाई निरपेक्ष लाभ छ। तर, औद्योगिक अर्थतन्त्र भएका कारण, औषधि र मेसिनरी बनाउनेमा बेलायतको कौशल बढी छ, जसलाई उसले कोलम्बियामा निर्यात गर्छ। यसरी दुवै देशले यस आदानप्रदानबाट लाभ उठाउँछन्।

> **यदि कुनै अर्को देशले हामीलाई कुनै वस्तु हामी आफैंले बनाउन सक्ने भन्दा सस्तोमा आपूर्ति गर्नसक्छ भने, हामीलाई केही लाभ भएको उद्योगबाट हामीले उत्पादन गरेका वस्तु दिएर ती उत्पादनहरू किन्नु राम्रो हुन्छ।**
>
> **– एड्म स्मिथ (१७७६)**

यस विचारलाई अर्का बेलायती अर्थशास्त्री डेभिड रिकार्डो (१८१७) ले थप परिष्कृत बनाए। तुलनात्मक लाभको अवधारणा प्रतिपादन गरेर उनले कुनै देश अरू देशहरूभन्दा हरेक कुरामा राम्रो भए तापनि उसले व्यापार गर्दा उसलाई लाभ हुने कुरा देखाइदिए। कुनै पनि देशले आफ्ना व्यापारिक साझेदारहरूको तुलनामा आफूले एकदमै राम्रो गर्नसक्ने क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्छ। उदाहरणका लागि, यदि कोलम्बियाले अरू देशहरूभन्दा सस्तो र राम्रो मेशिनरी बनाउनसक्छ भने पनि, उसले केरा उत्पादनमा केन्द्रित भएर बढी पैसा कमाउने हुनसक्छ किनभने ऊ केरा उत्पादन गर्ने मामिलामा अरू धेरै देशहरूभन्दा धेरै राम्रो छ। र, केरा उत्पादनमा विशेषज्ञता हासिल गरेर, उसले आफूलाई अझ राम्रो बनाउन सक्छ। उसले आफ्नो उत्पादनको दायरा र दक्षता बढाउन सक्छ र मल, कीट

नियन्त्रण, बिरुवा उत्पादन, फसल काट्ने र प्याकिङ गर्ने प्रविधिजस्ता केरा अझै राम्रो र सस्तो बनाउन आवश्यक पर्ने जस्ता कुरामा लगानी गर्न सक्छ ।

यस विचारलाई अझ स्पष्ट पार्न एउटा दैनिक जीवनको उदाहरण हेरौँ । मानौँ, एक चिकित्सक छन् । उनी आफ्नो क्लिनिकमा काम गर्ने रिसेप्सनिस्टभन्दा कम्प्युटर चलाउन, इमेल लेख्न र फोनमा कुरा गर्न पोख्त छन् रे । तर पनि उनले आफ्नो मूल्यवान समय इमेल लेख्नमा वा फोन उठाउनमा खर्च गर्नुभन्दा बिरामीको निदान र उपचारमा खर्चिनु श्रेयस्कर हुन्छ ।

## असमान लाभ र व्यापार

रिकार्डोले विभिन्न देशहरूलाई एउटै उत्पादन बनाउन कति श्रम आवश्यक पर्दछ भन्ने आधारमा विशिष्टीकरण प्रस्ताव गरेका थिए । तथापि, भूमि तथा पूँजीजस्ता अन्य कारकहरू पनि उत्पादनका लागि महत्वपूर्ण हुन्छन् । र यी स्रोतहरू देशहरूबीच समान रूपमा वितरण भएका हुँदैनन् । उदाहरणका लागि, बेलायतसँग कोलम्बियाभन्दा बढी पूँजी र दक्ष श्रमशक्ति छ भने कोलम्बियासँग अदक्ष श्रमशक्ति छ तर फलफूल उमार्नका लागि बढी अनुकूल जलवायु छ ।

यस्तै विचारहरूद्वारा प्रेरित भएर बीसौँ शताब्दीमा दुई स्विडिश अर्थशास्त्रीहरू एली हेक्शर र बर्टिल ओहलिनले विभिन्न देशहरूको उत्पादनका कारकहरू (विभिन्न उत्पादनका लागि आवश्यक पर्ने स्रोतहरू) कति उपलब्ध छन् (फ्याक्टर इण्डाउमेन्ट) भन्ने कुराको आधारमा उत्पादन तथा व्यापारको अन्तर्राष्ट्रिय ढाँचा तथा प्रवृत्ति अनुमान गर्न सकिन्छ भनेर सुझाएका थिए । कुनै देशमा विभिन्न उत्पादनका लागि आवश्यक पर्ने स्रोतहरू प्रचुर मात्रामा र सस्तोमा उपलब्ध छन् कि अपर्याप्त र महँगा

छन् भन्ने कुराले उक्त देशको फ्याक्टर इण्डाउमेन्ट तय गर्दछ (ओहलिन १९३३) ।

हेक्शर-ओहलिनको मूल ढाँचा विभिन्न देशहरूसँग भएको श्रम तथा पूँजीको फरक वितरणमा मात्र केन्द्रित थियो । तर पछि अन्य अर्थशास्त्रीहरूले यसमा स्थान र जलवायुजस्ता अन्य सान्दर्भिक भिन्नताहरूलाई पनि समेटेर यसलाई थप व्यापक बनाए । उदाहरणका लागि, कोलम्बियाजस्तो हराभरा उष्णदेशीय देशले फलफूल उत्पादनमा लाभ पाउन सक्छ ; जबकि आयरल्याण्डको मध्यम, आर्द्र मौसम र हरिया मैदानले गर्दा गाईपालन र मक्खन तथा चीज उत्पादनमा फाइदा हुन्छ । अमेरिकाको प्राविधिक विशेषज्ञताले यसलाई विमान डिजाइन र निर्माणमा फाइदा दिन्छ, जबकि चीनमा सस्तो श्रमको प्रचुर उपलब्धताले यसलाई इलेक्ट्रोनिक उपकरणहरू जोडजाड तथा जडान (एसेम्बल) गर्नमा लाभ दिन्छ । यसरी, व्यापारले विभिन्न देशहरूबीच भएको स्रोतहरूको असमान वितरणको क्षतिपूर्ति गर्ने काम गर्छ ।

## कसले कोसँग व्यापार गर्छ ?

सरसर्ती हेर्दा, भिन्न किसिमका स्रोतहरू विनियोजन भएका देशहरू– गर्मी वा जाडो, दक्ष वा अदक्ष, तटीय वा भूपरिवेष्ठित, उर्वर वा बाँझो देशहरूले एकअर्कासँग व्यापार गर्दा फाइदा हुनुपर्ने हो । तर विशेषज्ञता धेरै हदसम्म समान भएका देशहरूले पनि आपसमा व्यापार गर्दछन् । उदाहरणका लागि संयुक्त राज्य अमेरिका र क्यानडाबीच वा यूरोपेली देशहरूबीच एकआपसमा ठूलो परिमाणमा व्यापार हुने गरेको छ। त्यसैगरी, दक्षिण अमेरिकाका देशहरूबीच र दक्षिण पूर्वी एशियाका देशहरूबीचमा पनि व्यापारको परिमाण बढ्दैछ ।

यसले विश्वव्यापार कति धेरै उन्नत भइसकेको छ र तुलनात्मक

लाभको उपयोग कति व्यापक छ भन्ने इंगित गर्छ । धन, स्थान, वा प्राकृतिक स्रोतहरूको दृष्टिकोणले समान देखिने देशहरूले पनि कुनै विशेष वस्तु आपूर्ति गरी अरूसँग व्यापार गरेर लाभ प्राप्त गर्न सक्छन् । उदाहरणका लागि, श्रीलङ्का भारतबाट मात्र ३५ माइल टाढा छ, तर उसले भारतलाई प्रशोधित मासु, मसला, रबरका टायर, इन्सुलेशन र पञ्जाहरू आपूर्ति गर्छ । अर्कोतर्फ, भारतले श्रीलङ्कालाई खनिज, अन्न, कपास, र मेसिनरी आपूर्ति गर्छ । त्यसैगरी, बेलायतले अन्य यूरोपेली देशहरूबाट खाद्य पदार्थ आयात गर्छ तर ती देशहरूलाई सेवा निर्यात गर्छ । भियतनामले खनिज, कपडा, र प्लाष्टिक छिमेकी कम्बोडियामा निर्यात गर्छ, कम्बोडियाले त्यसको बदलामा भियतनामलाई फलफूल, तरकारी, रबर र काठका सामानहरू आपूर्ति गर्छ । प्रत्येक देशले आफ्नो छिमेकीले भन्दा आफूले केही राम्रो गर्न सक्ने क्षेत्रको लाभ लिन्छन् र व्यापारले तिनीहरूलाई आफ्नो लाभ कायम राख्न र सुधार गर्नतर्फ धकेलिरहन्छ ।

तुलनात्मक लाभ विभिन्न देशहरूबीचको व्यापारमा स्पष्ट देखिन सक्छ। तर यो देशहरूको आन्तरिक व्यापारको विशेषता पनि हो । उदाहरणका लागि, न्यूयोर्कले बाँकी अमेरिकालाई वित्तीय सेवाहरू बेच्दछ, जबकि मिडवेस्टले औद्योगिक उत्पादनहरू र अन्न आपूर्ति गर्दछ, र क्यालिफोर्नियाले फलफूल र वाइन बेच्छ । देशभित्र पनि केही गतिविधिहरूको महत्वपूर्ण केन्द्रहरू हुन्छन्– भारतको हैदराबाद क्यालिफोर्नियाको सिलिकन भ्यालीजस्तै सूचना प्रविधिको प्रमुख केन्द्र हो ।

## गुरुत्वाकर्षण मोडेलको भविष्य

समान देशहरूबीच व्यापार हुनुको कारण शायद उनीहरू भौगोलिक निकटता, भाषागत एकरूपता, विकासको समान चरण, समान किसिमका साँस्कृतिक, कानूनी वा वित्तीय संस्थाहरू हुनसक्छ । वास्तवमा, व्यापारको

गुरुत्वाकर्षण मोडेल (ग्र्याभिटी मोडेल) अनुसार कुनै दुई देशहरूबीचको व्यापारको परिमाण मुख्यतः उनीहरूको भौगालिक निकटता र उनीहरूको अर्थतन्त्रको आकारमा निर्भर हुन्छ ।

यो सिद्धान्त सत्य सिद्ध भएका केही प्रमाण छन् । प्रमाणअनुसार आधुनिक सेवामा आधारित व्यापार (जस्तै बैंकिङ, बीमा तथा परामर्श सेवा) को हकमा पनि यो सिद्धान्त लागू हुन्छ । तर आजको भूमण्डलीकृत विश्वमा यो कायम रहिरहन्छ त भन्ने खुला प्रश्न हामीसामु छ । प्रतिदिन घटिरहेको यातायातको लागत, एकनासको (मानकीकरण) हुँदै गएका भन्सारका कार्यविधिहरू, बन्दोबस्तीको क्षेत्रमा पनि सूचना प्रविधिले ल्याइरहेको थप कुशलता, थप परिष्कृत हुँदै गएको सञ्चारलगायतका अन्य प्रगतिहरूले गर्दा दूरदराजका देशहरूबीचको व्यापार झन्झन् सहज हुँदै गएको छ ।

## ५ व्यापारका फाइदाहरू

तसर्थ, व्यापारले दुवै पक्षलाई लाभ गर्छ अन्यथा व्यापार हुँदैन । अर्थशास्त्रीहरूले व्यापारबाट हुने स्थिर लाभ भन्ने गरेको व्यापारबाट हुने स्पष्ट लाभहरू स्वैच्छिक विनिमयबाट प्राप्त हुने समग्र मूल्य अभिवृद्धि, सार्वजनिक कल्याणको अभिवृद्धि (विशेषगरी उपभोक्ताहरूको) र आर्थिक वृद्धिमा पुग्ने टेवा हुन् । तर व्यापारले वृद्धि र आर्थिक विकासको गतिलाई तीव्र बनाउने घटनाहरूको पनि अभ्युदय गराउँछ जसलाई व्यापारबाट हुने गतिशील लाभ भनिन्छ । त्यसबाहेक, व्यापारबाट गैरआर्थिक, अभौतिक लाभहरू पनि प्राप्त हुन्छन् ।

### व्यापारबाट हुने स्थिर लाभ

**थप आय ।** व्यापारले राष्ट्रिय आय बढाउँछ । उन्नाइसौँ शताब्दीको अन्त्यतिर बेलायतमा भएको आर्थिक उछालको एउटा मुख्य कारक व्यापारमा हाबी रहेका वणिकवादी अवरोधहरू हट्नु थियो (केइन १९८२) । त्यसैगरी, दोस्रो विश्वयुद्धपछि व्यापारलाई प्रोत्साहन गर्न गरिएका प्रयासहरूले बीसौँ शताब्दीको अन्त्यतिर पश्चिमी राष्ट्रहरूको आम्दानी बढाए (टेर्बोर्ग २००३) । हालसालै, १९८० र १९९० का दशकहरूमा विश्वव्यापी व्यापार सञ्जालहरूमा दक्षिण एशिया तथा चीन/दक्षिणपूर्वी एशियाको प्रवेशले 'एशियाली चमत्कार' को सुरुवात गर्‍यो, जसले झन्डै एक अर्ब मानिसहरूलाई चरम गरिबीबाट बाहिर निकाल्यो (विश्व बैंक २०१६) ।

अनुसन्धानले इंगित गरेअनुसार व्यापारमा हुने प्रत्येक १ प्रतिशत वृद्धि बराबर उक्त देशका जनताको आयमा करिब २ प्रतिशतले वृद्धि

हुन्छ (फ्र्यान्कल र रोमर १९९९) । व्यापारले थोरै मात्र प्राकृतिक स्रोत भएका देशहरूसमेतलाई धनी बनाएको छ । उदाहरणका लागि, हाल प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेका हङ्कङ्ग र सिङ्गापुर दोस्रो विश्वयुद्धको अन्त्यमा तुलनात्मकरूपमा गरिब थिए तर हाल संसारका सबैभन्दा धनी स्थानहरूमध्येमा पर्छन् । यसको विपरीत, प्रचुर मात्रामा प्राकृतिक स्रोत भएका तर व्यापारबाट आफूलाई अछुतो राखेका उत्तर कोरियाजस्ता देशहरू भने विश्वको समृद्धिको तालिकामा पुछारतिर पर्छन् ।

**छनोट, गुणस्तर, मूल्य तथा कल्याण ।** व्यापारले थप आय ल्याउने मात्रै होइन । यसले जीवनस्तर पनि सुधार्छ । प्रष्टै छ, धनी देशहरूले शिक्षा, स्वास्थ्य सेवा तथा सफा वातावरणका लागि धेरै खर्च गर्न सक्छन् । तर यी र अन्य जीवनस्तर सुधारका अन्य कार्यहरू विदेशबाट प्रवर्तन भएर आउने नयाँ विचार, अभ्यास तथा प्रक्रियाहरूले गर्दा पनि प्रवर्द्धित हुन्छन् ।

व्यापारले उपभोक्ताहरूलाई विश्वभरिका थरिथरिका उत्पादनमा पहुँच दिन्छ जसले गर्दा उनीहरूलाई उपलब्ध छनोट, गुणस्तर तथा मूल्यको मात्रा वृद्धि हुन्छ । उनीहरू स्थानीय उत्पादनमा मात्र सीमित हुनु पर्दैन । उनीहरूले अन्य भूमि तथा सँस्कृतिहरूबाट आएका विभिन्न किसिमका लत्ताकपडा, जुत्ता वा खानेकुरा तथा परिकार वा विद्युतीय उपकरण वा गाडी वा घरायसी वस्तुहरू र बैंकिङ वा शिक्षा वा मर्मतसम्भारजस्ता सेवाहरूलगायतका उत्पादनहरूको मजा लिनसक्छन् । उत्पादकहरूले पनि विश्वका उत्कृष्ट उत्पादन, उपकरणहरू ल्याएर आफ्नो उत्पादकत्व बढाउन सक्छन् ।

**उदार मूल्य मान्यताहरू ।** व्यापार वृद्धि र बढ्दो समृद्धिसँग जोडिएको छ भन्नुको अर्थ व्यापार यस्तो समृद्धिको कारक नै हो भनेर भन्न सकिँदैन तर व्यापारले टेवा भने अवश्य नै पुऱ्याउँछ । अरूको अधिकार

को सम्मान, सहिष्णुता, शान्ति, विधिको शासन, स्वतन्त्र अर्थतन्त्र र स्वतन्त्र समाजजस्ता उदार मूल्यमान्यतालगायतका व्यापारलाई टेवा दिने मनोवृत्ति तथा दृष्टिकोण शायद यसका प्रमुख प्रेरकहरू हुन् (बट्लर २०१३)। ऐतिहासिक रूपमा, जहाँ यी मूल्यमान्यताहरू वर्चस्व रहेको छ र जहाँ ती मूल्यमान्यताहरूलाई संरक्षण गर्ने संस्थाहरू (जस्तै जनप्रतिनिधिमूलक लोकतन्त्र तथा निष्पक्ष न्याय प्रणाली) सुव्यवस्थित राखिएका छन् ती समाजहरू नै द्रुततर गतिमा अगाडि बढेका छन् ।

## व्यापारबाट हुने गतिशील लाभ

**विशिष्टीकरण र उत्पादकत्व ।** अध्याय ४ मा उल्लेख गरिएजस्तै, व्यापारको आधारको रूपमा रहेको विशिष्टीकरणले उत्पादकत्वमा उच्चतम अभिवृद्धि गर्छ। विशिष्टीकरणले उत्पादकहरूलाई समान स्रोत (भूमि, श्रम, सामग्री तथा पूँजी) बाट अझ बढी उत्पादन गर्ने दिशातर्फ उन्मुख बनाउँदै स्रोतको परिष्कृत उपयोगको पनि प्रवर्द्धन गर्दछ। उदाहरणका लागि, यसले उनीहरूलाई ठूलो परिमाणमा उत्पादन गर्दा आउने मितव्ययिता (जस्तै अझ ठूला र चुस्त कारखानाहरू), ठूलो दायराले ल्याउने मितव्ययिता (जस्तै सुपरमार्केटहरूले सबै किसिमका सामान एकै छानामुनि बेच्नु), र सबै जना एकै ठाउँमा अवस्थित हुँदा प्राप्त हुने मितव्ययिता (जस्तै सिलिकन भ्यालीमा सूचना प्रविधिजनित सबै कम्पनीहरू एकै ठाउँमा जम्मा हुनु) जस्ता मितव्ययिताहरूको खोजी गर्न प्रेरित गर्छ । यसबाहेक, व्यापारले ल्याउने बृहत्तर बजारले देशका स्रोतहरूको अझ परिष्कृत उपयोगलाई प्रवर्द्धन गर्दछ । उदाहरणका लागि, व्यापारमा असंलग्न कुनै देशसँग विशाल मात्रामा बाँझो जमिन हुनसक्ला । व्यापार गर्न थालेपछि उक्त जमिनलाई निर्यातमूलक बाली लगाउन प्रयोग गर्न सकिन्छ जसले विदेशी उपभोक्ताहरूलाई फाइदा हुनेछ भने स्वदेशी उपभोक्ताहरूका लागि पनि नगद ल्याउनेछ ।

**स्रोतहरूको प्रतिस्थापन ।** विशिष्टीकरण तथा व्यापार अत्यन्त फाइदाजनक हुने हुँदा यिनीहरूले मानिसहरूलाई न्यून आयमूलक रोजगारी छोडेर उनीहरूको तुलनात्मक लाभ भएका अधिक उत्पादक उद्योगहरूतर्फ जान प्रोत्साहित गर्छन् । उदाहरणका लागि, कुनै बेला ग्रीक टापुहरूको ढुङ्गाले भरिएका, टन्टलापुर घामले पोलिएका पहाडहरूमा ससाना खेतमा कडा शारीरिक श्रम गर्ने श्रमिकहरू अहिले खेतीका लागि तिनै अयोग्य स्थानहरूको भूदृश्यले लोभिएर आएका पर्यटकहरूलाई सेवा दिन खोलिएका होटल, रेष्टुराँ र पसलहरूमा काम गर्छन् । पर्यटन क्षेत्रमा उनीहरूको कमाइ पहिलेभन्दा बढी हुन्छ र उनीहरू खानेकुरा अन्य समुदाय र देशका कुशल कृषकहरूबाट खरीद गर्छन् ।

**पूर्वाधार तथा लगानी ।** वस्तुहरूलाई तिनका उपभोक्तासम्म पुऱ्याउन आवश्यक पर्ने पूर्वाधार तथा लगानी (जस्तै बन्दरगाह, विमानस्थल, सडक, सुरुङ, पुल र साथै सम्पर्कसञ्जाल, लेखाप्रणाली, वित्तीय औजार तथा कानूनी व्यवस्थासमेत) अवश्य नै अन्य व्यापारीहरूले पनि प्रयोग गर्नसक्छन् जसले उनीहरूको लागत घटाउँछ र उनीहरूलाई नयाँ बजारहरूसम्म पुग्न सक्षम बनाउँछ । यो लाभ गतिशील किसिमको हुन्छ किनभने पूर्वाधार र लगानीले भविष्यमा आउने व्यवसायहरूलाई (जसले व्यापार गर्ने उत्पादन हाम्रो कल्पनाभन्दा पर हुनसक्छ) पनि समान फाइदा पुऱ्याउनेछन् ।

**प्रतिस्पर्धा, नवप्रवर्तन र प्रगति ।** अन्तर्राष्ट्रिय व्यापारले बजारमा उत्पादन आपूर्ति गर्ने व्यक्ति तथा प्रतिभाहरूको सङ्ख्या व्यापक मात्रामा वृद्धि गर्छ । यसले बजारमा प्रतिस्पर्धा बढाउँछ र स्वदेशी उत्पादकहरूलाई आफ्ना गतिविधिहरू थप लागतप्रभावी बनाउन बाध्य पार्छ । यसो नगरेमा उनीहरू बाह्य प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धा गर्न नसकी आफ्नो व्यवसाय गुमाउने जोखिममा पर्दछन् । उनीहरूले लागत नियन्त्रण र फजुल खर्च

कटौती गर्नुपर्ने हुन्छ । उनीहरू ग्राहकहरूले के चाहन्छन् भन्ने बुझ्न, र ती चाहनाहरू कसरी पूरा गर्न सकिन्छ भन्ने कुरामा सजग रहनुपर्ने हुन्छ, साथै भविष्यका प्रवृत्तिहरूको पनि अनुमान गर्नुपर्ने हुन्छ । उनीहरूले नयाँनयाँ प्रयोग गरिरहनुपर्ने हुन्छ । ग्राहकलाई प्रस्ताव गर्ने सेवा तथा उत्पादन र आफ्ना उत्पादन प्रक्रियाहरूमा सुधार ल्याउन अविरल काम गर्नुपर्ने हुन्छ । र यो नवप्रवर्तन र सुधार गर्ने निरन्तर दबाबले नै प्रगतिलाई प्रेरित गर्छ (रिड्ली २०२०) ।

> स्वतन्त्र व्यापारले परस्पर समृद्धि ल्याउँछ र संरक्षणवादले गरिबी निम्त्याउँछ भन्ने कुरा इतिहासले बारम्बार प्रमाणित गरेको । यस्तो स्पष्ट प्रमाण हुँदाहुँदै पनि कसैले किन उल्टो सोच्छ, बुझिनसक्नु छ । कुनै पनि देशले व्यापारका लागि आफ्नो सिमाना खोल्दा झन् गरिब भएको एउटै पनि उदाहरण छैन...
>
> - म्याट रिड्ली (२०१०)

## अभौतिक लाभहरु

रिचर्ड कोब्डेनले देखाएझैँ, व्यापारका अगाध अभौतिक, गैरआर्थिक लाभहरू हुन्छन् (कोब्डेन १८४६) । व्यापारले आर्थिकरूपमा प्रभाव पारे पनि वा नपारे पनि यसले ल्याउने छनोट, नवप्रवर्तन र प्रगतिले हाम्रो जीवन तथा हाम्रो संसारमा सुधार ल्याउँछन् । व्यापारले गर्दा हामीले अझ राम्रा लुगा, आहारा, स्वास्थ्य सेवा, प्रविधि र अन्य धेरै कुरा प्राप्त गर्नसक्छौं ।

आफैँमा मूल्यवान मात्र नभएर आर्थिक जीवनका लागि पनि अत्यावश्यक रहेको शान्तिलाई पनि व्यापारले प्रवर्द्धन गर्छ किनभने व्यापार गर्नका लागि हामीले आफ्नो देश तथा सँस्कृतिइतरका मानिसहरूसँग व्यवहार गर्नुपर्ने हुन्छ । अनि अरूसँग राम्रोसँग व्यापार गर्नका लागि

हामीले उनीहरूका मूल्यमान्यतालाई बुझ्नु र सम्मान गर्नुपर्ने, वा कम्तीमा सहनुपर्ने हुन्छ । यसले वैरभावलाई घटाउँछ र शान्ति कायम गर्न मद्दत गर्छ ।

व्यापारबाट दुवै पक्ष लाभान्वित हुने भएकाले यसले राष्ट्रहरूलाई आपसी मतभेदको अन्त्य सैनिक मुडेबलले भन्दा पनि शान्तिपूर्ण उपायले गर्न प्रेरित गर्छ । जब हामी आफूलाई अत्यावश्यक पर्ने धेरैजसो सामानका लागि अरूमा निर्भर रहन्छौं, यस्तोमा उनीहरूसँग सहकार्य गर्नु र वस्तुहरूको प्रवाह कायम राख्नु नै श्रेयस्कर हुन्छ । र हामी व्यापारमा जति धेरै तल्लीन हुन्छौं शान्ति कायम राख्नका लागि हामीलाई त्यति नै धेरै उत्प्रेरणा रहन्छ । सैन्य द्वन्द्वबाट व्यापारी राष्ट्रहरूलाई बढी घाटा हुन्छ किनभने यसले आपूर्ति सञ्जाल वा उत्पादन प्रक्रियालाई बिथोल्न सक्छ । व्यापारले द्वन्द्वलाई खुला शत्रुतामा परिणत हुने सम्भावनालाई घटाउँछ । यो कुरा उन्नाइसौं शताब्दीका फ्रान्सेली राजनीतिक अर्थशास्त्री फ्रेडरिक बास्तियातसँग सम्बन्धित एक भनाइबाट झल्किन्छ (यद्यपि यो भनाइ सम्भवतः उनको होइन): "यदि वस्तुहरूले सिमाना पार गरेनन् भने, सेनाहरूले गर्नेछन् ।"

आयातकर्ता र निर्यातकर्ताले विशेषगरी आफ्ना उपभोक्ता र तिनका मूल्यमान्यता तथा संस्थाहरूलाई राम्रोसँग बुझ्नु अपरिहार्य हुन्छ । कतिपय अवस्थामा त उनीहरूले आफ्ना व्यापार साझेदारहरूको सोच बुझ्नका लागि महत्वपूर्ण स्रोत सिद्ध हुने उनीहरूको भाषासमेत सिक्नुपर्ने हुनसक्छ । उपभोक्ताहरूले पनि प्रतिदिन किनेका वस्तुको विविध उत्पत्तिमा ध्यान पुऱ्याउँदै, अन्य राष्ट्रहरूको मूल्य र सँस्कृतिको कदर गर्न सिक्न सक्छन् । आजकलको मनोरञ्जन (जस्तै चलचित्र तथा टेलिभिजन) को प्रकृति हेर्दा व्यापारले हामीलाई अन्य सँस्कृतिहरूसँग र जीवनशैलीहरूसँग कति धेरै परिचित गराइसकेको छ भन्ने कुराको उदाहरण देख्न सकिन्छ ।

## भाग तीन

# व्यापारविषेश शंका

# ६ व्यापारका विजित र पराजितहरू

## आर्थिक परिवर्तनले विजित र पराजितह / जन्माउँछ

करिबकरिब सबै अर्थशास्त्रीहरू नै स्वतन्त्र व्यापारले समग्रमा फाइदा गर्छ भन्ने कुरामा सहमत छन् । तथापि, व्यापारले जित्ने र हार्नेहरू जन्माउने कुरा अवश्यम्भावी नै हो ।

यस कुरामा, व्यापार आर्थिक जीवनका अन्य कुनै पाटोभन्दा फरक छैन । सकारात्मक पक्ष हेर्दा, आर्थिक प्रतिस्पर्धाले नवप्रवर्तन, आविष्कार, र हामीले उत्पादन गर्ने चीजहरूमा र तिनलाई उत्पादन गर्ने तरिकामा सुधारलाई उत्प्रेरित गर्छ, जसले मानवजातिको समग्र कल्याण र समृद्धिमा वृद्धि गर्छ । तर आर्थिक परिवर्तनले केही व्यक्तिहरूको जीवनलाई अवश्यै बिथोलिदिन्छ– विशेषगरी ती व्यक्तिहरूको जसका उद्योगहरूलाई यस परिवर्तनले पुराना वा अनुपयोगी बनाउँछ ।

मोटरगाडीहरूको आविष्कारले घोडाको व्यवसाय चौपट बनायो । पछि गएर हेन्री फोर्डले उत्पादन गर्न नयाँ प्रणाली लागु गर्दा हातले बनाइएका कारहरूको नै व्यवसाय चौपट भयो । डिजिटल क्यामेराहरूको आगमनले रिलवाला क्यामेराहरूलाई धेरै हदसम्म प्रयोगहीन बनाइदियो । पछि स्मार्टफोनमा नै क्यामेरा आउन थालेपछि डिजिटल क्यामेराहरूकै उपयोग धेरै हदसम्म घट्यो । आज थोरै मात्र त्यस्ता व्यक्ति होलान जो घोडामा चढेर यात्रा गर्न, वा रिलवाला क्यामेरा वा अन्य कुनै पुरानो प्रविधि प्रयोग गर्न चाहन्छन् । यी प्रत्येक नयाँ विकासले पुरानो प्रविधिमा काम गर्नेहरूलाई विस्थापन गर्छ ।

प्रविधिमा हुने परिवर्तनले मात्र नभएर उपभोक्ताको रुचिमा आउने परिवर्तनले पनि विजित र पराजितहरू जन्माउँछ। आजकलका मानिसहरूले अनौपचारिक पहिरन लगाउन बढी रुचाउनाले औपचारिक शैलीका जुत्ता उत्पादकहरूलाई नाइकी र रिबोकजस्ता स्पोर्टस् जुत्ता उत्पादकहरूले विस्थापित गर्दैछन् । त्यसैगरी आजकल निकै चलेको 'फास्ट फेशन ' को प्रवृत्तिले गर्दा परम्परागत स्थानीय लुगा पसलहरू जारा, एच एण्ड एम, प्रिमार्क, युनिक्लो र ग्यापजस्ता बहुराष्ट्रिय पहिरन कम्पनीद्वारा विस्थापित भइरहेका छन्। अनि धेरै देशहरूमा, पर्यावरणीय चिन्ताले उपभोक्ताहरूलाई प्लाष्टिक तथा जीवाष्म इन्धनहरूको सट्टा तिनका विकल्पहरू प्रयोग गर्न प्रेरित गरिरहेको छ जसले गर्दा प्लाष्टिक तथा जीवाष्म इन्धनका उत्पादक तथा आपूर्तिकर्ताहरू समस्यामा छन् ।

प्राकृतिक घटनाहरूले पनि उद्योगहरूलाई बिथोल्न सक्छन् । उदाहरणका लागि, कोभिड-१९ महामारीको परिणामस्वरूप धेरै दे शहरूका धेरै रेष्टुराँ, सिनेमा तथा पसलहरू बन्द भए तर टेकअवे, घरमै खाना पुऱ्याइदिने व्यवसाय, डिजिटल मनोरञ्जन कम्पनी र अनलाइन बिक्रेताहरूले भने प्रगतिको छलाङ्ग मारे ।

तसर्थ, परिवर्तनले जित्ने र हार्ने, दुवै जन्माउँछ। यद्यपि, यो जीवनको एउटा अनिवार्य पाटो हो । अनि अर्थतन्त्रलाई नयाँ विचार, नयाँ प्रविधि, नयाँ उत्पादन र नयाँ जीवनशैलीका लागि खुला गराउने परिवर्तनको एउटा उल्लेखनीय सूत्रण व्यापार हो ।

## धनी देशहरूमा विस्थापन

व्यापारले ल्याउने अनवरत परिवर्तनको एउटा प्रमुख उदाहरण उद्योग तथा उत्पादन क्षेत्रका रोजगारीहरू धनी देशहरूबाट कम लागत पर्ने देशहरूमा सर्ने प्रक्रिया हो । यसरी रोजगारीको अवसर अर्कै देशमा

सरेपछि उद्योग तथा उत्पादन क्षेत्रका श्रमिकहरूले आफ्नो रोजगारी गुमाउँछन् र अर्को रोजगारी पनि सहजै पाउँदैनन् । कहिलेकाहीँ कुनै निश्चित उद्योगको बाहुल्यता रहेका सम्पूर्ण क्षेत्रहरू नै जस्तै उत्तरी बेलायत (कोइला, इस्पात) र अमेरिकी मध्यपश्चिम (इस्पात, कार उत्पादन) पूर्णत उद्योगविहीन (डिइण्डस्ट्रियलाइज) बन्न पुग्छन् जसले गर्दा गहन सामाजिक अभाव सिर्जना हुन्छ । अनि जब व्यवसायहरूले आफ्ना विश्वव्यापी सञ्चालनमा बढी जोड दिन्छन् र स्वदेशमा कम लगानी गर्न थाल्छन्, अवसर तथा सामुदायिक सहायता संयन्त्रहरूमा पनि ह्रास आउँछ (होचबर्ग २०२०: अध्याय २) ।

यसले आम्दानीको असमानता ल्याउँछ भन्ने केही प्रमाण छ (पून र रिब्गी २०१७: अध्याय ६) । तर केही मानिसले रोजगारी गुमाउँदै गर्दा, व्यापारले विजेताहरू पनि सिर्जना गर्दछ : यसले उपभोक्ताहरूको छनोटमा अभिवृद्धि गर्छ र उत्पादनहरूलाईसस्तो पनि बनाउँछ । संयुक्त राज्य अमेरिकामा गरिएको एक अध्ययनअनुसार अमेरिकामा आयातमा हुने १ प्रतिशत वृद्धिले मूल्यलाई २.४ प्रतिशतले घटाउँछ (हौसम्यान र लेइबट्याग २००५) । यसरी मूल्य घट्ने वस्तुहरूमा खानेकुरा, लत्ताकपडा र जुत्ताजस्ता अत्यावश्यक वस्तुहरू पनि पर्दछन् जसले विशेषतः गरिब नागरिकहरूलाई मद्दत गर्दछ । यसले आयस्तर असमानतामा हुने वृद्धिको क्षतिपूर्ति गर्नसक्छ ।

अर्को, उद्योग तथा उत्पादन क्षेत्रमा भएका केही रोजगारी गुम्नुको कारण विश्वव्यापी आउटसोर्सिङ र सस्ता आयातहरू भए तापनि त्यसको सम्पूर्ण दोष भने व्यापारलाई दिन मिल्दैन । धनी देशहरूमा उद्योग तथा उत्पादन क्षेत्रमा रोजगारी घटेको कुरा सत्य हो । उदाहरणका लागि अमेरिकामा उद्योग क्षेत्रको रोजगारीको उच्चतम विन्दु सन् १९७९ मा १.९४ करोड श्रमिकहरू उद्योग तथा उत्पादन क्षेत्रमा आबद्ध थिए जुन

आजको दिनमा घटेर १.२५ करोडमा झरेको छ । तर अनुसन्धानले के सुझाउँछ भने यसरी आएको ह्रासमध्ये ८५ प्रतिशत व्यापारले गर्दाभन्दा पनि स्वचालन, सूचना प्रविधि र बन्दोबस्तीजस्ता उत्पादकत्वमा भएका सुधारहरूले गर्दा आएको हो । यी सुधारहरू व्यापारविना पनि स्वाभाविकरूपमा नै हुने थिए (क्लेइन २०१६; देवराज र अन्य २०१७ पनि हेर्नुहोला; हिक्स र देवराज २०१५) ।

धनी देशहरूमा अन्तर्राष्ट्रिय व्यापारले नयाँ अवसरहरू पनि सिर्जना गरेको हुनसक्छ जस्तै उच्च मूल्य वा उन्नत किसिमको उद्योगमा (क्लेइन २०१६) । औद्योगिक क्षेत्रबाट विस्थापित धेरै श्रमिक तथा तिनका परिवारले स्वास्थ्यसेवा, शिक्षा, खुद्रा, सेवा वा सूचनाप्रविधि जस्ता बढी उत्पादक र प्रतिस्पर्धी क्षेत्रहरूमा पनि रोजगारी पाउनेछन् । अमेरिकी औद्योगिक क्षेत्रमा काम गर्ने श्रमिकहरूमध्ये एक तिहाइले रोजगारी गुमाएको पाँच हप्ताभित्र नयाँ रोजगारी पाउने गरेका छन् भने दुई तिहाइले चौध हप्ताभित्र नयाँ रोजगारी पाउने गरेका छन् (संयुक्त राज्य श्रम तथ्याङ्क ब्यूरो २०२०) । र कारखानाहरू ढल्लान र मेसिनहरूमा खिया लाग्ला तर आजको 'मानव आधारित अर्थतन्त्र' मा सबैभन्दा महत्वपूर्ण पूँजी भनेको मानवपूँजी अर्थात् मानिसहरूको क्षमता र अनुभव हो (पिरी २००२) र उनीहरूलाई मिलेर काम गर्न सक्षम बनाउने सञ्जालहरू हुन् (बट्लर २०१८) ।

## श्रम उत्पादकत्व

यी सबका बावजुद, धनी देशका मानिसहरूले प्रायः श्रम सस्तो भएका देशहरूबाट हुने प्रतिस्पर्धालाई अन्यायपूर्ण मान्ने गर्दछन् । उत्पादकहरूले आफ्ना विदेशी प्रतिस्पर्धीहरूले तिर्नेभन्दा आफूले तिर्ने न्यूनतम ज्याला तथा कर कैयौँ गुणा बढी हुनेगरेको गुनासो गर्ने गर्दछन् । श्रमिकहरू पनि उपभोक्ताहरूले स्वदेशी उत्पादनको सट्टा सस्ता विदेशी उत्पादन प्रयोग

गर्नाले आफ्नो रोजगारी गुम्ने हो कि भनेर चिन्ता गर्ने गर्दछन् ।

तर कसैका लागि समस्या निम्त्याउने परिवर्तनहरू कसैका लागि भने वरदान साबित हुन्छन् । विकासशील देशहरूलाई श्रमको लागतमा तुलनात्मक लाभ हुन्छ । ती देशहरूमा कामको स्थानान्तरण अर्थात् आउटसोर्सिङ गर्नाले धनी देशमा भएका उद्योगहरूले आफ्ना उपभोक्ताका लागि उत्पादनको मूल्य घटाउन सक्छन् । यसले उनीहरूलाई आफ्नो ध्यान उच्चस्तरको सीप वा धेरै पूँजीगत उपकरणहरू आवश्यक पर्ने क्षेत्रजस्ता आफ्नो तुलनात्मक लाभको क्षेत्रमा केन्द्रित गर्न पनि प्रेरित गर्दछ ।

उदाहरणका लागि, मेक्सिकोमा अमेरिकामा भन्दा ज्याला निकै कम छ जसले गर्दा धेरै उत्पादनमूलक उद्योगहरू त्यहाँ स्थानान्तरित भएका छन् । तर रोजगारीको वास्तविक सङ्ख्या भने कम हुनसक्छ । अमेरिकी श्रमिकहरूको भन्दा मेक्सिकाली श्रमिकहरूको उत्पादकत्व कम छ किनभने उनीहरूलाई कुशलतापूर्वक काम गर्नका लागि मद्दत पुर्‍याउने पूँजी उनीहरूसँग कम छ । एकै किसिमको काम गर्न पूँजीमा धनी जति अमेरिकी श्रमिक चाहिन्छ त्योभन्दा बढी सङ्ख्यामा पूँजी कम भएका मेक्सिकाली श्रमिकको आवश्यकता पर्दछ । तसर्थ मेक्सिकोमा उत्पादकमूलक उद्योगमा जति नयाँ रोजगारी सिर्जना भए अमेरिकामा त्यति नै सङ्ख्यामा रोजगारी गुम्यो भन्न मिल्दैन ।

## परिवर्तन र भूमण्डलीकरण

साधारणतया, आर्थिक परिवर्तनहरू बिस्तारै हुने गर्छन् । धनी देशहरूसमेतमा मोटरगाडी आएको ५० वर्षपछिसम्म पनि मानिसहरू घोडामा यात्रा गर्ने गर्थे । यी क्रमैसँग हुने परिवर्तनहरूले व्यवसायहरूलाई नयाँ वास्तविकतासँग समायोजित हुने र श्रमिकहरूलाई नयाँ उत्पादक रोजगारी खोज्ने समय दिन्छन् ।

तथापि, व्यापारका आलोचकहरूको एउटा चिन्ता विश्वमा बढ्दो विशिष्टीकरणले व्यक्ति, व्यवसाय, देश तथा सम्पूर्ण विश्वलाई नै आकस्मिक र व्यापक उथलपुथलको जोखिममा पार्छ कि भन्ने हो । जब अत्यावश्यक वस्तुहरू विदेशबाट आउँछन् तिनीहरूको आपूर्ति अवरुद्ध हुनसक्छ भन्ने जोखिम सधैँ रहन्छ, चाहे त्यो दुर्घटनावश होस् वा सुनियोजितरूपमा ।

उदाहरणका लागि, नेपोलियन युद्धहरूले अमेरिकासँगको बेलायतको व्यापारमा अवरोध ल्याए । ती युद्धहरूका कारण फ्रान्सेली उत्पादकहरूले आफूलाई आवश्यक पर्ने क्यारिबियनको कपास आपूर्ति गर्न नसक्दा फ्रान्सका कपडा उद्योग धराशायी भएका थिए (कर्पेक र होडुलक २०१९) । पेट्रोलियम निर्यात गर्ने देशहरूको संगठन (ओपेक) ले सन् १९७३ मा लगाएको तेलको नाकाबन्दीले बेलायत, जापान, अमेरिका, र क्यानडाका ठूला उद्योगहरूलाई गम्भीर क्षति पुऱ्यायो । हालै, कोभिड-१९ महामारीमा, धेरै देशहरूले अस्पतालका कर्मचारीलाई आवश्यक पर्ने व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) आफूले मुख्यतः आयात गर्ने गरेको र तिनका लागि अन्य देशहरूसँग प्रतिस्पर्धा गरिरहेको पाए ।

## प्रतिस्पर्धासँगको सामना

आफ्ना उद्योगहरूलाई वर्षौं वा दशकौंसम्म व्यापार अवरोधहरू खडा गरेर संरक्षण गरेका देशहरूले ती संरक्षणहरू अकस्मात हटाइँदा विशेष आर्थिक उथलपुथलको सामना गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, ती देशहरू 'स्वतन्त्र व्यापार सम्झौता' मा प्रवेश गरे भने उनीहरूले व्यापारमा लगाएका विभिन्न बन्देजहरू हटाउनुपर्ने हुन्छ जसले समग्रमा त लाभ हुन्छ तर निश्चित संरक्षित उद्योगहरू भने प्रतिस्पर्धा गर्न अक्षम हुन सक्छन् । वास्तवमै, अचानक आउने सस्तो विदेशी आयातको बाढीले सम्पूर्ण क्षेत्रहरूलाई विनाशको अवस्थामा पुऱ्याउन सक्छ ।

मानिसहरू स्वतन्त्र व्यापारले विस्थापन गर्न भन्छन् । वास्तविकता के हो भने, व्यापार अवरोधहरू घटाउनुचाहिँ विस्थापनको कारण हो ।

- पि.जे. ओ'राउर्के (२००९)

स्वाभाविकै हो, अन्तर्राष्ट्रिय व्यापारबाट सबैभन्दा खतरा महसुस गर्ने उद्योगहरू तिनै हुन्छन् जसले बजारमा आफ्ना प्रतिस्पर्धीहरूलाई आउन नदिनका लागि सबैभन्दा कडा लबिङ गरेका हुन्छन् । तर उनीहरूले यसरी पाएको विशेषाधिकारको लागत उपभोक्ताले भोग्नुपरेको हुन्छ– सीमित विकल्प, उच्च मूल्य र कमसल गुणस्तरको रूपमा । तर यी उद्योगहरूले कुनै न कुनै विन्दुमा आएर अन्ततोगोत्वा वास्तविकतालाई अँगाल्नै पर्छ ।

दुर्भाग्यवश, यसरी वास्तविकताको आत्मसात् गर्न लामो समय लाग्नसक्छ । यस्तो अवधिभर यस्ता उद्योग, त्यसका श्रमिक र समग्रमा देशले नै घाटा बेहोर्नुपर्छ । भूमण्डलीकरण र व्यापारका अवरोधहरू सकेसम्म छिटो घटाउने विश्व व्यापार सङ्गठनको महत्वाकाङ्क्षाको सबैभन्दा व्यापक आलोचना सम्भवतः यही नै हो । यसै कारणले गर्दा नै भूण्डलीकरणका आलोचकहरूले गरिब देशहरूका उद्योगहरू विश्व बजार मा प्रतिस्पर्धा गर्नसक्ने गरी ठूला र लागतप्रभावी नहुँदासम्म तिनलाई निरन्तर संरक्षणको आवश्यक पर्छ भन्ने तर्क गर्ने गर्छन् । यस तर्कलाई 'शिशु उद्योग' तर्क भन्ने गरिन्छ (अध्याय ९ हेनुहोस्) ।

# ७ भूमण्डलीकरणसम्बन्धी चासोहरू

## गरिब देशहरूमाथि दबाब

भूमण्डलीकरणका सबैभन्दा कडा आलोचकहरूले यसलाई धनी देशहरूले गरिब देशका उत्पादकहरूलाई कमजोर बनाएर गरिब देशहरूको शोषण गर्ने कुटिल रणनीतिको रूपमा हेर्छन् । धनी देशहरूले विश्व व्यापार सङ्गठनमा प्रभुत्व जमाएका छन् र उनीहरूले यसको नियमहरू तय गर्छन् अनि गरिब देशहरूलाई व्यापारका अवरोधहरू हटाउन लगाएर स्वार्थपरायण भएर आफ्ना अवरोधहरूचाहिँ कायम राख्छन् भन्ने उनीहरूको तर्क हुने गर्छ ।

तथापि, धनी राष्ट्रहरूसँग आर्थिक प्रभाव बढी हुने भए तापनि अन्तर्राष्ट्रिय छलफलमा उनीहरूको राजनीतिक प्रभाव पनि उत्तिकै प्रबल हुन्छ भन्नु सधैँ सही हुँदैन । वास्तवमा, भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) का शुरूवाती वर्षहरूमा गरिएको सम्झौताअनुसार औद्योगिक उत्पादन घटाइएको शुल्कले मुख्यतः विकासशील देशहरूलाई फाइदा गरेको थियो जबकि उनीहरूले यसको बदलामा लघुतम सहुलियत दिएका थिए । विश्व व्यापार सङ्गठनका सम्झौताहरू लागू हुनका लागि सबै सदस्यहरूले तिनलाई स्वीकार्नुपर्छ । त्यसैले कुनै देशलाई कुनै सम्झौताप्रति आपत्ति भएमा उक्त प्रस्तावलाई रोक्न सक्छ । अनि हालसम्म विश्वका १६४ राष्ट्रहरू विश्व व्यापार सङ्गठनको सदस्य भएको तथ्यलाई दृष्टिगोचर गर्दा अधिकतर देशहरूले व्यापार सम्झौताहरू समग्रमा लाभकारी भएको मानेको बुझ्न सकिन्छ ।

## सधैं पछाडि ?

यसका बावजुद पनि केही आलोचकहरूको तर्क हुने गर्छ– फाइदाहरू जेसुकै भए तापनि व्यापारले धनी र गरिब राष्ट्रहरूबीचको असमान सम्बन्धमा परिवर्तन ल्याउँदैन । प्रेबिश्च-सिङ्गर मान्यताले सुझाएअनुसार विश्व धनी हुँदै गएपछि खानेकुरा, तेल तथा खनिजजस्ता आधारभूत वस्तुको तुलनामा औद्योगिक उत्पादनहरूको माग छिटो बढ्छ । सामान्य अर्थमा बुझ्दा, जब विश्व धनी हुँदै जान्छ मानिसहरूले विलासिताका वस्तुहरू अधिक खरीद गर्दछन् तर धनाढ्यले पनि निश्चित मात्रामा भन्दा बढी खानेकुरा खान वा इन्धन प्रयोग गर्न त सक्दैनन् । अनि धनी देशहरूले औद्योगिक वस्तु उत्पादन गर्ने र गरिब देशहरूले मुख्यतः आधारभूत वस्तुहरू उत्पादन गर्ने हुनाले गरिब देशहरू सधैं पछाडि पर्छन् ।

यद्यपि, सन् १९६० र १९७० को दशकमा लोकप्रिय रहेको यो विचार हाल मनासिब छैन । वित्तीय सङ्कट, औद्योगिक उत्पादनमा आउने ह्रास र प्राकृतिक प्रकोपको असरले गर्दा प्राथमिक वस्तुहरूको मूल्य अस्थिर हुन्छ तर विश्वव्यापी आर्थिक वृद्धिको समयमा भने तिनीहरूको मूल्य उकालो लाग्छ । उदाहरणका लागि, सन् २००० को दशकको शुरूका वर्षहरूमा चीन र अन्य तीव्र गतिमा उदयीमान बजारहरूको बढ्दो मागका कारण यी वस्तुहरूको मूल्य अतिशय बढेको थियो । अर्कोतर्फ, प्रतिस्पर्धाको दबाबले औद्योगिक उत्पादनहरूको मूल्य भने निरन्तर ओरालो लागेको थियो । विद्युतीय सामान, लत्ताकपडा र जुत्ताचप्पलको मूल्यमा त व्यापक ह्रास आएको छ । यस्ता उत्पादनहरूमध्ये अधिकतरको उत्पादन अहिले गरिब देशहरूमा सरेको छ जसले गर्दा ती देशहरू आधारभूत वस्तुको निर्यातमा निर्भर पनि छैनन् । तथ्यगतरूपमा देशहरू पछाडि पर्ने अवस्था नरहेको र कुनै सुस्पष्ट प्रवृत्ति समेत नदेखिएको स्पष्ट निष्कर्ष निस्किएको छ (द इकोनोमिस्ट २०२०) । विकासशील देशहरूले सधैं पछ्याइरहनुपर्ने

अपरिहार्यता छैन । अझ वास्तविकता त के हो भने, केही विकासशील देशहरूले उल्लेखनीय रूपमा द्रुततर वृद्धि गरेका छन् ।

विकासशील देशहरू पछाडि पर्ने तर्ककै अर्को स्वरूप व्यापारले असमान विनिमयको औपनिवेशिक ढाँचालाई नै थप सुदृढ बनाउँछ भन्ने हो । उदाहरणका लागि, आज पनि, बेलायतको भारत, अष्ट्रेलिया तथा न्यूजिल्याण्ड र अमेरिकासँग, फ्रान्सको पश्चिमी अफ्रिका तथा क्यारिबियनसँग र स्पेनको दक्षिण अमेरिकासँग महत्वपूर्ण व्यापारिक सम्बन्धहरू छन् ।

तर व्यापार विश्वासमा आधारित रहने क्रयविक्रय हो । साझा भाषा र इतिहास भएका मानिसहरूलाई विश्वास गर्न अवश्य नै सरलतम हुन्छ । र पुराना व्यापारिक साझेदारहरूसँग व्यापारलाई निरन्तरता दिनुभन्दा नयाँ व्यापारिक साझेदारसँग सम्बन्ध विकास गर्नु बढी कठिन काम हो । तथापि, विकासशील देशहरूले नयाँ व्यापारिक सञ्जालहरू विकास गर्न र आफ्नो उत्पादनमूलक उद्योगहरू निर्माण गर्न सक्छन् र गरेका पनि छन् । र वास्तवमा, उपसहारा अफ्रिका बाहिरका अधिकतर विकासशील देशहरूको प्राकृतिक स्रोत तथा वस्तुहरूको निर्यातलाई ती देशको औद्योगिक उत्पादनको निर्यातले जितिसकेको छ । जापान, सिङ्गापुर, दक्षिण कोरिया र चीनजस्ता कुनै जमानाका गरिब देशहरू अहिले विश्वकै प्रमुख औद्योगिक उत्पादन निर्यातकर्ता भएका छन् र प्रमुख सेवा निर्यातकर्ता बन्ने क्रममा छन् । केही पूर्व उपनिवेशहरू हाल आएर कुनै जमानाका आफ्ना मालिकहरूभन्दा धनी भएका छन् । तसर्थ, गरिब देशहरू धनी देशहरूभन्दा सधैँ नै पछि परिरहनेछन् भन्ने तर्क गलत देखिन्छ ।

## आयात प्रतिस्थापन

तथापि, यी विचारहरूको अनुसरण गर्दै सन् १९६० र १९७० को

दशकमा धेरै विकासशील देशहरूले 'आयात प्रतिस्थापन' नयाँ नीति अवलम्बन गरे । उनीहरूको उद्देश्य आफ्नो अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै विकासित देशप्रतिको उनीहरूको निर्भरता कम गर्नु थियो । सरकारहरूले इस्पात, कार, घरायसी उपकरण र विद्युतीय उपकरण र हवाइजहाज बनाउने उद्योगलगायतका विभिन्न नयाँ उद्योगहरू लगाए । यी 'शिशु उद्योगहरू' लाई विभिन्न व्यापारिक अवरोधहरू तथा लगानीलाई विदेशिनबाट रोक्नका लागि बनाइएका विदेशी विनिमय नियन्त्रणद्वारा संरक्षण गरिएको थियो ।

यसको नतिजा निकै निराशाजनक आयो । तुलनात्मक लाभ नभएका, बजार र कच्चापदार्थको स्रोतबाट टाढा र कहिल्यै नाफा नकमाउने इस्पात कारखाना जस्ता परियोजनाहरूमाथि प्रतिष्ठाको परियोजना भन्दै पैसा खन्याइयो । त्यस्ता उद्योगहरूले उत्पादन गरेका वस्तुहरू ग्रहण गर्नका लागि स्वदेशी अर्थतन्त्रहरू किञ्चित् विकसित वा पर्याप्त ठूलो आकारका थिएनन् । यसले गर्दा सरकारी वित्तमा दबाब पऱ्यो जसले ती देशलाई ऋण, मुद्रास्फिति, न्यून (प्रायः ऋणात्मक) वृद्धिदरतर्फ धकेल्यो र विश्व निर्यात बजारमा विकासशील देशहरूको हिस्सामा गिरावटसमेत आयो । परिणाम उद्देश्यको ठ्याक्क विपरीत आयो (पून र रिग्बी २०१७ : अध्याय ५) ।

तथापि, केही देशहरूले 'आयात प्रतिस्थापन' को विचारलाई सन् १९८० कै दशकसम्मै अवलम्बन गरे । उदाहरणका लागि, ब्राजिलले आयातमाथि बन्देज लगाएर र विदेशी उत्पादकहरूसँगको संयुक्त उद्यमलाई अवरोध गरेर स्वदेशी कम्प्यूटर हार्डवेयर उत्पादकहरूलाई बढावा दिन खोज्यो । दुर्भाग्यवश, यसले गर्दा ब्राजिलका अन्य व्यवसायहरू प्राविधिकरूपमा मिति गुज्रिसकेका कम्प्यूटर हार्डवेयर विश्व मूल्यभन्दा दोब्बर महँगोमा किन्न बाध्य भए जसले ब्राजिलको समग्र प्रतिस्पर्धात्मकतामा नै असर पुऱ्यायो (ब्रुक १९९०) ।

यसविपरीत, एशियाका विकासशील देशहरूले भने तीव्र गतिमा वृद्धि गरे । उनीहरूले आयात प्रतिस्थापनको रणनीति अपनाएनन् बरु न्यून दक्षता चाहिने किसिमका औद्योगिक उत्पादनमा भएको आफ्नो तुलनात्मक लाभमा खेले वा व्यापारीका रूपमा निर्यात गरेर आम्दानी गरे । परिणामस्वरूप, सिङ्गापुर, हङ्कङ्ग, दक्षिण कोरिया, जापान, ताइवान तथा अन्य देशहरू अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूको तुलनामा छिटो औद्योगिकरण गर्न सफल भए । उनीहरूले प्रेबिश्च-सिङ्गर मान्यताले भन्ने गरेको विकासशील देश सधैँ पछि पर्छन् भन्ने पूर्वानुमानलाई पनि गलत साबित गरिदिए ।  जब सन् १९६० मा दक्षिण कोरियाले करिब सबै भन्सार महशुलहरू हटायो, निर्यात ३० प्रतिशतका दरले र कुल गार्हस्थ उत्पादन १० प्रतिशतका दरले बढ्दै उसको अर्थतन्त्र तीव्र गतिमा बढ्न थाल्यो (क्रुगर २०२०: अध्याय ४) । यस्ता उदाहरणहरूले विकासशील देशहरूलाई आयात प्रतिस्थापनका नीतिहरू त्यागेर व्यापारलाई अँगाल्न प्रेरित गरे ।

## उचित व्यापार (फेयर ट्रेड) अभियान

भूमण्डलीकरणले गर्दा गरिब देशका किसानहरूले विदेशका प्रवीण उत्पादकहरूसँग प्रतिस्पर्धा गर्नुपर्दा उनीहरूको आयस्तरमा गिरावट आउनसक्छ भन्ने सङ्कटाभिमुख चिन्ता व्यापक छ । कफीको मूल्य घट्नाले यो चिन्ता झनै गम्भीर बन्न गएपछि केही धार्मिक र पक्षपोषक समूहहरूले सन् १९९२ मा फेयरट्रेड फाउण्डेसन स्थापना गरे । यस फाउण्डेसनको उद्देश्य धनी देशहरूका उपभोक्ताहरूले कुनै वस्तुका लागि (शुरूमा कफी अनि अन्य उत्पादनहरूका लागि) तिरेको मूल्यको अधिक हिस्सा वास्तविक उत्पादकसम्म पुग्ने प्रत्याभूति गर्दै उपभोक्ताहरूका लागि आकर्षक ब्राण्ड निर्माण गर्ने थियो । फाउण्डेसनले कृषकहरूलाई मूल्यमा हुने उतार चढावबाट बच्न र मेशिनरी तथा पूर्वाधारमा लगानी गर्न पनि सहयोग गर्ने उद्देश्य राखेको थियो । आफ्नो पच्चिसौं वार्षिकोत्सवमा फाउण्डेसनले

आफूले १ अर्ब यूरो बराबरको अधिक मूल्य (‘फेयरट्रेड प्रिमियम’) प्राप्त गरेको अनुमान गरेको थियो जसलाई उपकरण, तालिम, ऋण, शिक्षा, र सामुदायिक परियोजनाहरूमा लगानी गरिएको थियो ।

फाउण्डेसनका उद्देश्यहरू जति नै सराहनीय भए तापनि, केही अर्थशास्त्रीहरूले भने यसले गरिब कृषकहरूको दीर्घकालीन हित प्रवर्द्धन गर्ने कुरामाथि प्रश्न उठाएका छन् (सिड्वेल २००८) । विश्वको कफी बजारको आकार र प्रशोधित कफीमा यूरोपेली राष्ट्रहरूले लगाएको व्यापारिक अवरोधहरूबाट तिनीहरूले कमाउने रकमको तुलनामा २५ वर्षमा १ अर्ब यूरो भनेको तुलनात्मक रूपमा सानो रकम हो । त्यसमाथि, उक्त ‘अधिक शुल्क’ (प्रिमियम) को आम्दानी सीमित कृषकहरूलाई जान्छ, त्यसमा पनि अधिकतर हिस्सा श्रमिकभन्दा पनि जमिन्दारलाई जान्छ र मुख्यत: मेक्सिकोजस्ता तुलनात्मक रूपमा धनी देशहरूलाई जान्छ । यी अनुदानहरूले वास्तवमा इथियोपिया जस्ता झन् गरिब देशहरूका कृषकहरूलाई प्रतिस्पर्धा गर्न झन् कठिन बनाउन सक्छन् । त्यसै गरी, यी अनुदानहरूले कफीको मूल्यमा गिरावट आउनुको अर्थ उत्पादकहरू धेरै भए भन्नेजस्ता बजारले दिन खोजेको सङ्केतलाई ओझेलमा पार्नसक्छ र कृषकहरूलाई नयाँ उत्पादन वा उद्योगतर्फ विविधीकरण र अन्वेषण गर्न प्रेरित गर्नुको साटो कृषकहरूलाई वर्तमानमै झुन्ड्याइराख्न सक्छ । साथै, फाउण्डेसनले गरिब उत्पादकहरूलाई अझ प्रभावकारीरूपमा गर्नसक्ने अन्य नैतिक र असल ब्राण्डहरूलाई छायामा पारेको छ । आलोचकहरूले उचित व्यापार अभियान दीर्घकालीन विकास रणनीतिक अर्थमा व्यवहारिक नभएको र यसको सट्टा धनी देशहरूले गरिब देशहरूबाट हुने कृषिजन्य आयातमाथि थोपरेको भन्सार महसुल हटाएमा त्यसले यत्तिकै वा योभन्दा बढी लाभ ल्याउने निष्कर्ष निकालेका छन् (मोहन २०१०) ।

## गरिब श्रमिकहरूको शोषण

औद्योगिक श्रमिकहरूका हकमा पनि चिन्ता व्याप्त छन् । उदाहरणका लागि, भूमण्डलीकरणका आलोचकहरूले बहुराष्ट्रिय निगमहरूले श्रमिकहरूलाई लामो समयसम्म न्यून ज्याला दिएर र काम गर्ने अवस्था खराब भएका 'स्वेटशप' काम गर्न बाध्य पार्ने तर्क गर्दछन् ।

वास्तविक चित्र भने त्यत्ति स्पष्ट छैन (पून र रिग्बी २०१७) । अवश्य नै, औद्योगिक उत्पादन क्षेत्रका रोजगारीहरू तुलनात्मक रूपमा कम ज्याला, लामो कार्यावधि र काम गर्ने अवस्था खराब हुने देशहरूमा सरेका छन् । तर त्यहाँ कसैलाई पनि गार्मेन्ट कारखाना वा विद्युतीय उपकरण निर्यात गर्ने कारखानामा बलजफ्ती काममा लगाइएको पनि होइन । त्यहाँ काम गर्ने श्रमिक स्वेच्छाले त्यहाँ काम गरेका हुन् किनभने उनीहरूसँग उपलब्ध खानी वा कृषि क्षेत्रमा काम गर्ने विकल्पहरूभन्दा त्यस्ता कारखानाको काम बढी सुरक्षित, सुनिश्चित र आयमूलक हुने खालको छ । उनीहरूको कार्यावधि र पाउने ज्याला सुन्दा विकसित देशका मानिसहरू स्तम्भित होलान् तर यस्ता कारखानामा पाइने ज्याला अन्य उपलब्ध स्थानीय रोजगारीमा भन्दा साधारणतया उच्च, कतिपय अवस्थामा उल्लेखनीयमा मात्रामा उच्च हुने गर्दछ (स्कार्बेक २००६) । अनि अधिक आय बाल श्रम कम प्रयोगमा रूपान्तरित हुन जान्छ (एडमण्डस् र पाभ्स्निक २००४) । कारखानामा हुने आय विशेष गरी किशोरीहरूका लागि लाभदायक हुने गर्दछ किनभने यसले परिवारहरूलाई किशोरीहरूलाई अझ लामो अवधिसम्म विद्यालयमा राख्न र बिहे र बच्चा पाउने उमेरलाई पछाडि धकेल्न मद्दत गर्दछ (हिथ र मोबारक २०१४) ।

भूमण्डलीकरण विश्वभरिका मानिसहरूलाई यसैका विरुद्धमा उभिनलाई पनि एकजुट बनाउन सफल भएको छ । संयुक्त राज्य अमेरिकाका कारखानाका श्रमिकहरूले चीनबाट हुने प्रतिस्पर्धाले गर्दा आफ्नो रोजगारी

जोखिममा परेको पाए । विकासशील राष्ट्रका कृषकहरूले पनि आफ्नो रोजगारी खतरामा परेको पाए ... संयुक्त राज्य अमेरिकाबाट आउने अन्नले गर्दा । यूरोपका श्रमिकहरूले आफूले ठूलो संघर्षले प्राप्त गरेको रोजगारीसम्बन्धी संरक्षणहरूमाथि धावा बोलिएको पाए... वातावरणवादीहरूलाई पनि हाम्रो प्राकृतिक सम्पदा संरक्षार्थ नियमनका लागि उनीहरूले दशकौँदेखि गरिरहेको संघर्षलाई भूमण्डलीकरणले कमजोर बनायो भन्ने लाग्यो ।

-जोसेफ स्टिग्लिज (२००७)

समग्रमा, प्रमाणले देखाएअनुसार व्यापारले गरिब देशहरूमा जीवनस्तर र कार्यस्थलगत मापदण्डहरूमा सुधार ल्याउँछ । प्रत्यक्ष वैदेशिक लगानी उच्च भएका देशहरूमा रोजगारीसम्बद्ध मापदण्डहरूमा पनि सुधार हुँदै गएका छन् (पून र रिग्बी २०१७: अध्याय ६) । व्यापारले ती देशहरूका नागरिकहरूका लागि अधिक ज्याला, थप रोजगारी, गरिबी न्यूनीकरण, परिष्कृत पोषण, स्वास्थ्यमा सुधार र दीर्घायु ल्याउँछ (नोर्बर्ग २०१७) । यसले न्यून ज्याला र खराब अवस्था व्यापक हुने र सुरक्षा करिब शून्य हुने अनौपचारिक अर्थतन्त्रबाट श्रमिकहरूलाई बाहिर निकाल्छ (म्याककेइग र पाभ्स्निक २०१४) ।

व्यापारले विकासशील देशहरूका उपभोक्ताहरूलाई पनि लाभान्वित गर्छ । खाद्य, लत्ताकपडा, इलेक्ट्रोनिक वस्तुहरू, सञ्चार, मिडिया तथा अन्य धेरै क्षेत्रहरू हाल वास्तवमै अन्तर्राष्ट्रिय बन्न पुगेका छन् र तिनले उपभोक्ताहरूलाई स्थानीय उद्योगहरूले आपूर्ति गर्नसक्नेइतरका अझ राम्रा र सस्ता आयातहरू उपलब्ध गराइरहेका छन् । यो लाभ, विशेषगरी विपन्नहरूका लागि महत्वपूर्ण हो ।

निःसन्देह, चीन, दक्षिण पूर्वी एशिया, जापान, कोरिया, सिङ्गापुर, हङ्कङ्ग वा भारतले गरेको प्रगति व्यापारविना हासिल गर्न सम्भव थिएन

न विश्वका धेरै अति विपन्न मानिसहरूको जीवनमा यति छिटो यति धेरै तरक्की हुने थियो । व्यापार तीव्र गतिमा विस्तार हुन थालेको वर्ष सन् १९८० सम्म आइपुग्दा धेरै वर्षसम्म पनि विश्वको ४० प्रतिशतभन्दा बढी जनसङ्ख्याले दिनको २ डलरभन्दा कममा गुजारा गर्दथे । सन् १९९० मा यो दर झरेर एक तिहाइभन्दा अलिकति बढी मात्रै थियो । अहिले आएर यो दर १० मा १ अर्थात् करिब १० प्रतिशतमा झरेको छ । र यो ओरालो लाग्ने क्रम विश्वको बढ्दो जनसङ्ख्याका बावजुद भइरहेको छ । सन् १९९० को तथ्याङ्कअनुसार करिब १.९ अर्ब मानिस गरिबीको रेखामुनि थिए । त्यसबेलादेखि विश्वको जनसङ्ख्या करिब एक तिहाइले बढेको छ । त्यस अर्थमा दैनिक २ डलरभन्दा कममा गुजारा गर्ने जनसङ्ख्या हाल २.५ अर्ब कटिसक्नुपर्ने थियो । तर वास्तविकतामा भने यो सङ्ख्या घटेर ५० करोडमा झरेको छ र गरिबी हाल आएर मुख्यतः उपसहारा अफ्रिका क्षेत्रमा केन्द्रित छ ।

## पर्यावरणीय चिन्ता

अर्को आलोचना भनेको विश्वव्यापी व्यापारले पर्यावरण बिगार्छ भन्ने हो । सस्तो श्रम भएका देशहरूमा धनी देशहरूभन्दा वातावरणीय मापदण्डहरू सामान्यतया कमजोर हुन्छन् । त्यसैले, जब उत्पादनका प्रकार्यहरू सस्ता देशहरूमा सारिन्छन् (आउटसोर्स गरिन्छन्), ती प्रकार्यहरू जीवाश्म इन्धन प्रयोग र विषाक्त पदार्थको उत्सर्जन गर्ने कारखानाहरूमा गरिने सम्भावना बढी हुन्छ । साथै, व्यापारले कृषिलाई थप लाभदायक बनाउँदा, कृषिकर्म नै जमिनको अत्यधिक शोषण र क्षय तथा नयाँ कृषियोग्य भूमि खोज्दा वनविनाश र अन्य वन्यजन्तुहरूको बासस्थानको नष्ट हुने कारण बन्न सक्छ ।

गरीब देशहरूले भने यस्ता गुनासाहरूलाई पाखण्ड ठान्छन् । उनीहरू

धनी देशहरूले प्रारम्भिक विकासका क्रममा वातावरणमा खासै ध्यान नदिएको, अधिकतरले त्यसबेला कृषि क्षेत्र विस्तारका लागि आफ्ना वन फँडानी गरेको र उद्योगका लागि जीवाश्म इन्धन प्रयोग गरेको तथ्य औंल्याउँछन् । विकासशील देशहरूलाई समान अवसर नदिनु अनुचित हो । यसो गर्नाले केवल धनी र गरिबहरूबीचको असमानता झन लम्बिन्छ ।

निःसन्देह, विकसित देशहरूलाई उनीहरूको प्रारम्भिक विकासक्रममा आफ्ना गतिविधिहरूको पर्यावरणीय प्रभावको बारेमा धेरै जानकारी थिएन । आजको दिनमा भने कसैले पनि सम्भावित क्षतिलाई बेवास्ता गर्न सक्दैन । विकासको प्रारम्भिक चरणमा देशहरूले पर्यावरणमा क्षति पुऱ्याउने कुरा सत्य भए तापनि जसै देशहरू धनी हुँदै जान्छन्, सोहीमुताबिक उनीहरू सफा र स्वच्छ बन्दै जान्छन् । मानिसहरू सम्पन्न हुँदै गएपछि, फोहोर कारखाना, प्रदूषित नदी तथा धूवाँले भरिएका सडकहरूप्रति कम सहनशील हुँदै जान्छन् । साथै, भाग्यवश, व्यापार र वृद्धिले हामीमाझ सस्ता 'हरित' उत्पादन प्रविधिहरू पस्किदिन्छ । त्यसैले, विकासशील देशहरूलाई यो प्राकृतिक चक्रलाई यथाशक्य पार गर्न दिनाले समृद्ध र सफा संसारको निर्माण गर्नेछ (डिण्डा २००४) । दीर्घकालमा, व्यापार र वृद्धिले वातावरण सुधार गर्छन् ।

अर्को पर्यावरणीय चिन्ता भनेको विश्वव्यापी व्यापारमा सामानहरूलाई लामो दूरीसम्म ढुवानी गर्नुपर्छ जसले हामीले उपभोग गर्ने वस्तुहरूको कार्बन उत्सर्जन (कार्बन फुटप्रिन्ट) बढाउँछ भन्ने हो । साथै, उत्पादनलाई सस्तो बनाएर व्यापारले हामीलाई थप उत्पादनहरू किन्न प्रोत्साहन दिन्छ, जसले समस्यालाई थप बढाउँछ (फ्र्यान्कल र रोमर २००५) ।

तर, ढुवानीको पर्यावरणीय लागत हामीले कल्पेभन्दा कम छ । कन्टेनराइजेशन र कम्प्युटर प्रविधिको विकासले सामानहरूलाई ठूलो मात्रामा अत्यधिक चुस्त ढुवानीलाई सम्भव बनाएको छ । वास्तवमा

खाद्यपदार्थले तय गर्नपर्ने सबैभन्दा धेरै 'खाद्य दूरी' (फूड माइल्स) पसलबाट उपभोक्ताको घरसम्मको हो । अहिले जुन 'रैथाने नै किनौं' अर्थात् बाली तथा पशुहरू स्थानीयस्तरमै हुर्काउने अभियान चलेको छ, शीतार्द्र स्थानहरूमा यसो गर्दा उष्ण स्थानहरूबाट वस्तुहरू आयात गर्दाभन्दा बढी ऊर्जा खपत हुनेगर्छ ।

तसर्थ, व्यापारलाई पर्यावरणीय रूपमा पूर्ण विनाशकारी भनेर निन्दा गर्नु गलत हो । अनि विश्व व्यापार सङ्गठनबाट हुने सहमतिहरूमा पर्यावरणीय चासोलाई पनि समेटिएको हुन्छ । तसर्थ, हाम्रा लागि सबैभन्दा महत्वपूर्ण कार्य पर्यावरण जोगाउँदै मानव, विशेषगरी सबैभन्दा गरिबहरूको प्रगतिलाई प्रवर्द्धन गर्ने गरी व्यापारलाई व्यवस्थित गर्नु हो ।

## साँस्कृतिक साम्राज्यवाद

विश्वव्यापी व्यापारको अन्तिम आलोचना यसले रैथाने सँस्कृतिहरूलाई नष्ट गर्दै, तिनीहरूलाई सतही, उपभोक्तावादी पश्चिमी जीवनशैलीले प्रतिस्थापन गर्छ भन्ने हो । यसैगरी, विश्वका सञ्चार माध्यममा पश्चिमी टेलिभिजन, चलचित्र, सामाजिक सञ्जाल र कम्प्युटर खेलहरू हावी छन् । परम्परागत भोजनको सट्टा, ह्याम्बर्गर, फ्राइड चिकेन, पिज्जा र कफी म्याकडो नाल्ड्स, केएफसी, स्टारबक्सका शाखाहरूमा, वा ती ब्राण्डका स्थानीय नक्कलहरूमा बेचिरहेका छन् । पश्चिमी पसलहरूले क्वालालम्पुरदेखि लिमासम्मका शहरहरूमा पश्चिमी ब्राण्डहरू बेच्छन् ।

तर, साँस्कृतिक प्रसार नौलो विषय होइन । प्राचीन रोमका मानिसहरूले ग्रीक दार्शनिकहरूका अनुवाद पढ्थे र टाढाका देशबाट मसला र फलफूल आयात गर्थे । रेशम मार्गले कागज, मुद्रण र बारुद यूरोपमा ल्यायो, र चीनमा नयाँ धर्महरू फैलायो । भारतीय सँस्कृतिको आगमनले जाभा र बोर्नियामा सुगन्धित वस्तुहरूको माग बढायो । अरबी अङ्कप्रणाली र

खगोलशास्त्र संसारभरि फैलियो ।

साँस्कृतिक प्रसार दुईतर्फी प्रक्रिया हो । दुवै पक्षले आपसबाट आफूलाई मनपर्ने कुरा रोजेर अपनाउँछन् । अमेरिकाका व्यापार साझेदारहरूले उसको ह्याम्बर्गर (जसले अन्यको तुलनामा प्रतिडलर बढी पोषण दिन्छ) रुचाउँछन् र कोकाकोला पिउँछन् (जुन जहाँ पिउँदा पनि सुरक्षित छ, यही कुरा  सबै स्थानीय विकल्पको हकमा लागू नहुन सक्छ) । अर्कोतर्फ, अमेरिकीहरूले चिनियाँ एक्युपञ्चर, जापानी मार्शल आर्ट्स, अस्ट्रेलियन टेलिभिजन कार्यक्रम, स्क्यान्डिनेभियन डिजाइन, र संसारभरिका विदेशी भोजनहरू रमाएर उपभोग गर्छन् ।

हामीलाई नयाँ विचारहरूको संसर्गमा ल्याएर व्यापारले साँस्कृतिक विविधता र नवप्रवर्तनलाई प्रोत्साहित गर्छ । यही कारणले गर्दा कलात्मक क्षेत्र (रङ्गमञ्च, सङ्गीत, वास्तुकला), स्थानीय हस्तकला, फेसन, डिजाइन, मिडिया (पुस्तक, पत्रिका, प्रसारण, फिल्म), सम्पदा (पर्यटन, सङ्ग्रहालय, ग्यालरी, पुस्तकालय), चाडपर्व, खेलकूद र अन्य धेरै कुराउपर अन्तर्राष्ट्रिय चासो बढ्दै गएको छ । व्यापारले मानिसहरूलाई फरक जीवनशैलीसँग परिचित गराउँछ र यदि उनीहरूले लाभप्रद ठानेमा आफ्नो सँस्कृतिमा सहज रूपमा समाहित गर्छन् । यो दुईतर्फी साँस्कृतिक आदानप्रदानले सौहार्द विश्वभाव बढाउन, राष्ट्रवादलाई कमजोर पार्न, विश्वास बढाउन र समझदारी, सहिष्णुता र शान्ति प्रवर्द्धन गर्न पनि सक्छ (राइट २०१८) ।

## भाग चार

# संरक्षणवाद

# ८ संरक्षणवादः राजनीति, उपकरण, समस्याहरू

## संरक्षणवादको राजनीति

व्यापार तथा भूमण्डलीकरणका सम्भावित नकारात्मक पक्षहरूप्रति व्याप्त चिन्ताका कारण देशहरूलाई निश्चित आयातलाई निरुत्साहित गर्न ठूलो दबाब पर्ने गर्छ । विशेषगरी सस्तो आयातबाट हुने प्रतिस्पर्धादेखि डराउने उद्योगहरूले सरकारहरूलाई दृढ दबाब दिने गर्छन् । यसो गर्नाले उपभोक्ताहरूलाई महँगो पर्न जान्छ तर आयात रोकिनु र मँहगी बढ्नुबीचको सम्बन्ध स्पष्ट देखिँदैन् र फेरि उपभोक्ताहरूलाई यसविरुद्ध लड्ने उत्कट उत्प्रेरणा पनि हुँदैन । विदेशी व्यापारीहरूसँग मताधिकार नहुने भएकाले उनीहरूले स्वदेशी राजनीतिज्ञहरूलाई खासै प्रभाव पार्न सक्दैनन् । अनि फेरि, एकपटक स्थापित भइसकेपछि व्यापार नियन्त्रणमुखी प्रावधानहरू सजिलै हटाउन सकिँदैन । यसले गर्दा संरक्षणवादतर्फको अनवरत यात्राको प्रादुर्भाव हुन्छ ।

संरक्षणवादका पछाडि अन्य धेरै र विविध उद्देश्यहरू पनि हुन्छन् । देशहरूले आफ्नो जीवनशैली र कृषिजस्ता परम्परागत उद्योगहरू जोगाउने चाहना राख्न सक्छन् । उनीहरू आफ्ना उद्योगहरूमा विदेशी लगानीकर्ताहरूको स्वामित्व देख्न नचाहने हुन सक्छन् । उनीहरूमा विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्नेगरी ठूला भई नसकेका नयाँ उद्योगहरूको सुरक्षा गर्ने चाहना हुनसक्छ । व्यापारमा कर लगाएर उनीहरू राजस्व वृद्धिको अपेक्षा राख्न सक्छन् वा आफ्नो आलोचना रोक्ने हतियारको रूपमा प्रयोग गर्न चाहन सक्छन् जस्तै अष्ट्रेलियाले कोभिड-१९ को स्रोतबारे अनुसन्धान गर्न माग गर्दा चीनले अष्ट्रेलियाली मदिरामा २००

प्रतिशत आयात कर लगाएको थियो ।

संरक्षणवाद सामान्यतया घरेलु राजनीतिको उपज हुन्छ । उदाहरणका लागि, कृषि सबैले देख्ने आर्थिक क्षेत्र हो जसलाई अधिकतर देशहरूले आफ्नो अर्थतन्त्रका लागि अत्यन्तै महत्वपूर्ण मान्छन् । तसर्थ कृषि क्षेत्रलाई संरक्षण गरेर राजनीतिज्ञहरूलाई राजनीतिक लाभ उठाउन सजिलो हुन्छ । यद्यपि, यसले स्पष्ट नदेखिने गरी उपभोक्ताहरूमाथि बोझ थोपर्छ । (कृषि क्षेत्र संरक्षणका लागि प्रत्येक देशले फरकफरक नीति अपनाउने गर्छन् । यी नीतिहरू विविधीकृत मात्र नभई कृषि क्षेत्रका विभिन्न पक्षहरू समेट्न खोज्नाले अत्यधिक जटिल पनि हुन सक्छन् । कृषि क्षेत्र घरेलु रूपमा मात्र नभई व्यापारका हिसाबले पनि महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाको कृषि उत्पादनको २५ प्रतिशत निर्यात हुने गर्छ । तसर्थ, देशहरूले कृषि व्यापार नीतिलाई आफ्ना विविध घरेलु नीतिसँग मिलाउन प्रयास गर्दा ती नीतिहरू अत्यन्त जटिल बन्न पुग्छन् । यसले गर्दा, विश्व व्यापार सङ्गठनमा हुने वार्तामा कृषि सबैभन्दा कठिन विषय बन्न गएको छ ।)

## संरक्षणवादका उपकरण

भन्सार महसुल : संरक्षणवादी उद्देश्यहरू हासिल गर्न देशहरूले प्रयोग गर्नसक्ने उपायहरू थुप्रै हुन्छन् । तीमध्ये सबैभन्दा सजिलो र प्रकट उपाय भनेको भन्सार महसुल लगाउनु हो । भन्सार महसुल भन्नाले आयातित वस्तुहरूमा लगाइने महसुललाई बुझिन्छ जसको उद्देश्य आयातलाई उपभोक्तामाझ कम आकर्षक बनाउनु वा सरकारको राजस्व बढाउनु वा दुवै हुने गर्छ । भन्सार आयातित वस्तुको मूल्यको निश्चित प्रतिशतको रूपमा (मूल्यानुसार) वा प्रत्येक एकाइमा निश्चित रकमको रूपमा वा यी दुवैको सम्मिश्रणको रूपमा लगाउन सकिन्छ ।

दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय सहकार्यमार्फत् भन्सार महसुलहरू उल्लेखनीय मात्रामा कटौती गरिएको छ र हाल भन्सार लगाउने कार्यलाई राम्रो नजरले हेरिँदैन । तर आयातलाई निरुत्साहित गर्नका लागि देशहरूसँग अन्य कम पारदर्शी उपायहरू पनि हुन्छन् जसलाई गैरभन्सार अवरोध भनिन्छ ।

प्रत्यक्ष गैर-भन्सार अवरोध : परिमाणात्मक बन्देज (कोटा) वा आयात अनुमतिजस्ता प्रावधानले देशभित्र आयात गर्न सकिने वस्तुको परिमाण वा मूल्यमा बन्देज लगाउँछन् । कतिपय अवस्थामा यी प्रावधानले आयातलाई पूर्णतः रोक लगाउन सक्छन् । जस्तै, चीनले कम्बोडियाबाट आयात हुने चामलको मात्रामा हदबन्दी लगाएको छ । अथवा देशहरूले कुनै वस्तुको आयातमा निश्चित परिमाणसम्म चाहिँ न्यून वा शून्य भन्सार दर लगाउने र त्यसभन्दा बढीको आयातमा चाहिँ उच्च दरको भन्सार महसुल तिराउने पनि गर्न सक्छन् । यसरी कोटा लगाउँदा घरेलु उत्पादकहरू विदेशी सामानसँग केही प्रतिस्पर्धा त पक्कै गर्छन् तर पूर्ण प्रतिस्पर्धाबाट चाहिँ संरक्षित हुन्छन् ।

तर कोटा प्रणाली निकै जटिल हुने भएकाले भन्सारको तुलनामा यो कम पारदर्शी हुन्छ र भ्रष्टाचारलाई बढावा दिने सम्भावना राख्छ । अनि यसले उपभोक्ताले तिर्ने मूल्यमा वृद्धि गराउँछ । यसले उत्पादकहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ आपूर्ति गर्न पनि रोक्न सक्छ किनभने भन्सारले त कच्चा पदार्थ ल्याउँदा महँगो पर्ने हो तर कोटाले त कच्चापदार्थ ल्याउन असम्भव नै पनि बनाउन सक्छ । यस प्रणालीका कारण सफल व्यवसायहरूको उत्पादन सीमित हुने र नयाँ व्यवसायलाई शुरू गर्न नै निरुत्साहित गर्ने हुनसक्छ (क्रुगर २०२०: अध्याय ५) ।

अर्को विकल्प भनेको स्वैच्छिक निर्यात नियन्त्रण हो । यसअन्तर्गत आयात गर्ने देशको माग गरेबमोजिम निर्यात गर्ने देशले स्वैच्छिक रूपमा

आफूले उक्त देशमा निर्यात गर्ने वस्तुको परिमाणमाथि हदबन्दी लगाउँछ। त्यसो नगरेमा आयात गर्ने देशले विभिन्न अन्य झन कडा उपायहरू अपनाउने धम्की दिएको हुन्छ। यसको एउटा उदाहरण, सन् १९८० को दशकमा, जापान आफूले संयुक्त राज्य अमेरिकामा निर्यात गर्ने कारको सङ्ख्यालाई स्वैच्छिक रूपमा सीमित गर्न सहमत भएको थियो। तर सन् १९९४ मा विश्व व्यापार सङ्गठनका सदस्यहरूले यस्ता बन्देजहरू हटाउन मतदान गरे।

अप्रत्यक्ष गैरभन्सार अवरोध : कुनै देशले कर्मचारीतन्त्रको माध्यमबाट पनि आयातकर्ताहरूलाई निरुत्साहित गर्न सक्छ। जस्तै भन्सारको प्रक्रिया तथा आवश्यक पर्ने कागजातहरूलाई अत्यन्तै झन्झटिलो बनाएर (संयुक्त राज्य व्यापार प्रतिनिधि २०१९)।

त्यसैगरी, कुनै देशले आयातित वस्तुमाथि कठिन मापदण्ड लाद्न सक्छ र कतिपय अवस्थामा विभिन्न सरकारी निकायहरूबाट विभिन्न प्रमाणीकरणहरू ल्याउनुपर्ने बनाइदिन सक्छ (फिशर २०२१)। यस्तो कदमको औचित्यचाहिँ श्रमिक वा जनावरहरूलाई शोषण गरेर उत्पादित वस्तु भएकाले वा आयातित वस्तुहरूको सुरक्षा र गुणस्तर सुनिश्चित गर्न भनेर दर्शाइने गरिन्छ। र कतिपय अवस्थामा बौद्धिक सम्पत्तिप्रतिको वैध चिन्ताहरू पनि हुन सक्छन्। उदाहरणका लागि, विदेशी प्रतिस्पर्धीहरूले प्रविधि तथा पेटेन्टको रोयल्टी नतिरिकन वस्तु उत्पादन गरेर स्वदेशी उद्योगलाई मर्कामा पारेका हुन सक्छन् वा आयात गरेर त्यसको प्रविधि नक्कल गरेका हुन सक्छन्। हाल, मापदण्ड व्यापारका सबैभन्दा प्रचलित अवरोध हुन् र आजको जमानामा भन्सार महसुल वा कोटाभन्दा पनि यीनीहरू बढी महत्वपूर्ण छन्। तर आयातमा लगाइने मापदण्डहरूलाई विशुद्ध संरक्षणवादी उद्देश्यका लागि सजिलै उपयोग गर्न सकिन्छ।

अझ अपारदर्शी तरिकाले सरकारहरूले आफ्ना उद्योगलाई आर्थिक

सहुलियत दिन सक्छन् वा तिनलाई सस्तो ऋण, न्यून भाडा वा करमा विशेष छुट दिनसक्छन् जसले गर्दा आयातित वस्तुको तुलनामा उनीहरूको वस्तु सस्तो र बढी आकर्षक हुन्छ । वा सरकारहरूले निजामती सेवा वा सार्वजनिक उपयोगका लागि वस्तु तथा सेवा (जस्तै सफ्टवेयर, मर्मतसम्भार सेवा, अग्नि नियन्त्रक उपकरण, निर्माण सामग्री र औषधि) किन्दा स्वदेशी आपूर्तिकर्तासँग मात्र खरीद गर्नसक्छन् । कतिपय अवस्थामा (जस्तै रक्षा तथा सञ्चारका उपकरणहरू) विदेशबाट सामान किन्दा साँच्चैको सुरक्षा जोखिम हुनसक्छ तर देशहरूले यसै बहानामा अन्य गैररणनीतिक क्षेत्रहरूमा पनि (विश्व व्यापार सङ्गठनको नियमानुसार त्यसो गर्न नपाइने भए तापनि) यी उपायहरू विस्तार गरेका छन् ।

## कुन व्यवसाय / फर्मलाई चाहिँ संरक्षण गर्ने ?

देशहरूले सबै आयातविरुद्ध आफूलाई सुरक्षित गर्न सक्दैनन्– त्यसो गर्दा सामानको अभाव र मूल्यवृद्धि हुनेछ। त्यसको सट्टामा, उनीहरूले प्रायः प्रतिस्पर्धाबाट विशेष खतरा महसुस गरेका वा आफूले महत्वपूर्ण ठानेका उद्योगहरूलाई संरक्षण दिन खोज्छन्– जस्तै विद्यमान ‘राष्ट्रिय च्याम्पियन’ वा भविष्यका लागि विकास गर्न चाहेको नव ‘शिशु उद्योग’हरू ।

तर कुन उद्योगहरू खतरामा छन् भनेर निर्णय गर्न सजिलो छैन । विदेशी प्रतिस्पर्धाबाहेक अन्य कारणहरूले पनि व्यवसायहरू सङ्घर्षरत हुन सक्छन् र रोजगारीमा सङ्कट परेको हुनसक्छ । उनीहरू लगानी र उत्पादकत्वमा पछि परेका हुनसक्छन् । अत्यधिक कर र झन्झटिलो नियमनले उनीहरूका उत्पादनहरूलाई महँगो बनाएको हुनसक्छ । शायद बजारमा पहिले नै धेरै खेलाडी भइसकेका छन् वा खानीहरू रित्तिदैछन् वा नयाँ प्रविधि आइसकेको छ र उनीहरूको उत्पादनलाई मानिसहरूले रुचाउन छोडेका छन् । वास्तविक कारण जे भए पनि, दोषारोपण प्रायः

विदेशी प्रतिस्पर्धाउपर गरिन्छ । दुःखको कुरा के हो भने संरक्षणवादको नीति वृद्धिउन्मुख उद्योगभन्दा पनि मृत्युशैय्यामा छट्पटाइरहेका उद्योगहरूमा बढी केन्द्रित हुन्छ जसले गर्दा यो एउटा खर्चिलो, प्रतिफलहीन र अप्रभावकारी नीति बन्न जान्छ ।

तथापि, सफलताउन्मुख उद्योग र प्रविधि पहिचान गर्ने मामिलामा पनि सरकारहरू प्रभावकारी हुँदैनन् । उदाहरणका लागि, प्रायः सफल औद्योगिक रणनीतिको उदाहरणका रूपमा लिइने जापानको अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्रालय ९ःक्षत्क्ष्० ले शायद विजितहरूलाई सहयोग गर्नेभन्दा पराजितहरूलाई बढी जोगाएको थियो; जबकि दक्षिण कोरिया संरक्षणवादी नीतिहरू हटाएपछि मात्र फस्टाउन थालेको थियो (क्रुगर २०२०) । अनि, 'राष्ट्रिय च्याम्पियन' हरूलाई सहायता प्रदान गर्नाले तिनीहरूलाई आलसी र कम प्रतिस्पर्धी बनाउने सम्भावना हुन्छ ।

> सरकारहरू सफलताउन्मुख उद्योग छान्नमा राम्रा हुँदैनन् तर विफलताउन्मुख उद्योगहरू सरकार छान्नमा माहिर हुन्छन् ।
>
> - म्याट रिड्ली (२०२०)

## अप्रत्यासित परिणामहरू

दुर्भाग्यवश, व्यापारका अवरोधहरूले कुनै उद्योगहरूमा रोजगारी सुरक्षित गर्दैगर्दा उत्पादनका लागि आयातित कच्चापदार्थ र पार्टपूर्जामा भर पर्ने उद्योगहरूजस्ता अन्य उद्योगमा भने यी अवरोधहरूले भने लागत थपिरहेका हुन्छन् ।

त्यसमाथि, व्यापारिक अवरोधहरूको लागत जति स्वदेशी उपभोक्ताहरूले आयातित वस्तुको चर्को मूल्य र सीमित छनोट तथा प्रतिस्पर्धाको रूपमा बेहोरिराखेका हुन्छन् । उदाहरणका लागि, संयुक्त

राज्य अमेरिकामा बिक्री हुने ९८ प्रतिशत जुत्ताचप्पल आयातित हुन्छन् । यदि भन्सार महसुल थोपरेर अमेरिकामा जुत्ताचप्पलको आयात ठप्प पार्ने हो भने घरेलु उत्पादकहरूले अपुग माग परिपूर्ति गर्दासम्म अमेरिकीहरू खाली खुट्टै हिँड्न बाध्य हुनेछन् ।

संरक्षणवादले अन्य समस्याहरू पनि ल्याउँछ । यसको उदाहरण अमेरिकामा सन् २०१८ मा राष्ट्रपति ट्रम्पद्वारा इस्पात (स्टील) को आयातमा लगाइएको २५ प्रतिशतको भन्सार महसुल 'ट्रम्प ट्यारिफ' हो । उक्त महसुलको गूढार्थ अमेरिकाको मध्यपश्चिमी भूभागमा रहेको इस्पात उद्योगहरू र तिनमा भएको रोजगारीलाई जोगाउने थियो । तर वास्तवमा, इस्पात क्षेत्रमा भएको रोजगारी कटौती विश्वमा इस्पातको उत्पादन अधिक भएकाले निम्तिएको थियो जुन अवस्था अमेरिकामा इस्पातको उत्पादन बढ्दा झनै खराब हुनेवाला थियो । उक्त अतिरिक्त महसुलको कार्यान्वयनका लागि विशाल कर्मचारीतन्त्रको आवश्यकता पर्‍यो भने उक्त कदमविरुद्धमा विभिन्न खर्चिला मुद्दाहरू पनि परे । जसै अमेरिकामा उत्पादित इस्पातको मूल्य विश्व बजारको मूल्यभन्दामाथि उकालो लाग्यो, इस्पातले बन्ने कार तथा अन्य स्वदेशी सामानहरूको मूल्य पनि बढ्न गयो जसले गर्दा ती क्षेत्रहरूमा आयात बढ्न थाल्यो । यसले गर्दा समग्रमा इस्पात उद्योगमा बढेको रोजगारीको सङ्ख्याको तुलनामा अन्य उद्योगमा घटेको रोजगारीको सङ्ख्या शायद बढी थियो र ज्याला तथा कुल गार्हस्थ उत्पादन दुवैमा नकारात्मक असर पर्‍यो (योर्क २०२०) ।

संरक्षणवादले अन्य देशहरूलाई पनि असर गर्छ । उदाहरणका लागि, यूरोपेली सङ्घले थोपरेको जस्तो कृषिजन्य आयातमा उच्च अवरोध खडा गर्नाले चिनी वा कफी जस्तो एउटै बालीको निर्यातमा निर्भर हुने विकासशील देशहरूलाई विशेष क्षति पुर्‍याउँछ । जब यूरोपेली सङ्घले बेनिनबाट झिङ्गे माछा (श्रीम्प) को आयातमा प्रतिबन्ध लगायो त्यसले

बेनिनको सम्पूर्ण झिङ्गे माछा उद्योगलाई नै तहसनहस बनाइदियो । निर्यातकर्ता, माछा व्यापारी र माछा मार्नेहरू कोही पनि यस प्रभावबाट अछुतो रहेनन् । उनीहरूमध्ये अधिकतर उक्त उद्योगमा यति भिजेका र लगानी गरेका थिए कि उनीहरूले अन्य व्यावहारिक विकल्प खोज्नै सकेनन् । अन्ततः उक्त प्रतिबन्ध हटाइए पनि त्यसको असर लामो समयसम्म परिराख्यो (हुस्सा र भेरपुटन २०१३) ।

अर्थशास्त्रीहरूसबै किसिमका संरक्षणहरूलाई बहुपक्षीय रूपमा क्रमैसँग हटाउनु नै सर्वोत्तम नीति हो भन्नेमा सामान्यतया सहमत छन् । भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) को उरुग्वे चरणको वार्तामा (१९८६-९३) यस्तो प्रयास गरिएको थियो तर उक्त प्रयास खासै सफल भएन । कृषि क्षेत्रप्रति (कृषि क्षेत्र तुलनात्मक रूपमा सानो उद्योग भएको अवस्थामा पनि) देशहरूको राजनीतिक तथा साँस्कृतिक वफादारी एकदम कडा हुने रहेछ ।

## संरक्षणवादको लागत

लाखौँ किसिमका विभिन्न उत्पादनहरू व्यापार भइरहेको अवस्थामा, संरक्षणवादी सरकारहरूले कुन वस्तुमा कस्तो खाले अवरोध लगाउने भन्ने एउटा जटिल चुनौतीको सामना गर्नुपरिरहेको हुन्छ र यो काम न्यायोचित तरिकाले गर्न असम्भव छ । यसले विभिन्न विवाद तथा अदालती मुद्दाहरू निम्त्याउँछ र व्यापारीहरूले आफ्नो उत्पादनलाई नियन्त्रणबाहिर राख्न खोज्दा त्यसले सरकारी पदाधिकारीहरूमा भ्रष्टाचारलाई प्रेरित गर्न सक्छ ।

व्यापारमा खडा गरिने अवरोधले तस्करीलाई पोस्दछ । सामानहरू गुप्त रूपमा ल्याइने वा व्यापार अवरोध नभएको तेस्रो देशमा पठाएर त्यहाँबाट आयात गरिने सम्भावना हुन्छ । सामानहरूलाई उच्च भन्सार नलाग्ने वा कोटा प्रणाली आर्कषित नहुने सामानको रूपमा गलत लेबल

लगाउने वा मूल्यानुसारको भन्सार छल्नका लागि न्यून बीजकीकरण गर्ने कामहरू हुन सक्छन् । अनि भन्सार अधिकारीहरूलाई यी अभ्यासहरूलाई बेवास्ता गर्न र सामान आउन दिन घूस दिइन सक्छ ।

व्यापार अवरोधहरू लागू तथा निगरानी गर्न र तस्करी तथा भ्रष्टाचारलाई नियन्त्रण गर्न ठूलो कर्मचारीतन्त्रको आवश्यकता पर्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाले ६५ हजार भन्सार तथा सीमा सुरक्षा अधिकारीहरू खटाएको छ । यूरोपेली सङ्घमा विभिन्न विमानस्थल, नाका, बन्दरगाह तथा कार्यालयहरूमा गरेर १ लाख १४ हजार भन्सार अधिकारीहरू खटिएका छन् । विश्वभर, झन्डै पाँचदेखि दस लाख भन्सार अधिकारीहरू खटिएका हुन सक्छन् । ती सबै भन्सार अवरोधहरू नियन्त्रण गर्नमा संलग्न नहोलान्– केहीले लागूपदार्थ र आतङ्ककारीहरूको प्रवेश रोक्न काम गरिरहेका हुन सक्छन् । तर धेरैजसो भन्सार नियमनमा संलग्न हुने सम्भावना छ । यो विश्व अर्थतन्त्रका लागि ठूलो लागत हो ।

# ९ संरक्षणवादको पक्षमा भएका तर्कहरू

## शिशु उद्योगसम्बद्ध तर्क

माथि उल्लेख गरिएजस्तै, व्यापारिक अवरोधका पक्षमा आउने सबैभन्दा आम तर्क यसले देशहरूलाई आफ्ना नयाँ उद्योगहरूलाई ठूलो परिमाणमा उत्पादन गर्न सक्ने आकारको नबन्दासम्म र विदेशी स्थापित प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने नहुँदासम्म संरक्षण गर्न मद्दत पुऱ्याउँछ भन्ने हो । अध्याय ७ मा चर्चा गरिएजस्तै विकासशील देशहरूले 'आयात प्रतिस्थापन' नीतिहरू अवलम्बन गर्दा यसै सोचलाई प्रमुख आधार बनाएका थिए । एउटा मात्रै बाली वा खनिज पदार्थ (जसको मूल्यमा उतारचढाव हुन सक्छ) मा निर्भर देशहरूका लागि यो विचारले अझै महत्व राख्न सक्छ ।

इतिहासले देखाएअनुसार उदयीमान अर्थतन्त्रमा संरक्षणवादले वास्तवमै शिशु उद्योगहरूलाई फाइदा पुऱ्याउँछ । संयुक्त राज्य अमेरिकासमेतले आफ्ना शुरूवाती वर्षहरूमा उत्पादनमूलक उद्योगको क्षमता विस्तारतका लागि आयात नियन्त्रण गरेर त्यसबाट लाभ लिएको देखिन्छ । आजसम्म पनि, कुनै एउटा देशले नियमन गर्न कठिन हुने बहुराष्ट्रिय निगमहरू (हेर्नुहोस् अध्याय १२) बाट साना आकारका उत्पादकहरूलाई बचाउन र त्यस्ता निगमहरूलाई बजारमा एकछत्र राज गर्नबाट रोक्नका लागि देशहरूले संरक्षणवादी उपायहरू लागू गर्नुपर्ने कारण हुन सक्ला ।

तर शिशु उद्योगसम्बद्ध तर्कमा समस्याहरू छन् । उदाहरणका लागि, कुनचाहिँ शिशु उद्योगहरूलाई संरक्षण दिने ? यसको निर्णय आर्थिक

सफलताको आधारमा भन्दा पनि राजनीतिक आधारमा हुनसक्छ । त्यसैगरी, संरक्षण पाएका उद्योगहरू आलसी र अकौशल बन्न सक्छन् । अर्को कुराचाहिँ, त्यस्ता उद्योगहरू कहिले हुर्कन्छन् र कहिलेसम्म संरक्षण दिइराख्ने हो भन्ने कुरा स्पष्ट हुँदैन । ती उद्योगहरूले शायद आफ्नो संरक्षण कायम राख्नका लागि सरकारसँग पैरवी गरिराख्नेछन् । 'ती कथित शिशु उद्योगहरू कहिल्यै हुर्कदैनन्', अर्थशास्त्री मिल्टन फ्रिडम्यान (१९९७) ले लेखेका छन्, 'एकपटक लगाइसकेपछि, भन्सार महसुलहरू बिरलैमात्र हटाइन्छन् ।' अवश्य नै, सस्ता आयातमाथिको रोकले गर्दा उपभोक्ताहरूले त यसको लागत बेहोरिरहेका हुन्छन् नै ।

> भन्सार महसुल कुनै देशले आफ्नै नागरिकमाथि विदेशी वस्तु किने बापत लगाउने कर हो । वस्तुतः भन्सार महसुलले मानिसहरूलाई स्वदेशी उत्पादन किन्न प्रोत्साहित गर्नका लागि आयातित उत्पादनको मूल्य बढाउँछ ।
>
> - फ्रेड हचबर्ग (२०२०)

यदि लक्ष्य नयाँ उद्योगहरू वृद्धि गर्ने हो भने, त्यसका लागि अरू अझै राम्रा उपायहरू हुन सक्छन् : करमा सहुलियत, प्रशिक्षण अनुदान वा सहुलियत बढी प्रभावकारी हुनुका साथै तिनले प्रतिरोध पनि कम निम्त्याउँछन् । बहुराष्ट्रिय कम्पनीहरूको बजार शक्तिलाई नियन्त्रण गर्ने सम्बन्धमा कुनै एक देशले विभिन्न व्यापार अवरोधहरू खडा गर्नुभन्दा प्रतिस्पर्धासम्बन्धी अन्तर्राष्ट्रिय सहमति गर्नु राम्रो कुरा हो भन्नेमा अर्थशास्त्रीहरू सामान्यतया सहमत छन् ।

## डम्पिङविरोधी तर्क

संरक्षणवादको पक्षमा आउने अर्को तर्क विदेशी देशहरूले उनीहरूका वस्तुहरू अर्काको बजारमा डम्प गर्छन् कि अर्थात् अर्को

देशका उत्पादकहरूलाई धराशायी बनाएर त्यहाँको बजारमा एकछत्र राज गर्नका लागि आफ्नो देशमा चलेको मूल्यभन्दा कम मूल्यमा निर्यात गर्छन् कि भन्ने हो ।

बहुराष्ट्रिय निगमहरूसँग उल्लेखनीय बजारशक्ति हुन्छ जुन उनीहरूले साना प्रतिस्पर्धीहरूलाई बजारबाट धपाउनका लागि प्रयोग गर्न सक्छन् । तर विश्वभरिका अन्य उत्पादकहरूलाई पनि बजारबाट धपाउनका लागि त यस्तो निगमसँग अत्यन्त धेरै पैसा हुन जरुरी छ । फेरि सफलताको सम्भावना न्यून हुँदाहुँदै उनीहरूले यस्तो प्रयास किन गर्लान् र ? तसर्थ बहुराष्ट्रिय निगमद्वारा डम्पिङ हुने तर्क धेरै कपोलकल्पित र थोरै वास्तविकता हो ।

वास्तविक समस्या त त्यसबेला आउँछ जब सरकारहरूले आफ्ना उद्योगहरूलाई अनुदान दिन्छन् वा अन्य राष्ट्रको बजारलाई प्रभावित पार्नका लागि आफ्नो मुद्रामा हेरफेर गर्छन् । उनीहरूले निर्यातका लागि वस्तुहरू एकदम सस्तोमा उत्पादन गर्नका लागि शोषित वा दास श्रमको उपयोगसमेत गर्नसक्छन् । उदाहरणका लागि, चीनले यी तीनैवटा उपायहरू प्रयोग गरेको आरोप संयुक्त राज्य अमेरिका, यूरोपेली सङ्घ तथा अन्य देशहरूले लगाउँदै आएका छन् । यस्तो अवस्थामा, अन्तर्राष्ट्रिय कानूनले आयात गर्ने देशहरूलाई निर्यात गर्ने देशले अनुदान दिएका वस्तुहरूको लाभ खोस्नका लागि प्रतिकारमुखी शुल्क लगाउन अनुमति दिएको छ ।

तथापि, सरकारी अनुदानहरू पहिचान गर्न सधैँ सजिलो हुँदैन र आयात गर्ने देशहरूले संरक्षणवादी उद्देश्यले प्रेरित भएर त्यस्ता अनुदानहरूको अधिक अनुमान गर्न सक्छन् । यसबाट उनीहरूले आवश्यकताभन्दा बढी भन्सार महसुल लगाउने दिशामा सफल हुनसक्छन् । आयातित सामानहरूको मूल्य कम हुने, कतिपय अवस्थामा उत्पादन लागतभन्दा पनि कम हुने कारण अनुदानबाहेक अन्य धेरै हुन सक्छन् । निर्यातकर्ताले

सामान उत्पादन गरेको तर बेच्न नसकेको हुनसक्छ वा अस्थायी रूपमा स्टक बढी भएको हुनसक्छ र उनीहरूले जति भए पनि पैसा आओस् भनेर सस्तैमा बेच्न खोजेका हुन सक्छन् । सस्तो वस्तुको यस्तो एकपटकको वा अस्थायी आगमनले स्वदेशी उत्पादकहरूलाई हानि नगर्न सक्छ । तथापि, तिनले उपभोक्तालाई भने अल्पकालीन लाभ ल्याउँछन् (एण्डरटन २०१५) । तसर्थ, डम्पिङविरोधी उपायहरूले लाभभन्दा बढी हानि गर्न सक्छन्, संरक्षणवादलाई प्रवर्द्धन गर्न सक्छन् जसले अन्ततः थप प्रतिकार निम्त्याउन सक्छ (आइकसन २०१७) ।

## श्रमसम्बद्ध मापदण्डहरू

धनी देशका मानिसहरूले गरिब देशहरूको श्रमसम्बन्धी मापदण्ड कमजोर हुने जस्तै न्यून ज्याला, लामो कार्यावधि, असुरक्षित कार्यस्थल तथा बालश्रम भएकाले मात्रै उनीहरूको उत्पादन सस्तो भएको शिकायत गर्ने गर्छन् । उक्त देशहरूमा आयकर, कम्पनीमाथिको कर र पूँजीगत कर पनि कम हुनसक्छ ।

तर गरिब देशहरूमा पूँजीको अभाव हुने भएकाले धनी देशका श्रमिकको तुलनामा त्यहाँका श्रमिकहरूको उत्पादकत्व न्यून हुन्छ । यसले गर्दा उनीहरू मजबुरीले थोरै ज्यालाका लागि धेरै लामो कार्यावधि र फोहोर तथा खतरनाक अवस्थामा पनि काम गर्न तयार हुन्छन् । उनीहरूले उत्पादन गरेको सामानको आयातमाथिको प्रतिबन्ध बढाउँदा उनीहरूलाई आयआर्जन गर्न, पूँजी सञ्चय गर्न र आफ्नो जीवन सुधार्नबाट वञ्चित हुन्छन् ।

## उत्पादनका मापदण्डहरू र जैविक सुरक्षा

अर्को व्यापक चासो भनेको सम्भावित असुरक्षित उत्पादनहरू (जस्तै विद्युतीय सामानहरू, औषधिहरू वा आनुवंशिक संशोधन गरिएका बालीहरू) वा उचितरूपमा उत्पादन नगरिएका (जस्तै मासु वा बँधुवा मजदुरद्वारा बनाइएका) सामानहरू आफ्नो देशमा भित्रिन नदिने भन्ने हो । देशहरूले आयातका लागि प्रायः सामानको उत्पादन प्रक्रिया तथा प्रशोधनको प्रक्रियाका सम्बन्धमा पर्यावरणीय मापदण्डहरूजस्ता अन्य विभिन्न अन्य मापदण्डहरू पनि लागू गर्छन् ।

यदि कुनै देशले आफ्ना उत्पादकभन्दा आयातकर्ताहरूमाथि कठोर मापदण्ड लागू गर्छ भने त्यो स्पष्टरूपमा संरक्षणवाद हो । तर सुरक्षा तथा नैतिक सरोकारहरूमध्ये कुनचाहिँ वैध हुन् र कुनचाहिँ सरोकारको खोल ओढेका संरक्षणवाद ? उदाहरणका लागि, अमेरिकाले वस्तुभाउमा प्रयोग गर्ने हर्मोन, कुखुराको क्लोरिनेसन वा आनुवंशिक संशोधन गरिएका अन्नको निर्यात स्वास्थ्यसम्बन्धी वैध चासोहरू हुन् कि अमेरिकी कृषि उपज रोक्ने एउटा बहाना मात्र ? अनि, अमेरिकाले पशु कल्याण मापदण्डहरू कम भएका देशहरूबाट मासु उत्पादन अस्वीकार गर्नँ वा मानव अधिकारको स्थिती कमजोर भएका देशहरूमा बनाइएका उत्पादनहरू अस्वीकार गर्नु उचित हो ?

आयातित सामानमाथि लगाइने मापदण्डलाई तिनको कथित उद्देश्यभन्दा पनि स्वदेशी उत्पादकहरूलाई संरक्षण गर्न सजिलै प्रयोग गर्न सकिने भएकाले विश्व व्यापार सङ्गठनमा हुने अधिकतर व्यापारसम्बन्धी विवादहरू यसैलाई लिएर हुने गर्छन् । स्वास्थ्य वा सुरक्षासम्बन्धी उचित सरोकार हुँदाको अवस्थाहरूका लागि अन्य नीतिहरू (जस्तै उत्पादन सुरक्षा मापदण्डका सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति) बढी प्रभावकारी हुन सक्छन् (एण्डरटन २०१५) ।

## सुरक्षा सरोकार

माथि उल्लेख गरिएजस्तै, देशहरूले केही उद्योगहरू (जस्तै रक्षा, सूचना प्रविधि वा सञ्चार) रणनीतिक रूपमा अत्यन्त महत्वपूर्ण हुने हुनाले तिनलाई विदेशीका लागि खुला गर्न नहुने तर्क गर्छन् । तसर्थ, उनीहरूले यी प्रविधिहरूको निर्यातमाथि प्रतिबन्ध लगाउन र आफ्ना 'रणनीतिक' उद्योगहरूलाई प्रतिस्पर्धाबाट जोगाउन सक्छन् ।

निःसन्देह, यी वास्तविक र वैध सुरक्षा चासोहरू हुन् । तथापि, संरक्षणवादी कारणका लागि प्रयोग गरेर आर्थिक क्षति नपुऱ्याऊन् भन्नका लागि यी चासोहरूको पनि गहन समीक्षा हुन जरुरी छ । उदाहरणका लागि, अमेरिकाले सन् १९२० मा लगाएको जोन्स् कानून बमोजिम अमेरिकाका बन्दरगाहहरूबीच सामान ढुवानी गर्दा अमेरिकामा नै बनेको, अमेरिकी स्वामित्व भएको र अमेरिकीले सञ्चालन गरेको पानीजहाजमा गरिनुपर्छ । यसको घोषित लक्ष्य अमेरिकासँग व्यापारिक नौसेना कायम रहोस् जसलाई युद्ध छेडिएमा सोकालागि प्रयोग गर्न सकियोस् भन्ने थियो । तर वास्तविकतामा, यसले प्रतिस्पर्धालाई निरुत्साहित गरी अनि विदेशी पानीजहाजमा आइपुगेका सामानलाई झारेर पुनः अमेरिकी जहाजमा हाल्नु पर्ने भएकाले गर्दा ढुवानीको मूल्य बढायो । यसले हवाई र प्युर्टो रिको जस्ता टाढाका बन्दरगाहहरूलाई विशेषरूपमा नकारात्मक असर पाऱ्यो । साथै, अमेरिकी सहभागितासम्बन्धी नियमले गर्दा पानीजहाज बनाउने लागत बढ्न गयो । फलस्वरूप, पानीजहाज कम्पनीहरूले आफूसँग भएका जहाजको प्रयोगलाई सक्दो लम्ब्याउन थाले– यति लामो समय कि ती जहाजहरूलाई सैन्य प्रयोग गर्न नमिल्ने अवस्थामा पुगुन्जेलसम्म । यसरी जोन्स् कानूनले अमेरिकी पानीजहाज क्षेत्रलाई संरक्षण गर्नुको सट्टा झन् धराशायी बनायो (क्रुगर २०२०: अध्याय १३) ।

## प्रतिबन्धहरू

व्यापारिक अवरोधहरूलाई दुश्मन वा सम्भावित दुश्मन शक्तिको अर्थतन्त्रलाई कमजोर बनाउने वा उनीहरूको व्यवहार परिवर्तन गराउने राजनीतिक अस्त्रका रूपमा प्रयोग गर्न सकिन्छ । व्यापार युद्धलाई प्रतिद्वन्द्वी देशहरूले आफ्नो शक्तिको प्रदर्शनको रूपमा पनि प्रयोग गर्न सक्छन् । यस्तो युद्ध प्रत्यक्ष सैन्य परिचालनभन्दा कम विनाशकारी भए तापनि विनाशकारी त हुन्छ नै । यस बुँदाले धेरै मानिसहरूलाई देशहरूले खाद्यपदार्थजस्ता अत्यावश्यक वस्तुहरूमा आत्मनिर्भर बन्ने लक्ष्य राख्नुपर्छ जसले गर्दा आफ्नो देश अर्को देशसँग युद्धमा होमिँदा वा आफ्नो क्षेत्रमा रहेका अन्य देशहरूको द्वन्द्वले गर्दा अन्तर्राष्ट्रिय व्यापारमा आउन सक्ने अवरोधले आफ्नो आपूर्ति रोकिदिने सम्भावना नहोस् भन्ने कुरामा विश्वास दिलाउँछ । यस्तो अवस्थामा स्वदेशी उद्योगले देशलाई धानून् भन्नका लागि आयातमा नियन्त्रण गरिनुपर्छ भन्ने तर्क आउँछ ।

यसमा एउटा विशेष अवस्था भनेको अन्तर्राष्ट्रिय राजनीतिक द्वन्द्व शुरू भएको र सामान्यतया हुने कूटनीतिक वार्ता असफल भएको अवस्था हो । उदाहरणको रूपमा सन् २००६ मा संयुक्त राष्ट्रसङ्घले इरानविरुद्ध लगाएको नाकाबन्दीलाई लिन सकिन्छ जसको उद्देश्य इरानलाई आफ्नो यूरेनियम विकास कार्यक्रमलाई रोक्न बाध्य बनाउनु थियो । नाकाबन्दीमा, अर्को देशबाट हुने सम्पूर्ण आयात (र कहिलेकाहीँ त्यस देशतर्फको निर्यात पनि) माथि प्रतिबन्ध लगाइन्छ जसले व्यापारिक देशको अर्थतन्त्रमा गहिरो प्रभाव पार्नसक्छ ।

मानव अधिकार हननको पृष्ठभूमि भएका लगायतका सम्भावित शत्रु राष्ट्रहरूमाथि दबाब दिनका लागि युद्धबाहेकको उपाय आर्थिक नाकाबन्दी नै हुनसक्ला । तर नाकाबन्दीहरू असल उद्देश्यको खोलमा ओढेको संरक्षणवाद नभएको सुनिश्चित गर्न जरुरी छ । यस्तै आरोप नलागोस्

र आफ्नो कदमलाई अन्तर्राष्ट्रिय वैधता मिलोस् भन्नका लागि देशहरूले अन्तर्राष्ट्रिय व्यापारिक नाकाबन्दी लगाउन संयुक्त राष्ट्रसङ्घको सङ्कल्पको सहारा लिने गर्छन् ।

तथापि, नाकाबन्दीले सही लक्ष्यमा मार नहान्न सक्छ । सरकारी सम्भ्रान्तहरूलाई तिनको खासै असर नपर्न सक्छ जबकि साधारण नागरिकहरूले भने महँगो मूल्य वा आयातित वस्तुको अभाव, कहिलेकाहीँ त खानेकुरा तथा औषधिजस्ता अत्यावश्यक वस्तुको अभावको सामना गर्नुपर्ने हुन्छ । सैन्य युद्धको तुलनामा व्यापार युद्धहरू ठीक हुने भए तापनि दुवैलाई हुन नदिएर आपसी निर्भरता र बुझाइ प्रवर्द्धन गर्ने माध्यमका रूपमा व्यापारलाई खुला राख्नु नै सर्वोत्तम विकल्प हो ।

# १० शोधनान्तर घाटा

## शोधनान्तर

कुनै देशसँग शोधनान्तर घाटा छ भने त्यसले पनि यस्तो घाटाको कारक देशलक्षित व्यापारिक अवरोधहरू खडा गर्न प्रेरित गर्नसक्छ ।

कुनै देशको शोधनान्तर भनेको त्यस देशको निश्चित अवधिमा भएका सबै अन्तर्राष्ट्रिय लेनदेनहरूको खाता हो । वस्तु र सेवाहरूको निर्यात र आयातका लेनदेनहरू अभिलेख गरिने खण्डलाई चालु खाता भनिन्छ । जमिन, सम्पत्ति, स्टक र ऋणपत्रजस्ता सम्पत्तिका लेनदेनहरूको अभिलेख राख्ने खण्डलाई पूँजी खाता भनिन्छ । (केही अर्थशास्त्रीहरूले यस तत्वलाई अझ विभाजन गरी 'पूँजी खाता'लाई गैरवित्तीय सम्पत्तिहरूका लागि मात्र प्रयोग गर्छन् र वित्तीय सम्पत्तिहरूका लागि 'वित्तीय खाता' प्रयोग गर्छन् ।)

कुनै देशले आफ्नो निर्यातभन्दा बढी मूल्यका सामान र सेवाहरू आयात गर्छ भने त्यसलाई चालु खाता घाटा भनिन्छ (कहिलेकाहीँ यसलाई शोधनान्तर घाटा पनि भनिन्छ) । यसको अर्थ, उक्त देशले आयातका लागि बढी रकम तिर्दैछ र निर्यातबाट कम रकम प्राप्त गर्दैछ । तर, अवश्य पनि, यो अन्तर पूर्ति हुनुपर्छ; र यदि सबै लेनदेनहरू सही रूपमा अभिलेखन भएका छन् भने, चालु खाताको घाटा बराबार पूँजी खातामा बचत हुनुपर्छ । सरल भाषामा भन्नुपर्दा, कुनै देशले आफ्नो निर्यातबाट प्राप्त गर्नेभन्दा बढी आयातमा खर्च गर्छ भने त्यो अन्तर पूर्ति गर्न उक्त देशले सम्पत्ति बेच्नुपर्छ वा ऋण लिनुपर्छ । यस्तो अवस्थाले राजनीतिक कठिनाइ निम्त्याउन सक्छ किनभने यसले उक्त देशले आफ्नो खर्च तिर्न सकेको छैन भन्ने देखाउँछ ।

यस्तो घाटालाई कम गर्न निर्यातको आम्दानी बढाउन सकिन्छ वा आयातमा खर्च कम गर्न सकिन्छ । दुर्भाग्यवश, यो विचारले राजनीतिज्ञहरूलाई संरक्षणवादतर्फ आकर्षित गर्न सक्छ । उदाहरणका लागि, उनीहरूले निर्यात उद्योगलाई अनुदान दिन सक्छन् जसले उनीहरूका वस्तुहरूलाई विदेशी उपभोक्तामाझ सस्तो बनाउँछ वा आयातमाथि भन्सार वा कोटा लगाउन सक्छन् जसले स्वदेशी उपभोक्तामाझ विदेशी सामानहरूलाई अनाकर्षक वा अपर्याप्त बनाउँछ ।

## शोधनान्तर घाटा सधैँ समस्या होइन

यद्यपि, शोधनान्तर घाटा सधैँ समस्या भने होइन । यदि कुनै देशले आफ्नो ऋणको ब्याज तिर्न सकिरहेको छ र उक्त रकमलाई थप समृद्धि सिर्जना गर्ने लगानीहरूउपर खर्चिरहेको छ भने उसले घाटालाई निरन्तरता दिनसक्छ र पछि उक्त लगानीहरूको प्रतिफल आएपछि आफ्नो ऋण तिर्नसक्छ । यो कुनै व्यवसायले आफ्नो उत्पादन सुधार्नका लागि ऋण लिएर नयाँ उपकरण किनेजस्तै हो ।

उदाहरणका लागि, उन्नाइसौँ शताब्दीमा संयुक्त राज्य अमेरिकाको शोधनान्तर घाटा निकै गहिरो थियो तर उसले तेल खानीको अन्वेषण, सडक तथा रेलमार्गमा लगानी गरिरहेको थियो । यसले उसको यातायात र व्यापार क्षेत्रलाई टेवा दियो । प्रथम विश्व युद्धको अन्त्यसम्ममा अमेरिका विश्वको सबैभन्दा ठूलो निर्यातकर्ता बन्न पुग्यो । यसविपरीत सन् १९९० को दशकमा, केही दक्षिणपूर्वी एशियाली देशहरूले आफ्नो आर्थिक वृद्धिले धान्न सक्नेभन्दा धेरै ऋण लिए र पछि ब्याज तिर्नका लागि भनेर थप ऋण लिए । उनीहरूको बढ्दो घाटाले सन् १९९७-९८ ताका 'एशियाली सङ्कट' निम्त्यायो ।

घाटाले खराब नीतिभन्दा पनि बजारमा हुने प्राकृतिक परिवर्तनलाई

प्रतिबिम्बित गरेको पनि हुनसक्छ । उदाहरणका लागि, बेलायतले तेल र रसायनहरू निर्यात गर्छ जुन अन्तर्राष्ट्रियरूपमा डलरमा किनबेच हुन्छन् । सन् २०१६ को ब्रेक्जिट मतदानअघि यी वस्तुहरूको डलर मूल्यमा गिरावट आयो जसले बेलायतको निर्यात आम्दानी घटायो र उसको व्यापार घाटा बढायो । तर यूरोपेली सङ्घ छोड्ने निर्णय गरेपछि, डलरको तुलनामा बेलायती पाउण्डको मूल्यमा ह्रास आयो । त्यसले गर्दा अब बेलायतको निर्यातबाट आम्दानी भएको डलरले घरेलु बजारमा अझ धेरै खरीद गर्नसक्ने भयो र साथै आयात (जुन अब पाउण्डमा त झन् महँगो हुन गए) घट्यो । यी सबैले बेलायतको व्यापार घाटा कम गर्न मद्दत गरे ।

बचत तथा लगानीले पनि कुनै देशको शोधनान्तर घाटालाई प्रभाव पार्न सक्छन् । व्यवसायहरूलाई आफ्नो उत्पादनमा लगानी गर्नका लागि आवश्यक पर्ने रकम मानिसहरूको बचतबाट आउने गर्छ । यदि व्यवसायहरूले गरिरहेको लगानीभन्दा मानिसहरूको बचतको स्तर कम भयो भने व्यवसायहरूले थप पूँजी विदेशमा खोज्नुपर्ने हुन्छ । अनि यदि मानिसहरूले बचत गर्नुको सट्टा खर्च धेरै गरे भने यसले माग बढाउँछ र आयातलाई बढावा दिन्छ । परिणामस्वरूप, चालु/वित्तीय खाताको घाटा बढ्छ ।

कम्पनीहरूको लगानीका लागि आन्तरिक बचतको अभाव संयुक्त राज्य अमेरिकामा संसारको सबैभन्दा ठूलो निरन्तर घाटा हुने कारणहरूमध्ये एक हो । (यद्यपि असाधारण रूपमा, अमेरिकाले डलर छापेर आफ्नो बढी खर्चलाई पूर्ति गर्न सक्छ, किनकि डलर मुख्य अन्तर्राष्ट्रिय व्यापार मुद्राका रूपमा निरन्तर मागमा रहने भएकाले यसको मूल्य कायम रहन्छ ।) यसविपरीत, संसारको सबैभन्दा ठूलो व्यापार बचत जर्मनीको छ । यसको कारण आंशिक रूपमा यूरोको सृष्टिले यसको निर्यातकर्ताहरूलाई फाइदा पुगेकोले हो तर यसमा उच्च आन्तरिक बचतको पनि हिस्सा छ ।

जापानमा पनि लगानीभन्दा बढी बचत छ, त्यसैले बचतकर्ता र कोष व्यवस्थापकहरूले बढी नाफामूलक लगानीका अवसरका लागि विदेश ताक्नुपर्ने हुन्छ जसले गर्दा जापानमा चालु खाता बचतमा छ, तर पूँजी खाता घाटामा ।

## अन्तरदेशीय घाटा

कुनै देशको विश्वसँग शोधनान्तर घाटाका पछाडि विभिन्न कारणहरू हुने भएकाले र ती कारणहरू हानिकारक नहुन पनि सक्ने हुनाले यसलाई संरक्षणवादका लागि बहानाको रूपमा प्रयोग गर्नु राम्रो होइन । कुनै देशको अर्को देशसँग हुने शोधनान्तर घाटालाई संरक्षणवाद अवलम्बन गर्ने बहानाको रूपमा प्रयोग गर्नु त झनै खराब हो । यद्यपि, राजनीतिज्ञहरूले यो बहाना बेलाबेलामा प्रयोग गरिरहेका हुन्छन् । उदाहरणका लागि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको चीन र मेक्सिकोसँग भएको व्यापार घाटालाई व्यापार सम्झौतालाई संशोधन गर्न र आयातमा अवरोध थप्ने कारणको रूपमा उद्धृत गरेका थिए ।

तर कुनै देशको अर्को देशसँग व्यापार घाटा हुनु कुनै अनौठो कुरा होइन किनभने अरू देशसँग उसको व्यापार बचत भइरहेको हुनसक्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाले केही देशहरूबाट लत्ताकपडा, विद्युतीय सामान र कार आयात गर्छ भने केही देशहरूलाई खाद्यपदार्थ, तेल, वित्तीय सेवा र हवाईजहाज निर्यात गर्दछ । संयुक्त राज्य अमेरिकाको चीन, मेक्सिको र क्यानडासँग शोधनान्तर घाटा छ भने अष्ट्रेलिया, बेलायत, ब्राजिल तथा अर्जेन्टिनासँग शोधनान्तर बचत छ । एउटा साधारण उदाहरण दिनुपर्दा : मेरो नाईसँग मेरो शोधनान्तर घाटा छ किनभने कपाल काटेँबापत म उसलाई पैसा तिर्छु तर उसले मसँग केही पनि किन्दैन । तर मेरो मेरा रोजगारदातासँग चाहिँ शोधनान्तर बचत छ किनभने उनीहरू

मेरो श्रमबापत पैसा तिर्छन् तर म उनीहरूबाट केही किन्दिनँ ।

द्विपक्षीय व्यापारका तथ्याङ्कलाई गणना गर्ने तरिकाले पनि कहिलेकाहीँ विकृत बनाइरहेको हुन्छ । विदेशी वस्तुहरूको अभिलेख राख्दा जहाँबाट आएको भए तापनि उक्त वस्तुको अन्तिम चरण जुन देशमा सम्पन्न भयो उक्त वस्तुलाई सोही देशअन्तर्गत अभिलेखन गरिन्छ भलै त्यो अन्तिम चरणले समग्र प्रक्रियामा न्यून मात्र हिस्सा ओगटेको र अन्तिम मूल्यमा थोरै मात्र योगदान दिएको किन नहोस् । प्रायजसो यस्तो अन्तिम देश चीन हुने गर्छ जहाँ धेरै वस्तुहरूका पार्टपूर्जाहरूलाई ल्याएर जोडजाड गरेर अन्तिम वस्तु बनाउने र त्यसलाई प्याकेज गर्ने गरिन्छ । यसले गर्दा पनि संयुक्त राज्य अमेरिकालगायतका देशहरूसँग चीनको शोधनान्तर बचत वास्तविकताभन्दा बढी देखिन्छ (होचबर्ग २०२०) ।

## विनिमय दर

डोनाल्ड ट्रम्पले चीनको आलोचना गर्दा चीनले आफ्नो मुद्राको मूल्य कृत्रिम रूपमा न्यून राखेको जसले गर्दा चिनियाँ निर्यात अमेरिकीहरूका लागि सस्तो भएको र अमेरिकी निर्यात चिनियाँहरूका लागि महँगो बन्न गएको पनि आरोप लगाएका थिए ।

विनिमय दर भनेको कुनै एउटा देशको मुद्रा बराबर अर्को देशको मुद्रा कति हुने भन्ने दर हो । उदाहरणका लागि, एक डलर बराबर कति पाउण्ड वा कति रुबल हुने भन्ने दर । हाल, अधिकतर मुद्राहरू विदेशी विनिमय बजारमा खुला रूपमा किनबेच हुने गर्छन् र अन्य वस्तुको बजारमा जस्तै मुद्राहरूको मूल्य पनि आपूर्ति र मागले निर्धारण गर्छ । यदि विश्वभरिका मानिसहरूले अमेरिकी वस्तुहरू किन्ने चाहना गरे भने उनीहरूले अमेरिकी उत्पादकहरूलाई तिर्नका लागि उनीहरूलाई डलरको आवश्यकता पर्छ जसले डलरको मूल्यलाई उकास्छ । यदि अमेरिकीहरूले विदेशी वस्तुहरू

किन्ने चाहना गरे भने उनीहरूले डलर बेचेर विदेशी मुद्रा किन्नुपर्ने हुन्छ र डलरको मूल्य ओरालो लाग्छ ।

विनिमय दरले आपूर्ति र मागमा हुने अल्पकालीन उतारचढावलाई पनि प्रतिबिम्बत गर्छ। उदाहरणका लागि एकदम जाडो मौसमको दौरानमा जब मानिसहरू न्यायो स्थानमा बिदा मनाउनका लागि घमाइला पर्यटकीय गन्तव्यहरूको खोजी गर्न थाल्छन् ती स्थानका मुद्राको मूल्य बढ्नसक्छ । वा जब कुनै देशको केन्द्रीय बैंकले ब्याजदर बढाउँदा लगानीकर्ताहरूले त्यस देशको मुद्रा किन्न खोज्न सक्छन् ताकि त्यसमा लगानी गरेर उच्च ब्याजदरको फाइदा लिन सकियोस् । बजारहरूले अनुमान (स्पेकुलेशन) लाई पनि प्रतिबिम्बित गर्छ जस्तै यदि लगानीकर्ताहरूले कुनै देशको मुद्राको मूल्य भविष्यमा घट्छ भन्ने अनुमान गरे भने (जस्तै बेलायतको सन् २०१६ को ब्रेक्जिट मतदानजस्तो राजनीतिक अनिश्चितताले गर्दा), उनीहरूले उक्त मुद्रा बेच्न सक्छन् ।

## सरकारी हस्तक्षेप

तर बजारको दबाबले जस्तै सरकारहरूले पनि विदेशी विनिमय बजारलाई प्रभावित पार्न सक्छन् । उनीहरूले मूल्यलाई प्रभावित पार्नका लागि विभिन्न मुद्राहरू (आफ्नै मुद्रासमेत) किनबेच गर्ने गर्छन् । उनीहरूले कुनै अस्थायी विचलनले गर्दा बजारमा आएको अस्थिरतालाई शान्त पार्न वा आफ्नो अर्थतन्त्रमा लगानीकर्ताको विश्वास फर्काउनका लागि पनि यस्तो कदम चाल्न सक्छन् ।

तथापि, सरकारहरूले व्यापारमा लाभ लिनका लागि पनि विनिमय दरमा चलखेल गर्न सक्छन् । यसैका बारेमा ट्रम्पले चीनलाई आरोप लगाएका थिए । प्रायजसो उनीहरू आफ्नो मुद्राको विनिमय दर कृत्रिमरूपमा कम राख्न खोज्न सक्छन्, जसले उनीहरूका निर्यातलाई सस्तो बनाइदिन्छ र

विदेशी ग्राहकहरूका लागि आकर्षक बनाउँछ, साथै घरेलु ग्राहकहरूमाझमा आयातलाई महँगो बनाएर आयात घटाउन मद्दत गर्छ । यद्यपि, यसरी सहजै बिक्री हुने भएपछि त्यसले निर्यातकर्ताहरूलाई आलसी र अकौशल बनाउन सक्छ र साथै आयात महँगो हुँदा त्यसले स्वदेशी उपभोक्ताहरूलाई र कहिलेकाहीँ स्वदेशी उत्पादकहरूलाईसमेत हानि पुऱ्याउँछ । साथै, यदि मुद्राको अवमूल्यन अकस्मात र ठूलो मात्रामा भयो त्यसको गहिरो प्रभाव पर्नसक्छ । उदाहरणका लागि, सन् १९९२ मा पूर्व सोभियत सङ्घ टुक्रिएपछि बेलारुसले आफ्नो मुद्राको अवमूल्यन गर्दा मुद्रास्फिति १०० प्रतिशत कटेको थियो र ब्याजदर ४५ प्रतिशतसम्म पुगेको थियो ।

समग्रमा, व्यापारिक लाभ प्राप्त गर्नका लागि सरकारहरूले आफ्ना मुद्रामा चलखेल गर्नसक्छन् तर यसको आफ्नै सीमितता हुन्छन् । यस्ता सीमिततालाई पार गर्न खोजेमा उनीहरू वास्तविकताको धरातलमा पछारिनुपर्ने हुन्छ जुन प्रायः पीडादायी हुन्छ ।

## भाग पाँच

# व्यापारको वर्तमान अवस्था

# ११ स्वतन्त्र बजारको पुनरागमन

## युद्धपछि व्यापारप्रतिको प्रतिबद्धता

शान्ति कायम हुँदा संरक्षणवाद जति नै आकर्षक भएको भए तापनि र दुइटा विश्वयुद्धको दौरानमा राज्यको नियन्त्रण जति नै आवश्यक भएको भए तापनि दोस्रो विश्वयुद्धको अन्त्यसम्म आइपुग्दा पश्चिमा शक्तिहरूले व्यापारमा अवरोध खडा गर्ने काम आत्मघाती मात्र नभएर यसले विनाशकारी द्वन्द्वलाई पनि मलजल गरेको महसुस गरेका थिए । सोभियत सङ्घ, चीन तथा दक्षिणपूर्वी एशियालगायतका देशहरू सहभागी नहुने निर्णय गरेता पनि पश्चिमा राष्ट्रहरूले मिलेर सन् १९४८ मा भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) मा हस्ताक्षर गरे जसको उद्देश्य उनीहरूको व्यापार सञ्जालहरूलाई पुनःनिर्माण गर्ने र तिनलाई पहिलेभन्दा बढी स्वतन्त्र र खुला बनाउने रहेको थियो ।

ग्याट व्यापारका लाभहरूमाथिको विश्वास र थप सहकार्यले राष्ट्रहरूबीचको समझदारी र शान्तिलाई प्रवर्द्धन गर्छ भन्ने विचारद्वारा प्रेरित थियो । यो नियममा आधारित थियो र ती नियम मान्न तयार जोकोहीका लागि पनि सदस्यता खुला थियो । संरक्षणवादलाई निरुत्साहित गर्ने र यसमा सहभागी देशले कुनै अर्को देशलाई व्यापारअनुकूल शर्त प्रदान गरेमा अरू सबै देशहरूलाई पनि समान शर्त प्रदान गर्नुपर्ने प्रावधान ('परममित्र राष्ट्र' प्रावधान) थियो ।

ग्याट प्रभावशाली परिणाम ल्याउन सफल भएको छ। यसमा सहभागी देशहरूको सङ्ख्या सन् १९४८ मा २३ रहेकोमा हाल बढेर १६० भन्दा माथि पुगेको छ (विश्व व्यापार सङ्गठन २०१६) । सन् १९४७ मा विश्वको

औसत भन्सार दर २० प्रतिशतभन्दा बढी (ब्राउन र इर्विन २०१५) वा केही गणनाहरूअनुसार ४० प्रतिशत (विश्व बैंक १९८७) रहेकोमा सन् २०१७ मा यो घटेर केवल २.६ प्रतिशतमा आइपुगेको छ (विश्व बैंक २०१९) ।

> ग्याटको महत्व संस्थाको रूपमा यसले के हासिल गऱ्यो भन्नेमा जति छ प्रक्रियाका सन्दर्भमा यसले के प्रतिनिधित्व गर्छ भन्ने कुरामा पनि उत्तिकै छ । ग्याटले वाणिज्य नीतिहरूका लागि एउटा मापदण्ड तय गऱ्यो र स्वतन्त्र बहुपक्षीय व्यापारको लक्ष्य प्राप्त गर्न प्रयास गर्नु सार्थक छ भन्ने सम्झाइ रह्यो । नियमहरूको सँगालोको रूपमा काम गरेर ग्याटले भन्सार दरहरू केवल एक दिशामा अर्थात् ओरालोतर्फमात्र अगाडि बढ्ने कुरा सुनिश्चित गऱ्यो...
>
> -डगलस ए. इर्विन (१९९५)

व्यापार उदारीकरणलाई राजनीतिक सुधारको श्रृङ्खलाले पनि टेवा पुऱ्यायो । ती राजनीतिक सुधारहरूले विश्वका प्रमुख राष्ट्रहरूलाई विश्व व्यापारको सञ्जालमा आबद्ध गराउनुका साथै लगानी, मानिस तथा विचारहरूको प्रवाहका अवरोधहरूलाई पनि न्यूनीकरण गरे । सन् १९७६ मा माओत्से तुङको मृत्युपछि चीनले उदारीकरण गऱ्यो; यूरोपमा सन् १९८९ मा बर्लिनको पर्खाल ढल्यो र पूर्वतिरका राष्ट्रहरूले पश्चिमसँग स्वतन्त्ररूपमा व्यापार गर्न थाले; विकासशील देशहरूले आयात प्रतिस्थापन नीतिहरू परित्याग गर्दै खुला व्यापारलाई स्वीकार गर्न थाले; भारतले १९९१ मा उदारीकरणका आर्थिक सुधारहरू लागू गऱ्यो; र १९९३ मा यूरोपियन यूनियनले भन्सार मुक्त 'एउटै बजार' स्थापना गऱ्यो ।

## क्षितिज विस्तार

सन् १९४८ यता भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) को सदस्यता र पहुँच दुवै व्यापक मात्रामा विस्तार

भए । सन् १९८० को दशकको अन्त्यतिर ग्याटले कृषि क्षेत्र (सधैँ सबैभन्दा विवादास्पद मुद्दाहरूमध्ये एक) मा र विश्व व्यापारको झन् भन्दा झन् महत्वपूर्ण हिस्सा बन्दै गएको सेवाको क्षेत्रमा (यस क्षेत्रको उदयले व्यावसायिक मापदण्ड, बौद्धिक सम्पत्ति तथा प्रतिलिपि अधिकारका मुद्दाहरूसम्बन्धी चासोहरूलाई बढावा दिइरहेको थियो) पनि केही प्रगतिहरू हासिल गर्न थालेको थियो ।

ग्याट मुख्यतः विभिन्न चरणका वार्ताहरूको श्रृङ्खला थियो तर सन् १९८० को दशकमा धेरैले यो संस्थालाई एक औपचारिक अन्तर्राष्ट्रिय निकायको रूपमा रूपान्तरण गर्न सकिए अझ राम्रो काम गर्ने कुरा महसुस गरे । यसको परिणामस्वरूप, सन् १९९५ मा विश्व व्यापार सङ्गठन स्थापना भयो । नयाँ संस्थाले अनुदान, बौद्धिक सम्पत्ति, उत्पादनका मापदण्डहरू, र अन्य मुद्दाहरूमा भएको वार्ताहरूको विस्तारलाई समेट्यो । अहिले, व्यापारसम्बन्धी विवादहरूमा विशेषज्ञहरूको टोलीले फैसला गर्छ । यस्ता फैसलाहरू देशहरूलाई अनिवार्य रूपमा पालन गर्न बाध्य पार्न त सकिँदैन तर पालन नगरे उनीहरूले अन्य देशबाट प्रतिकारको सामना गर्नुपर्ने हुनसक्छ ।

विश्व व्यापार सङ्गठनको स्थापना गर्नुको अर्को कारण रोजगारी, कल्याण तथा नैतिकतासम्बन्धी उच्च मापदण्डप्रति आफ्नो प्रतिबद्धताले गर्दा आफूभन्दा कम वा न्यून मापदण्ड कायम गर्ने विकासशील देशहरूसँगको प्रतिस्पर्धामा आफूहरू पछाडि परिरहेका छौँ भन्ने विकसित राष्ट्रहरूको सरोकार पनि थियो । तिनीहरूले नयाँ निकायले यी मुद्दाहरूलाई समाधान गर्न मद्दत गर्ने आशा गरेका थिए ।

यसका अलावा, उत्पादन वास्तवमै विश्वतः बन्न गएको थियो । भौतिक पार्टपूर्जाहरूको विश्वव्यापी उत्पादन मात्र नभएर डिजाइन, लगानी, वित्त, जडान (एसेम्बली), ढुवानी, बजारीकरण तथा वितरणजस्ता कार्यहरू

पनि समेट्ने गरी विश्वव्यापी मूल्य श्रृङ्खलाको उदय भएको थियो । व्यापारसम्बन्धी वार्तामा यी सबै कुरालाई पनि समेट्ने र सम्पूर्ण प्रक्रियामा गुणस्तरका मापदण्डहरू सुनिश्चित गर्ने चाहना थियो । यो महत्वपूर्ण थियो किनभने केही मापदण्डहरू उद्योगहरू आफैँले तय गर्ने भए तापनि अन्य मापदण्डहरू सरकारहरूले तय गर्ने गर्छन् र उत्पादन श्रृङ्खला विभिन्न देशहरूमा फैलिएको अवस्थामा, एउटा देशमा समस्या आएमा त्यसले सम्पूर्ण सञ्जाललाई नै अस्तव्यस्त बनाउने सम्भावना हुन्छ ।

## फरक तरिकाहरू

संरक्षणवादले अझै पनि व्याप्त छ तथापि अन्तर्राष्ट्रिय व्यापार समग्रमा झनै स्वतन्त्र भएको छ । विभिन्न देश तथा क्षेत्रहरूले भिन्नभिन्न तरिकाले आफ्नो व्यापारलाई उदारीकरण गरिरहेको छन् । आफ्नो देशको राजनीतिक वास्तविकतालाई ध्यान दिँदै उनीहरूको उदारीकरणको गति पनि फरकफरक रहेको छ ।

**एशियाली हस्तक्षेपवाद** : एशियाली बाघ भनेर चिनिने अर्थतन्त्रहरू पनि खासै शुद्ध स्वतन्त्र बजार उदारवादको नमुना त थिएनन् । तिनका सरकारहरूले प्रायः आफ्नो देशमा निर्यातमा तुलनात्मक लाभको सम्भावना भएका क्षेत्रहरू पहिचान गर्थे र लगानीलाई त्यस क्षेत्रतर्फ डोऱ्याउँथे । अगाडि उल्लेख गरिएजस्तै यसको एउटा प्रमुख उदाहरण जापानको अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्रालय हो । यद्यपि, समग्र रोजगारी सिर्जनामा यस मन्त्रालयको सफलतालाई बढाइचढाइ गरेर प्रस्तुत गरिने गरिएको छ । यदि उक्त मन्त्रालयबाट स्रोत अन्यत्र नलगिएको भए शायद अन्य उद्योगहरू झनै सफल हुन्थे कि ? यो थाहा पाउन सम्भव छैन । फेरि, जापानको अर्थतन्त्र साह्रै एकीकृत थियो र त्यसैले केन्द्रबाट नियन्त्रण गर्न सजिलो थियो । तसर्थ, जापानलाई आदर्श नमूनाको रूपमा लिन

नसकिएला ।

चीनले पनि सन् १९७८ को सुधारपछि आफ्नो बजार अन्तर्राष्ट्रिय व्यापारका लागि खुला गऱ्यो र हाल यो एउटा ठूलो निर्यातकर्ता देश बनेको छ। यसको फलस्वरूप चीनले तीव्र गतिमा आर्थिक वृद्धि गरेको छ। तर पनि, चीनले आफ्नो निर्यात रणनीतिलाई भाग्यभरोसामा छोडेको छैन र आफ्नो अर्थतन्त्रमा व्यापक हस्तक्षेप गर्ने गरेको छ । उदाहरणका लागि चीनले सोलार प्यानलजस्ता आफ्ना प्रमुख उद्योगहरूलाई अनुदान दिने गरेको छ र आलोचकहरूका अनुसार विदेशी आयातकर्ताहरूमाझ आफ्ना उत्पादनहरूलाई आकर्षक बनाउनका लागि आफ्नो मुद्राको मूल्यमा हेरफेर, चलखेल पनि गर्ने गरेको छ । यसले सम्बन्धित क्षेत्रहरूलाई त फाइदा गरेको छ तर यसको लागत चिनियाँ उपभोक्ता तथा करदाताहरूमाथि थोपरेको छ ।

**विशेष आर्थिक क्षेत्रहरू** ः एशियामा तथा अन्यत्र पनि व्यापारको माध्यमबाट वृद्धि प्रवर्द्धन गर्नका लागि प्रयोग गरिने अर्को रणनीति भनेको विशेष आर्थिक क्षेत्र को स्थापना हो। यी क्षेत्रहरूले देशभित्र अन्यत्र प्रचलित नियमहरूभन्दा बढी उदार नियमहरू लागू गरेर व्यापार तथा लगानी प्रवर्द्धन गर्ने उद्देश्य राखेका हुन्छन्। हाल विश्वभर लगभग ३ हजार विशेष आर्थिक क्षेत्रहरू छन्। तिनीहरूमा मकाउ, हङकङ र सिङ्गापुरजस्ता स्वतन्त्र बन्दरगाहहरू; र आयरल्याण्डको श्याननजस्ता क्षेत्रहरू समावेश छन्, जसले सामानहरू वा पार्टपूर्जाहरू आयात गरी, प्रशोधन वा जडान गरेर, पुनः निर्यात गर्छन् । यी क्षेत्रहरूलाई सामान्यतया पालना गरिनुपर्ने भन्सार प्रशासनको झन्झटबाट परै राखिन्छ ।

विशेष आर्थिक क्षेत्रहरूले देशहरूलाई पूर्णरूपमा विदेशी प्रतिस्पर्धाका लागि खुला नगरिकन केही विदेशी प्रतिस्पर्धालाई व्यवस्थितरूपमा आउन दिने अवसर प्रदान गर्छन्। तिनले विदेशी लगानीकर्तालाई बोझिलो स्थानीय

कर वा नियमनबाट पनि जोगाउँछन् (पून र रिग्बी २०१७: अध्याय ६) ।

**क्षेत्रीय व्यापार सम्झौता** : पूर्ण संरक्षणवाद र विश्वसँग खुला व्यापारबीचमा रहेको एउटा मध्यविन्दु भनेको क्षेत्रीय व्यापार सम्झौता गर्नु हो । क्षेत्रीय व्यापार सम्झौतामा देशहरूको एउटा समूहले स्वतन्त्र व्यापार सम्झौता गर्छ जसअन्तर्गत ती देशहरूको सिमानाभित्र निश्चित वस्तुहरू (वा सबै किसिमका वस्तुहरू) लाई खुलारूपमा आयात तथा निर्यात गर्न दिइन्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाले कोस्टारिका, एल साल्भादोर, ग्वाटेमाला, होण्डुरस, निकारागुवा र डोमिनिकन गणतन्त्रसँग स्वतन्त्र व्यापार सम्झौता गरेको छ भने यूरोपेली सङ्घले नर्वे, आइसल्याण्ड, स्विट्जरल्याण्ड र लिक्टेन्सटाइनसँग स्वतन्त्र व्यापार सम्झौता गरेको छ ।

आदर्शतः कुनै पनि क्षेत्रीय व्यापार सम्झौताले गैरसदस्यहरूलाई कुनै हानि नपुऱ्याइकन यसका सदस्यहरूबीचको संरक्षणवादलाई न्यूनीकरण गर्नुपर्छ । तर सधैँ यस्तो हुँदैन । उदाहरणका लागि, यूरोपेली सङ्घ एउटा भन्सार सङ्घ हो जसमा सहभागी सदस्यहरूले एकअर्कासँग स्वतन्त्र व्यापार गर्ने सहमति गरेका छन् । तर तिनीहरूले बाँकी विश्वमाथि चाहिँ साझा भन्सार दर लगाउँछन् । यसरी भन्साररहित आन्तरिक एकल बजारले यूरोपेली सङ्घका सदस्यहरूबीच प्रतिस्पर्धा, विशिष्टीकरण र व्यापार प्रवर्द्धन गर्छ जसले गर्दा कल्याणमा र कार्यदक्षतामा सकारात्मक योगदान पुग्छ र भन्सारको कर्मचारीतन्त्रमा पनि कटौती भएको छ । तथापि, यूरोपेली सङ्घले सुन्तलाको जुस, दूधजन्य र अन्य कृषिजन्य उत्पादनहरूमा लगाउने उच्च भन्सार दर स्पष्टरूपमा नै संरक्षणवादी प्रावधानहरू हुन जुन यूरोपेली सङ्घका कृषकहरूलाई लाभका खातिर लगाइएका हुन् । गरिब देशका कृषकहरूका लागि यो नीति जति अन्यायपूर्ण भए तापनि यूरोपेली सङ्घको कुनै पनि सदस्य राष्ट्रले उनीहरूका लागि अनुकूल नीति धारण गर्न पाउँदैन ।

त्यसैगरी आन्तरिक शुल्क वा भन्सार नलाग्दैमा साझेदारहरूबीचको व्यापार पूर्णत स्वतन्त्र छ भन्नेचाहिँ होइन । यूरोपेली सङ्घका सदस्यहरूले आफ्ना साझेदारहरूबाट आउने आयातको प्रतिरोध गर्नका लागि प्रायः गैर भन्सार अवरोधहरू प्रयोग गर्ने गरेका छन् जस्तै कर्मचारीतन्त्रको ढीलाइ वा उत्पादनका मापदण्डसम्बन्धी विभिन्न कागजात तथा प्रक्रिया पुऱ्याउनुपर्ने नियम (फिशर २०२१) ।

## क्षेत्रीय व्यापार सम्झौताका उदाहरण

विश्वभर ४ सयभन्दा बढी व्यापार सम्झौताहरू छन् तर तीमध्यै सबै स्वतन्त्र व्यापार सम्झौताहरू भने होइनन् । साझा रुचि, इतिहास वा भाषा भएका स्थानमा क्षेत्रीय सम्झौता गर्न तुलनात्मकरूपमा सजिलो हुनसक्छ । तर सदस्य राष्ट्रहरूबीचमा ठूलो फाटो (जस्तै ऋणको स्तर, मुद्रास्फिति वा कर नीतिमा) आयो भने व्यापारका सङ्गठित क्षेत्रहरू टुक्रिन पनि सक्छन् । कहिलेकाहीँ मतान्तरले पनि फाटो ल्याउनसक्छ जस्तैः यूरोपेली सङ्घबाट बेलायतको बहिर्गमन ।

तलका उदाहरणले यस्ता सम्झौताहरूको विविधता र तिनका सदस्य राष्ट्रहरूको आन्तरिक राजनीतिमाथिको तिनको निर्भरतालाई देखाउँछ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिका र यूरोपेली सङ्घबीच प्रस्तावित सम्झौता , जुन सम्भवतः संसारकै सबैभन्दा ठूलो हुन सक्थ्यो, मुख्यतया अमेरिकी उत्पादकहरूको प्रतिस्पर्धासम्बन्धी सरोकार र यूरोपेली सङ्घका यूनियन र वातावरणीय समूहहरूको मापदण्डसम्बन्धी आपत्तिका कारण असफल भयो ।

यी उदाहरणहरूले भूराजनीतिको महत्वलाई पनि झल्काउँछन् जस्तै दक्षिणपूर्वी एशियाली देशहरूको पश्चिमा उपभोक्ताहरूसँगको निर्भरता न्यूनीकरण गर्ने प्रयास वा प्रशान्त महासागरको तटीय क्षेत्रमा अमेरिकाको

प्रभाव घटाउने चीनको प्रयास । अझै पनि विश्वको अधिकतर हिस्सामा स्वतन्त्र व्यापारकै लागि व्यापार सम्झौता गर्ने कुरा सपनामा मात्र सीमित छ ।

**यूरोपेली संघ** : सन् १९५० को दशकमा भएको कोइला तथा इस्पातसम्बन्धी सम्झौताबाट शुरू गरेर २७ वटा यूरोपेली राष्ट्रहरूले हाल विश्वको सबैभन्दा एकीकृत व्यापार क्षेत्र (ब्लक) बनाएका छन् । ती राष्ट्रहरूमध्ये धेरैले विनिमयका लागि एउटै मुद्रा (यूरो) प्रयोग गर्ने गर्छन् र सबैजनाले साझा मापदण्ड र नियमनहरू मानेर एउटै बजारको हिस्सा बनेका छन् । तथापि, यस एकल बजारको अवधारणाका केही समस्या (जस्तै सेवा क्षेत्र) र विभिन्न गैरभन्सार अवरोधहरूले आन्तरिक व्यापारमा घर्षण पैदा गरिरहेका छन् । साथै यूरोपेली सङ्घले अरूविरुद्ध चाहिँ उच्च दरमा संरक्षणवादी भन्सार महसुल लागू गरेको छ, विशेषगरी कृषिजन्य आयातको हकमा ।

**उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा)** : सन् १९९४ मा क्यानडा, संयुक्त राज्य अमेरिका र मेक्सिकोले मिलेर विश्वको सबैभन्दा ठूलो स्वतन्त्र व्यापार सम्झौता गरे । व्यावसायिक यात्रालाई सहज बनाइयो, विभिन्न भन्सार महसुल हटाइयो र तीनै राष्ट्रले एकअर्कालाई 'परममित्र राष्ट्र' को दर्जा दिए (अर्थात् उनीहरूले अन्य कुनै देशलाई दिएको सुविधा वा अनुकूल शर्तभन्दा कम सुविधा एकअर्कालाई दिन पाउँदैनथे) । उनीहरूले विवाद समाधानको संयन्त्र पनि स्थापना गरे । उक्त सम्झौताले व्यापार बढायो र वस्तुहरूको मोल घटायो ।

**संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानडा सम्झौता** : सन् २०१७ मा, मुख्यतः औद्योगिक रोजगारीहरू मेक्सिकोतिर सरेकोमा बिच्किएको अमेरिकाको दबाबमा नाफ्टाका लागि पुनः वार्ता गरियो । केही कोटाहरू लगाइए र उत्पादनमूलक क्षेत्रमा केही भन्सार पनि लगाइयो ।

पर्यावरणीय तथा रोजगारीसम्बन्धी मापदण्डहरूमा र साथै डिजिटल व्यापार तथा बौद्धिक सम्पत्तिका सम्बन्धमा नयाँ सम्झौताहरू पनि भए ।

**दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन (आसियान)**ः सन् १९६७ मा स्थापना गरिएको यस सङ्गठनले आफ्नो क्षेत्रमा व्यापार, वृद्धि र विकास प्रवर्द्धन गर्ने उद्देश्य राखेको थियो । सन् १९८९ मा आसियानबाटै एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) को स्थापना भयो जुन कृषिजन्य तथा प्राथमिक वस्तुहरूको क्षेत्रीय बजार सिर्जना गर्ने उद्देश्यसहितको २१ देशहरूको गठबन्धन हो । यसैका धेरैजसो सहभागीहरू नै सन् २०२० को आर्सेप (RCEP) सम्झौता (तल दिइएको) का सदस्यहरू छन् ।

**क्षेत्रीय बृहत् आर्थिक साझेदारी (आर्सेप)**ः सन् २०२० मा स्थापना भएको यस व्यापार साझेदारीले चीन, इण्डोनेसिया, मलेसिया र अन्य दक्षिणपूर्वी एशियाली देशहरूलाई दक्षिण कोरिया, अष्ट्रेलिया, न्यूजिल्याण्ड र फिलिपिन्सजस्ता प्रशान्त महासागरको तटीय क्षेत्रमा भएका संयुक्त राज्य अमेरिकाका मित्रराष्ट्रहरूसँग न्यून भन्सार सम्झौता गरायो । यसको उद्देश्य प्रशान्त महासागर क्षेत्रमा मूल्य श्रृङ्खलालाई थप गहन बनाएर उक्त क्षेत्रमा संयुक्त राज्य अमेरिकाको प्रभाव कम गर्ने रहेको थियो ।

**मेर्कादो कोम्युन देल सुर (मेर्कोसुर)**ः यो पनि एउटा भन्सार सङ्घ हो । यो सन् १९९१ मा ब्राजिल, अर्जेन्टिना, भेनेजुयला, उरुग्वे र पारागुवेको बीचमा स्थापना भएको थियो र अन्य दक्षिण अमेरिकी देशहरू यसका सहयोगी सदस्यका रूपमा रहेका छन् । विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको व्यापार ब्लक मध्येको एक रहेको यस सङ्घमा सदस्य देशहरूबीचमा मानिस र लगानीको स्वतन्त्र आवतजावत हुन्छ ।

**स्वतन्त्र राज्यहरूको राष्ट्रमण्डल (कमनवेल्थ इन्डिपेन्डेन्ट स्टेट्स)** ः सन् १९९१ मा सुरु गरिएको यो समूहले पूर्वसोभियत सङ्घका

१२ देशहरूलाई समेट्छ, जसले आर्थिक सहकार्यका साथै राजनीतिक र सैन्य सहकार्यलाई पनि प्रोत्साहन गर्छ । यसका पाँच सदस्यले भन्सार सङ्घ सञ्चालन गर्छन्, तर विभिन्न सदस्य राष्ट्रहरूभित्रका राजनीतिक घटनाहरूले गर्दा एकल बजारको सिर्जना हुन सकेको छैन ।

# १२ बहुराष्ट्रिय निगमहरू

विश्व व्यापारमा भएको व्यापक विस्तारसँगै बहुराष्ट्रिय वा अन्तर्राष्ट्रिय निगमहरूको उदय पनि भएको छ । अन्तर्राष्ट्रिय चरित्रका भएकाले तिनीहरू विश्वव्यापी व्यापार साझेदारीले सम्भव बनाएको विश्वव्यापी मूल्य श्रृङ्खलालाई व्यवस्थापन गर्न सक्षम छन् । तर केही आलोचकहरूले भने बहुराष्ट्रिय निगमहरू अत्यन्त शक्तिशाली बन्न गएको र राष्ट्रिय सरकारहरूले तिनलाई नियमन तथा नियन्त्रण गर्न र कर लगाउन असम्भव भएको तर्क गर्ने गर्छन् ।

## विश्वव्यापी मूल्य श्रृङ्खलाको व्यवस्थापन

आजको दिनमा विभिन्न प्रकारका वस्तुहरूको उत्पादनका लागि उत्पादन प्रक्रियाअन्तर्गतका विभिन्न कार्यहरू अन्य देशमा स्थानान्तरण (आउटसोर्सिङ) गर्नु सामान्य कुरा भइसकेको छ । यी विश्वव्यापी उत्पादन सञ्जालहरूलाई आवश्यक पर्ने अनुसन्धान तथा विकास, स्रोतको स्थान, उत्पादन, जडान (एसेम्बली), बिक्री, बजारीकरण, विज्ञापन, वित्त, यातायात, बन्दोबस्ती, फोहोर व्यवस्थापन, कानूनी सल्लाहलगायतका विविध अवयव तथा सेवाहरूलाई एकै ठाउँमा ल्याउन यी बहुराष्ट्रिय निगमहरू सक्षम र सुसज्जित हुन्छन् । यस्ता निगमहरूले सहायक कम्पनी, ठेकेदार, संयुक्त उद्यम साझेदार, एजेन्ट, सल्लाहकार, विश्वविद्यालय, गैरनाफामूलक संस्था वा सरकारी निकायहरूजस्ता फरकफरक संस्थाहरूसँग सहकार्य गर्छन् र ती सबैलाई एकै ठाउँमा ल्याउने काम गर्छन् । यसका लागि उनीहरूले विभिन्न कानून, नियमन, कर, सँस्कृति तथा दक्षतास्तर भएका विविध देशहरूमा काम गर्नुपर्ने हुन्छ ।

प्रायजसो मानिसहरू विश्वव्यापी मूल्य श्रृङ्खलाहरू प्राकृतिकरूपमा नै स्वतः उत्पन्न हुन्छन् भन्ने सोच्छन् । तर वास्तवमा, यस्ता अत्यन्त जटिल तथा परिष्कृत संरचनाहरू संयोगले बन्ने चीज होइनन् । कसै न कसैले उत्पादन प्रक्रियाका विभिन्न हिस्साहरूमध्ये कुन हिस्साहरू कहाँ, कोबाट र कसरी गराउने भनेर निर्णय गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, उत्पादनको सम्पूर्ण प्रक्रिया एउटै फर्मले गर्दा सस्तो पर्छ कि त्यसलाई विभिन्न फर्महरू र देशहरूमा विभाजित गर्दा ? जस्तै प्राविधिक पार्टपूर्जाहरू दक्ष श्रम उपलब्ध भएका देशहरूमा बनाउने र ती पार्टपूर्जाहरूलाई जोडजाड गर्ने कामचाहिँ सस्तो श्रम उपलब्ध भएको देशमा गराउँदा सस्तो पर्छ ? उत्तर जे भए पनि, उत्पादन श्रृङ्खलाका विभिन्न तत्वहरूलाई डिजाइन, वित्तीयकरण, उत्पादन, जडान, प्याकेजिङ, ढुवानी, बजारीकरण तथा बिक्री गर्नुपर्ने हुन्छ र यसका लागि विविधीकृत नियम तथा उपभोक्ताहरू भएका विविध देशहरूमा काम गर्नुपर्ने हुन्छ । त्यो सबैका लागि अन्तर्राष्ट्रिय पहुँच तथा आफूले काम गर्ने बजारको गहन, प्रत्यक्ष र अद्यावधिक बुझाइ भएका व्यक्तिहरूद्वारा सक्रिय योजना तर्जुमा र व्यवस्थापनको आवश्यकता पर्छ । बहुराष्ट्रिय निगमहरूसँग यी सबै योग्यताहरू हुन्छन् ।

## बहुराष्ट्रिय निगमहरूको उत्पत्ति

यिनै कारणहरूले गर्दा अन्तर्राष्ट्रिय उत्पादन श्रृङ्खलाहरूले बहुराष्ट्रिय निगमहरूको उदय गराए । यो नौलो कुरा होइन । शताब्दीऔँसम्म कच्चापदार्थ एउटा देशमा उत्पादन हुने, त्यसलाई प्रशोधनका लागि अर्को देशमा निर्यात गर्ने र त्यसपछि अर्कै देशमा लगेर बेच्ने कार्य हुँदै आएको छ । पन्ध्रौं शताब्दीतिरै मेदिचि भन्ने बैंकले यूरोपभरि आफ्नो कारोबार सञ्चालन गर्ने गर्थ्यो र त्यसबेलाको ज्ञात विश्वको सबै कुनामा काम गर्ने व्यापारीहरूलाई पूँजी उपलब्ध गराउँथ्यो । सत्रौं शताब्दीमा डच इष्ट इण्डिया कम्पनी एउटा व्यापार सञ्जालमात्र

नभएर एउटा प्रारम्भिक बहुराष्ट्रिय निगम पनि थियो जसले मसला, कफी, चिनी तथा मदिरा उत्पादन र पानीजहाज निर्माणसमेतमा हात हालेको थियो (पून र रिग्बी २०१७: अध्याय ३) । अठारौँ र उन्नाइसौँ शताब्दीमा, कपासको धागो उत्तर अमेरिका र क्यारिबियन क्षेत्रमा उत्पादन हुन्थ्यो र त्यसलाई कात्न र बुन्नका लागि बेलायत लगिन्थ्यो । अनि त्यसबाट लत्ताकपडा बनाएर यूरोप, दक्षिण एशिया र दक्षिण अमेरिकामा बेचिन्थ्यो । यीमध्ये केही कुराहरू वणिकवादी व्यापार नियन्त्रण, सैन्य शक्तिको प्रयोग वा दास श्रमले गर्दा सम्भव भएको थियो तर विश्वव्यापी स्तरमा उत्पादन गर्ने सोचको वृक्षारोपण भइरहेको थियो ।

अवश्य नै, अन्तर्राष्ट्रिय उत्पादनको परिमाणमा परिवर्तन आएको छ । वस्तु तथा अवयवहरूको ढुवानीलाई सस्तो, छिटो र बढी भरपर्दो बनाउँदै बाष्पबाट चल्ने जहाजहरूको आविष्कारले यसलाई प्रवर्द्धन गऱ्यो । शुरूमा टेलिग्राफका लागि, त्यसपछि टेलिफोन, टेलेक्स, फ्याक्स र अन्त्यमा इन्टरनेटका लागि बिछ्याइएका तारहरूले अन्तर्राष्ट्रियस्तरमा हुने कार्यसञ्चालनलाई तत्कालै व्यवस्थापन गर्न सहज बनाइदिए र विभिन्न विश्वव्यापी गतिविधिहरूको समन्वय लागत कटौती गरिदिए । त्यसपछि छिट्टै सबैतिर बहुराष्ट्रिय निगमहरू सञ्चालित हुन थाले– शुरूमा तेल तथा खानी (जस्तै स्ट्याण्डर्ड ओइल, शेल, रियो तिन्तो), त्यसपछि उत्पादन (सिङ्गर, सिमेन्स, कोडाक), खाद्यपदार्थ (नेस्ले, युनिलिभर) र हालसालै सेवा (माइक्रोसफ्ट, भिसा) को क्षेत्रमा ।

स्वाभावतः, कुनै पनि बहुराष्ट्रिय निगमलाई अस्तित्वमा रहन र सफल हुनका लागि, अन्तर्राष्ट्रियस्तरको कार्यसञ्चालनको लागत र त्यसको जोखिमभन्दा त्यसबाट हुने फाइदा बढी हुन जरुरी छ । पहिलेपहिले यस्ता जोखिमहरू उच्च हुने गर्दथे तर हाल विदेशी बजारसम्मको पहुँच थप सहज, सस्तो र सुरक्षित हुन गएको छ (आंशिक रूपमा यसको श्रेय

अन्तर्राष्ट्रिय सम्झौताहरूलाई जान्छ) । यसले गर्दा जोखिम र लागत घट्न गएका छन् ।

देशहरूलाई आफ्नो तुलनात्मक लाभ खोज्नका लागि पनि घच्घच्याएका युद्धपश्चात् व्यापारमाथिका बन्देजहरू न्यूनीकरणका लागि चालिएका कदमले पनि यो अन्तर्राष्ट्रियकरणलाई प्रवर्द्धन गरे किनभने यसले गर्दा उत्पादकहरूले विश्वभरिनै उत्कृष्ट आपूर्तिकर्ताको खोजी गर्न थाले । सन् १९८० को दशकको मध्यदेखि अन्तरदेशीय लगानी, उत्पादन तथा साझेदारीहरू तीव्र गतिमा बढन् थाले विशेषगरी विकासशील देशहरूमा । हाल कुल वैदेशिक लगानीको आधाभन्दा बढी रकम ती देशहरूमा जाने गर्छ। कुनै कम्पनीमा वैदेशिक सम्पत्ति, बिक्री र रोजगारीको अनुपातको आधारमा एउटा 'अन्तर्राष्ट्रियता सूचकाङ्क' पनि विकास गरिएको छ (व्यापार तथा विकाससम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलन २०२०) । उदाहरणका लागि फिनल्याण्डको नोकिया, बेलायतको भोडाफोन र अमेरिकाको आन्ह्युजर बुश्चको अन्तर्राष्ट्रियता करिब ९० प्रतिशत रहेको छ ।

## अनिश्चित सिमानाहरू

सकारात्मक पाटो हेर्दा, अन्तर्राष्ट्रियस्तरमा हुने कार्यसञ्चालनले उत्पादकहरूलाई बजारको अस्थिरताबाट बच्न मद्दत गर्छ र ओरालो लाग्दै गरेका बजारहरूबाट स्रोतहरूलाई वृद्धिउन्मुख बजारहरूतर्फ लैजान सहयोग गर्छ । यसले उत्पादकत्व र प्रगतिलाई बढावा दिन्छ । तर केही बहुराष्ट्रिय निगमहरूलाई आफ्नो विश्वव्यापी संरचनालाई आफ्नो आम्दानी तथा नाफालाई करको दर कम भएका देशहरूमा सार्नका लागि प्रयोग गरेको र कतिपय अवस्थामा दुर्घटनाहरूको दायित्वबाट पन्छिनका लागि पनि प्रयोग गरेको भनेर आलोचना गरिएको छ (जस्तै यूनियन कार्बाइडले सन् १९८४ मा भारतको भोपालमा रहेको आफ्नो मल कारखानामा भएको विष्फोटनको

दायित्वबाट पन्छिन प्रयोग गरेको थियो) ।

उनीहरूको अन्तर्राष्ट्रिय विस्तार तथा छरिएको कारोबारले नै गर्दा, बहुराष्ट्रिय निगमहरूको राष्ट्रियता र सिमाना पहिचान गर्न कठिन हुनसक्छ। के नोकिया, भोडाफोन वा आन्ह्युजर बुश्चलाई साँच्चै क्रमशः फिनिश, बेलायती र अमेरिकी कम्पनी भन्न मिल्छ जबकि उनीहरूको करिब सम्पूर्ण कारोबार तथा सञ्चालन अरू देशमा हुन्छ ? यहाँसम्म कि मुख्य कार्यहरू (कोर फंक्शन) समेत औपचारिक 'मुख्य कार्यालय' मा केन्द्रित नभएर विश्वभरि फैलिएका हुन सक्छन् । र शायद सञ्जालको कुनै एक भागलाई अन्य सबै भागहरूले कसरी काम गर्छन् भन्ने कुरा ठीकसँग थाहा नहुन सक्छ ।

अनि उनीहरूले जहाँ आफ्नो कारोबार सञ्चालन गर्छन् ती स्थानहरूमा कस्तो प्रभाव पार्छन् ? उदाहरणका लागि, धेरै अन्य व्यापारिक केन्द्रहरूजस्तै सिङ्गापुर पनि बहुराष्ट्रिय निगमहरूमा अत्यधिक निर्भर छ । के यसले सिङ्गापुरका लागि उज्ज्वल आर्थिक भविष्य सुनिश्चित गर्छ ? कि केही विशाल कम्पनीहरूले आफ्नो अन्तर्राष्ट्रिय व्यापार कसरी सञ्चालन गर्ने भन्ने विषयमा गर्ने कुनै पनि परिवर्तनका कारण सिङ्गापुर सङ्कटमा पर्नसक्छ ?

कुनै पनि देशमा सञ्चालनमा रहेका बहुराष्ट्रिय निगमहरूलाई विदेशी सरकारहरूले समर्थन गरेका छन् र तिनीहरू ती सरकारहरूको वैदेशिक नीतिको एजेन्टको रूपमा काम गरिरहेका छन् भने त्यस्तो अवस्थामा उक्त देशको अर्थतन्त्र र सुरक्षामा अवश्यै पनि सम्भावित खतरा हुन्छ । उदाहरणका लागि, शक्तिशाली सरकारहरूले अन्य देशहरूलाई आर्थिक रूपमा आफूमाथि निर्भर बनाउन वा उनीहरूको सद्भाव खरीद गर्न र आफ्ना भू-राजनीतिक वा साम्राज्यवादी महत्वाकाङ्क्षाहरूमा उनीहरूको समर्थन जुटाउन आफ्ना बहुराष्ट्रिय निगमहरू प्रयोग गर्न सक्छन् । यो

शायद शताब्दीऔँ अगाडि बेलायती सरकार र डच सरकारले क्रमशः भारत र इण्डोनेसियामा राज्य-प्रायोजित बहुराष्ट्रिय निगमहरू प्रयोग गरी चालेको रणनीतिको आधुनिक रूप हो ।

यद्यपि, सामान्यतया कुनै पनि अर्थतन्त्रमा बहुराष्ट्रिय निगमहरूको उपस्थिति वास्तवमा स्वदेशी उद्योगहरूका लागि लाभदायक हुन्छ भन्ने बलियो प्रमाण छ। किनभने वैदेशिक लगानी र मूल्य श्रृङ्खलामा हुने सूचना, विचार, प्रक्रिया तथा प्रविधिको आदानप्रदानले आन्तरिक उत्पादकत्व बढाउँछ र वृद्धि ल्याउँछ ।

उदाहरणका लागि, बेलायतमा, विदेशी कम्पनीहरूको उपस्थितिमा १० प्रतिशत वृद्धि हुँदा त्यसले स्वदेशी कारखानाहरूको उत्पादकत्व ०.५ प्रतिशतले बढाएको पाइएको थियो (हास्केल र अन्य २००२) । सन् १९७०-९० को दशकमा बेलायतको असफल हुँदै गएको कार उद्योगलाई मुख्यतया जापानी कम्पनीहरू होन्डा, निसान, र टोयोटाले त्यहाँ नयाँ कारखाना स्थापना गरेर बचाएका थिए । अवश्य नै, यसले कार उत्पादन गर्ने बेलायती शहरहरूलाई विश्वको अर्को कुनामा गरिने राजनीतिक तथा वित्तीय निर्णयहरूका कारण आर्थिक रूपमा असुरक्षित बनाउन सक्छ। तर हालसम्म प्राप्त नयाँ प्रविधि, उत्पादकत्व र रोजगारी वृद्धिजस्ता कुराहरू बेलायती अर्थतन्त्रका लागि अत्यन्त सकारात्मक साबित भइसकेका छन् ।

## बहुराष्ट्रिय निगमहरू कत्तिको शक्तिशाली हुन्छन् ?

आलोचकहरूका नजरमा भने बहुराष्ट्रिय निगमहरूले विश्वव्यापीस्तरमा काम गर्ने भएकाले तिनीहरूलाई कुनै एउटा सरकारले नियन्त्रण गर्न सक्दैन र उनीहरूले धेरै देशहरूमाथि आफ्नो शक्ति प्रयोग गर्छन् । अमेरिकाको करिब दुईतिहाइ व्यापार बहुराष्ट्रिय निगमहरूको हातमा भएको विश्वास गरिन्छ र अन्य धेरै विकसित अर्थतन्त्रहरू यसै प्रकारले बहुराष्ट्रिय

निगमहरूमाथि निर्भर रहेका छन् । बहुराष्ट्रिय निगमहरू विशेषगरी उत्पादनमूलक उद्योगको क्षेत्रमा (जस्तै कार उत्पादन) र सूचना प्रविधिको क्षेत्रमा हाबी छन् । अर्थात् ठूलो परिमाणमा काम गर्नुपर्ने क्षेत्र र उत्पादनका कार्यहरू सजिलै आउटसोर्स गर्न सकिने क्षेत्रमा बहुराष्ट्रिय निगमहरूको दबदबा रहन्छ । बैंकिङ, कानूनी तथा लेखा सेवाजस्ता सेवाको क्षेत्रमा पनि यस्ता निगमहरूको प्रभाव बढ्दो क्रममा छ । यी सेवा क्षेत्रहरूमा विश्वभरिका फर्महरूले मिलेर आफ्ना अन्तर्राष्ट्रिय ग्राहकहरूलाई उपयुक्त अन्तर्राष्ट्रियस्तरको सल्लाह तथा सहायता प्रदान गर्ने गरेका छन् ।

> राष्ट्र राज्य मानिसको संगठित जीवनको आधारभूत एकाइको रूपमा अब प्रमुख सृजनात्मक शक्ति रहन सकेको छैनः अन्तर्राष्ट्रिय बैंकहरू र बहुराष्ट्रिय कम्पनीहरू राष्ट्र राज्यको राजनीतिक अवधारणाभन्दा धेरै अगाडि सोचेर कार्य गर्दैछन् र योजना बनाउँदैछन् ।
>
> – जबिग्न्यू ब्रेजजिन्स्की (१९८२)

तर यो प्रभाव बढाइचढाइ गरिएको हुनसक्छ, किनकि विश्वव्यापी मूल्य श्रृङ्खलाहरूको जटिलताले गर्दा 'विदेशी' र 'स्वदेशी' उत्पादनहरूलाई छुट्याउन जति गाह्रो हुन्छ त्यति नै 'विदेशी' र 'स्वदेशी' कम्पनीहरूलाई छुट्याउन पनि हुन्छ । यसले गर्दा दोहोरो गणना हुनसक्छ ।

उदाहरणका लागि, मानौँ एउटा देशले १ डलर बराबरको सामग्री उत्पादन गर्छ; उसले त्यो सामान अर्को देशमा निर्यात गर्छ जहाँ उक्त सामग्रीलाई प्रशोधन गरेर २ डलर बराबरको अवयव बनाइन्छ ; त्यसपछि ती अवयवलाई तेस्रो देशमा निर्यात गरिन्छ जहाँ तिनलाई जोडेर अन्तिम वस्तुहरू बनाइन्छ जसको मूल्य ३ डलर बराबर छ । त्यसपछि उक्त वस्तुहरूलाई अन्तिम उपभोक्ताकोमा पुर्‍याइन्छ । यहाँ वास्तविकतामा जम्मा ३ डलरबराबरको मूल्य सिर्जना भएको छ तर व्यापारको अभिलेखमा भने दोहोर लेखाङ्कन हुने देखिन्छ (१ डलर + २ डलर + ३ डलर

= ६ डलर) । वास्तविक जीवनको उदाहरण लिनुपर्दा, अधिकतर 'अमेरिकी' कारहरूमा मुख्यतः विदेशमा बनेका पार्टपूर्जाहरू प्रयोग भएका हुन्छन् । तसर्थ, अधिकतर मूल्यको दोहोरो गणना भएको हुन्छ जसले गर्दा विश्व अर्थतन्त्रमा बहुराष्ट्रिय निगमहरूको योगदान (र प्रभाव) वास्तविकताभन्दा बढी देखिन्छ (होचबर्ग २०२०) ।

# १३ व्यापार र नैतिकता

## व्यापारसम्बन्धी दुइटा दृष्टिकोण

धेरै मानिसहरूका नजरमा, अन्तर्राष्ट्रिय व्यापार र भूमण्डलीकरण खराब चीजहरू हुन् । पूँजीवादका अन्य रूपजस्तै, यी चीजहरू पनि परोपकार र सरोकारबाट नभएर लोभ र स्वार्थबाट सञ्चालित हुन्छन् । विशेषगरी भूमण्डलीकरणले धनी देश र विशाल कम्पनीहरूलाई मात्रै फाइदा गर्छ । ती कम्पनीहरूले स्थानीय बजारबाट स्थानीय उत्पादकलाई धपाउने गर्दछन् र स्थानीय बजारमा एकछत्र राज गर्छन्, गरिब देशका मानिसहरूलाई खराब अवस्थामा (स्वेटशपमा) काम गर्न बाध्य बनाउँछन्, राजनीतिज्ञहरूसँग अवैध सम्बन्धहरू विकास गर्छन् र आफ्नो अन्तर्राष्ट्रिय संरचना प्रयोग गरेर आफ्ना जिम्मेवारीहरूबाट पन्छिन्छन् ।

उदारवादीहरू भने यसमा फरक दृष्टिकोण राख्छन् । उनीहरू आर्थिक वास्तविकता आदर्श अवस्थामा नभएको स्वीकार्छन् । अवश्य नै व्यवसायहरूले आफ्नो राजनीतिक साँठगाँठबाट विशेषाधिकार प्राप्त गर्ने गर्छन् र परिवर्तनले अवश्य नै उथलपुथल ल्याउँछ । तर उदारवादीहरूको नजरमा व्यापार तथा भूमण्डलीकरण नभएको अवस्थाभन्दा यही वास्तविकता नै ठीक छ किनकि व्यापार र व्यवसाय स्वैच्छिक विनिमय, पारस्परिकता, सम्मान र विविध व्यक्तिहरूबीच शान्तिपूर्ण सहकार्यमा आधारित हुन्छन् । यसमा कसैलाई पनि सामूहिक सपना स्वीकार्न बाध्य पारिँदैन (बट्लर २०१५) ।

> एउटा व्यापारीले... मानिसहरूलाई मालिक वा दासको रूपमा व्यवहार गर्दैन, बरु आफू बराबरको स्वतन्त्र व्यक्तिको रूपमा व्यवहार गर्छ । उसले

मानिसहरूसँग स्वतन्त्र, स्वेच्छिक, अवरोधरहित, र कुनै जबर्जस्तीबिना हुने विनिमयमार्फत व्यवहार गर्छ– यस्तो विनिमय जसले दुवै पक्षलाई उनीहरूको आफ्नै स्वतन्त्र निर्णयबाट फाइदा पुऱ्याउँछ । एक व्यापारीले आफ्नो कमजोरीहरूका लागि तलबको अपेक्षा गर्दैन, अपेक्षा गर्छ त केवल आफ्ना उपलब्धिहरूको को लागि मात्र ।

– आयन ऱ्यान्ड (१९६४)

उदारवादीहरूका विचारमा व्यापार र वाणिज्यले सहकार्यलाई प्रोत्साहन गर्छ किनभने यसबाट दुवैलाई लाभ हुन्छ । यस प्रक्रियाले अन्य व्यक्तिहरूले चाहेको वा उनीहरूलाई आवश्यकता परेका चीजहरू आपूर्ति गरेर उनीहरूको जीवन सुधार गर्ने व्यक्तिलाई पुरस्कृत गर्छ । साथै, व्यापारले डर र घृणाको सट्टा सहिष्णुता प्रवर्द्धन गर्छ । हामी आफूलाई मन नपर्ने मानिसहरूसँग पनि व्यापार गरेर लाभान्वित हुन सक्छौँ र व्यापारका माध्यमबाट उनीहरूलाई अझ राम्रोसँग चिन्न सक्छौँ (बट्लर २०१३) ।

## व्यापार र उदारवादी मूल्यमान्यताहरू

प्रयोगहरूले देखाएअनुसार बजारहरू जति व्यापक भयो मानिसहरूले एकअर्कालाई त्यति नै बढी विश्वास गर्छन् (हाइनरिक २०१६) । यसले गर्दा व्यापारले राष्ट्रहरूबीच पनि सहकार्य, समझदारी तथा विश्वास प्रवर्द्धन गर्छ भन्ने आशा गर्ने आधार दिन्छ । अध्ययनहरूले सुझाएअनुसार व्यापारले न्याय र समानतालाई पनि प्रवर्द्धन गर्छ, राष्ट्रवादलाई निरुत्साहित गर्छ, जातीय र अन्तर्राष्ट्रिय द्वन्द्वलाई शान्त बनाउँछ र शान्ति प्रवर्द्धन गर्छ (राइट २०१८) । व्यापार गर्ने राष्ट्रहरूबीच व्यक्तिगत तथा राजनीतिक स्वतन्त्रता, व्यक्तिको प्रमुखता, न्यूनतम बल प्रयोग, विधिको शासन, खुलापन र अभिव्यक्तिको स्वतन्त्रताजस्ता उदारवादी मूल्यमान्यताहरूको सहप्रयोग हुने सम्भावना पनि बढी हुन्छ (बट्लर २०१५) ।

व्यापार यी उदारवादी मूल्यमान्यतासँग र तिनलाई अभिव्यक्त गर्ने र संरक्षण गर्ने संस्थाहरू (जस्तै नागरिक समाज, सीमित सरकार, प्रतिनिधिमूलक लोकतन्त्र र स्वतन्त्र न्यायालय) सँग जोडिएको छ र सम्भवतः तिनलाई थप सुदृढ बनाउँछ । तथापि, व्यापार नै यी मूल्यमान्यताको अभ्युत्थान गरेको भने होइन । उदारवादी मूल्यमान्यता र संस्थाहरू आत्मसात् गर्नाले (र त्यसले ल्याउने समृद्धिले) चाहिँ व्यापारलाई फस्टाउन र विस्तार हुन सहयोग गर्ने सम्भावना बढी देखिन्छ ।

तसर्थ, आर्थिक इतिहासकार डियरड्रे म्याक्क्लोस्कीले औँल्याउँछिन्– मानव इतिहासको अधिकांश समयमा, औसत मानवले केवल जीविकोपार्जनको स्तरमा जीवन व्यतीत गर्थ्यो । त्यसपछि, करिब सन् १७५० बाट, औसत आम्दानी अचानक बढ्न थाल्यो । सन् १८०० सम्ममा, औसत वयस्क विश्व नागरिकले दैनिक करिब ३ डलर कमाउँथ्यो । आज उक्त रकम ५० डलर पुगेको छ । सोही समयमा, विश्वको जनसङ्ख्या सात गुणाले बढेको छ– जसको अर्थ मानवजातिले अहिले सन् १८०० मा भन्दा सय गुणाभन्दा बढी सम्पत्ति उत्पादन गरेको छ । म्याक्क्लोस्कीकाअनुसार यो 'महान समृद्धि' लाई केवल प्राविधिक प्रगतिले मात्र व्याख्या गर्न सक्दैन । यो विस्तार हुँदै गएको मध्यम वर्गका बढ्दो उदारवादी ('बुर्जुवा') मूल्यमान्यताहरूबाट उत्पन्न भएको हो, जसले वाणिज्यलाई तुच्छ ठान्ने सामन्ती धारणालाई ओझेल पारेको छ । यही उदारवादी मूल्यहरूले व्यापार र व्यवसायलाई सम्भव बनाएको हो (म्याक्क्लोस्की २००७) ।

र व्यापार र व्यवसायसँगै समृद्धि पनि आउँछ । आर्थिक स्वतन्त्रता उच्च भएका मुलुकहरूमा सामान्यतया बढी आय, तीव्र वृद्धि, र गरिबी दर न्यून हुने गरेको छ (ग्वार्ट्नी र अन्य २०१७) । साथै, सन् १८०० देखि भएको विशाल समृद्धि केही धनी व्यक्तिहरूमा मात्र सीमित छैन । संसारको धेरैजसो भागमा, मर्यादित आवास, सरसफाइ, बत्ती र घर

न्यानो बनाउने सुविधा, अतिरिक्त लुगा, यात्रा, मनोरञ्जन, फुर्सद, ताजा मासजस्ता कुनै जमानामा विलासिता मानिने कुराहरूमा सबैको पहुँच पुगेको छ । यन्त्रहरूले गर्दा औद्योगिक उत्पादन र घरायसी काममा कडा परिश्रम गर्ने दिन गएका छन् । स्वास्थ्य, बाल जीवनदर, दीर्घायु र शिक्षामा उल्लेखनीय सुधार आएको छ (नोर्बर्ग २०१७) । प्रतिस्पर्धा बढाएर र नवीनता तथा सुधारलाई प्रोत्साहित गरेर अन्तर्राष्ट्रिय व्यापारले यसमा अहम भूमिका खेलेको छ ।

## व्यापार र समानता

तथापि, आलोचकहरू व्यापारले असमानतालाई अझै बढाइरहेको गुनासो गर्छन् । निःसन्देह, जब व्यापारका अवरोधहरू हटाइन्छन् र बजारहरू विस्तार हुन्छन्, कम प्रतिस्पर्धी उद्योगहरूमा रोजगारी कटौती हुन्छ नै । धनी देशहरूमा यसरी रोजगारी कटौती हुनेमा अधिकतर न्यून दक्षता भएका श्रमिकहरू पर्छन् जसले असमानतालाई बढावा दिन सक्छ । आलोचकहरूको भनाइमा व्यापार न्यूयोर्कका सम्पन्न बैंकरहरूका लागि ठीकै होला, तर मध्यपश्चिमका कम तलब पाउने कपडा उद्योगका श्रमिकहरूका लागि विनाशकारी छ । र शायद अन्तर्राष्ट्रियरूपमा पनि यस्तै भइरहेको छ, केही देशहरू समृद्ध हुँदैछन् भने अरू देशहरू झन् पछाडि परिरहेका छन् ।

तर हामीले व्यापारका कारण हुने रोजगारीको क्षति, र धनी देशभित्र उत्पन्न हुने कुनै असमानतालाई अतिरञ्जित गर्नु हुँदैन । धनी देशहरूमा असमानता बढ्नु (र असमानताको मापन विवादास्पद छ) धेरै कारणहरूको परिणाम हो । त्यसमा व्यापारको भूमिका निकै थोरै मात्र हुन्छ (लरेन्स २००८) । पहिल्यै उल्लेख गरिए झैँ, अधिकतर रोजगारी कटौती उत्पादकत्व सुधारका कारणले भएका हुन्, व्यापारका कारणले होइन

(हिक्स र देवराज २०१५; देवराज र अन्य २०१७) । व्यापारका कारणले हुने ती थोरै रोजगारी कटौती, विशेषगरी व्यापार सम्झौताहरूका कारणले देखिने गरी हुने रोजगारी कटौती पनि अस्थायी हुने सम्भावना हुन्छ र श्रमिकहरूले अन्य अझ बढी उत्पादक रोजगारीहरू पाउँछन् ।

अन्तर्राष्ट्रिय रूपमा, विश्वका सबैभन्दा गरिब मानिसहरू अझ पछाडि परिरहेका छैनन्, बरु केही उत्कृष्ट सफलताहरू देखिएका छन्– उदाहरणका लागि, चीन, दक्षिणपूर्वी एशिया, र दक्षिण एशियाका श्रमिकहरूले अहिले बढ्दो आम्दानी र बढ्दो सुरक्षाको आनन्द उठाइरहेका छन् । त्यसैगरी, भारतका तथाकथित तल्लो जाति मानिसहरूले अहिले सूचनाप्रविधिको क्षेत्रमा (जहाँ उनीहरूको प्रतिभाको कदर हुन्छ) राम्रो तलबमानसहित काम गरिरहेका छन् । वास्तवमा, सन् १९८० को दशकमा विश्व व्यापार विस्तार हुन थालेपछि विश्वका गरिबहरूको आम्दानीको वृद्धि मानवजातिको सबैभन्दा आश्चर्यजनक सफलताका कथाहरूमध्ये एक भएको छ : औद्योगिक क्रान्तिपछि पहिलो पटक आम्दानीको विश्वव्यापी असमानता घटेको छ (मिलानोभिक २०१३) ।

अध्ययनहरूले देखाएअनुसार गरिब देशहरूका लागि व्यापारका अन्य फाइदाहरू पनि छन् । सन् १९५० को दशकमा, पहिल्यै उल्लेख गरिए झैँ, सिङ्गापुर, हङकङ, दक्षिण कोरिया, र ताइवान तुलनात्मक रूपमा गरिब विकासशील राष्ट्रहरू थिए । अहिले यी 'एशियाली बाघहरू' विश्वका सबै भन्दा धनीमध्येमा पर्छन् । सामान्यतया, विकासशील अर्थतन्त्रहरू अत्यन्त द्रुत गतिमा वृद्धि भइरहेका छन्, र तिनीहरूले उत्पादन गर्ने वस्तु तथा उत्पादनका प्रक्रियाको हकमा विकसित देशहरूको बराबरीमा आउन थालेका छन् । गरिबी घट्दैछ, रोजगारी बढ्दैछ, र जीवनस्तरमा सुधार हुँदैछ (डलर र क्रे २००४) । युद्ध र प्राकृतिक प्रकोपका कारण गरिब देशहरूमा अझै पनि भोकमरी हुन्छ, तर फसलको असफलताका कारण हुने भोकमरी

लगभग सबै ठाउँमा समाप्त भएको छ, किनकि व्यापारले गर्दा अन्तर्राष्ट्रिय सीमाहरू पार गरेर खाद्यान्न आपूर्ति गर्न सम्भव भएको छ र उन्नत कृषि प्रविधिहरू (जस्तै आनुवंशिक संशोधित बालीहरू) विस्तार हुन थालेका छन् ।

## व्यापारको नैतिक मूल्य

नैतिकता यस्तो सोच हो जुन स्वतन्त्र व्यक्तिहरूको कार्यमा मात्र लागू हुन्छ । कुनै व्यक्तिलाई जबरजस्ती कुनै कार्य गर्न लगाइयो भने, भलै त्यो कार्य गुणकारी किन नहोस्, उसलाई नैतिक क्षमता भएको मान्न मिल्दैन ।

त्यसैले नैतिक कार्यका लागि स्वतन्त्र समाज, स्वतन्त्र बजार र स्वतन्त्र व्यापार आवश्यक हुन्छन् । तिनले व्यक्तिहरूलाई नैतिक निर्णय प्रयोग गर्नका लागि अनगिन्ती अवसरहरूको ढोका खोलिदिन्छन्। विशेषतः तिनले लाखौंको सङ्ख्यामा असल नैतिक कार्यहरूको प्रोत्साहन गर्छन ।

विनिमयका लागि नैतिक आचरण र विश्वसनीयता अत्यावश्यक हुन्छन् । खराब सेवा प्रदान गर्ने आपूर्तिकर्ताकोमा कोही पनि फर्केर जाँदैन र खराब सेवा प्राप्त गर्नेले आफ्ना साथीभाइलाई उक्त आपूर्तिकर्ताकोमा जानबाट निरुत्साहित गर्छ । यो कुरा विशेषतः व्यक्तिहरूबीचमा प्रत्यक्ष सम्पर्क हुने सेवा क्षेत्रका उद्योगहरूमा लागू हुन्छ र हाल विश्व व्यापारको बढ्दो हिस्सा यसै क्षेत्रले ओगट्दैछ ।

व्यापारले मानिसहरूलाई अन्य व्यक्तिहरूसँग, परम्परागत रूपमा दुश्मनी रहेकाहरूसँग समेत, मिलेर काम गर्न वा मिलेर रहनका लागि प्रोत्साहन गर्दछ । हामी भूमण्डलीकरणले गर्दा सहिष्णुतामा वृद्धि भएको पाउँछौं । यसको मुख्य कारण व्यापारले एकअर्कासँग धेरै कुरामा विमति राख्ने वा खासै समानता नभएका व्यक्ति, समूह

तथा देशहरूलाई पनि फाइदा पुऱ्याउँछ । व्यापारले राष्ट्रियता, जातियता, वर्ण, लिङ्ग, यौनिकता, जात र अरू सबै कुरामा आधारित भेदभावलाई प्रणालीगतरूपमै हटाउँछ– किनकि जसले यस्ता आधारमा अरूसँग व्यापार गर्न अस्वीकार गर्छन्, उनीहरूले विश्व व्यापारका पुरापुर फाइदाहरू प्राप्त गर्न सक्दैनन् । उदाहरणका लागि, सन् १९८० को दशकदेखि भएको विश्व व्यापारको तीव्र विस्तारले विभिन्न प्रकारका जीवनशैलीहरू प्रतिको सहिष्णुतालाई व्यापक बनाएको छ । यसले महिलाहरूको, विशेषगरी किशोरीहरूको हैसियत उकास्नमा पनि योगदान पुऱ्याएको छ र उक्त योगदान लोकतन्त्रजस्ता अन्य सम्भावित कारकहरूको भन्दा धेरै देखिन्छ (स्टूप २००८) । र त्यससँगै व्यापारले महिलाहरूको अपेक्षित औसत आयु, साक्षरता र लैङ्गिक समानतामा पनि सुधार ल्याएको छ । यी मापकहरूको आधारमा हेर्दा, व्यापार एउटा असल शक्ति हो भन्नेमा कुनै शङ्का रहँदैन ।

## भाग छ

# व्यापारको भविष्य

# १४ प्रवृत्ति तथा सिकाइ

## अन्तर्राष्ट्रिय व्यापारका लाभहरू

**समृद्धि** ः आजको आर्थिक जीवन विश्वव्यापीकृत भएको छ– वा अझै सार्थकरूपमा भन्नु पर्दा, उन्नाइसौँ शताब्दीको खुला व्यापारको सापेक्षताको परिपेक्ष्यमा, पुनः विश्वव्यापीकृत भएको छ । मानिस, सरसामान, सेवा, पार्टपुर्जा, पूँजी, तौरतरीका, प्रविधि, विचार, सँस्कृति तथा मूल्यको गतिशिलता अझ घनिभूत र विस्तारित भएको छ । हामीले काम गर्ने तरीका र हामीले दैनिक जीवनमा प्रयोग गर्ने उत्पादनहरूमा परिवर्तन ल्याउँदै विश्वव्यापी मूल्य श्रृङ्खलाले हामी सबैलाई छोएको छ । नयाँ 'उदयीमान बजार' हरूले पुराना गरीब देशहरूमा पालुवा हालेका छन् र यी बजारको हाल विदेशी पूँजी लगानी, रोजगारीका विकल्प तथा ग्राहकसम्बन्धी वास्तविक अवसरसम्मको पहुँच बढेको छ । विश्वव्यापी व्यापार सञ्जालसँग एकाकारमार्फत यी बजारहरू तीव्ररूपमा ठूलो भएका छन् जसले विश्वका सबैभन्दा गरीबहरू सबैभन्दा धेरै लाभान्वित भएका छन् । यो विश्वका लागि दैनिक दुई अमेरिकी डलरको दरमा गणना गरिने गरिबी चाँडै एकादेशको कथा हुने सम्भावना छ ।

**छनौट** ः वृद्धि र आयले भन्ने कथा आधाउधि मात्रै हो । व्यापारले मानिसहरूलाई गुणस्तरीय तथा उन्नत उत्पादनहरूका साथै विश्वव्यापी रूपमा उपलब्ध विकल्पबाट छनौट गर्ने सुविधा पनि उपलब्ध गराएको छ । केही अनुमानले बताएअनुसार, संयुक्त राज्य अमेरिकाको कुनै एउटा औसत सुपरमार्केटमा ४७ हजार सामग्रीहरू उपलब्ध हुन्छन् । यी उत्पादनमध्ये अधिकतर अमेरिकामा नै बनाउन वा फलाउन सम्भव नहुन सक्छन् तर

कुनै अर्को देशमा मात्रै फलाउन वा बनाउन सम्भव हुन्छन् । आजकल, अलि कम धनी देशहरूमा भएका पसलहरू पनि अन्तर्राष्ट्रिय सरसामानले भरिएको पाइन्छन् । यस्तो अवस्था सन् १९९० को शुरूतिर विश्वव्यापीकरण शुरू हुनुभन्दा पहिले सुन्न पनि पाइँदैनथ्यो ।

**जीवनस्तर** : व्यापारले मानिसहरूको औषधिपानी तथा स्वास्थ्यसेवा, शिक्षा, यात्रा, रोजगारीका अवसर, सङ्गीत, रङ्गमञ्च तथा खेलकूदजस्ता साँस्कृतिक तथा मनोरञ्जनका साधन र अन्य धेरै कुरासम्मको पहुँचलाई थप सहज बनाउँदै मानवजातिको जीवनस्तरमा सुधार ल्याएको छ । व्यापार मार्फत निर्माण हुने सम्पर्कले विचार, आविष्कार, पूँजी तथा अझ गहकिला उत्पादकत्वसम्बन्धी तौरतरीकालाई विश्वभरि विस्तार गर्न सहयोग गरेको छ जसले मानिसहरूका लागि प्रगति तथा सुधारिएको जीवनस्तरको कोसेली ल्याएको छ ।

**गतिमान् प्रगति** : विविधकृत जनसङ्ख्याले व्यापारमार्फत बनाउने सम्बन्धले उनीहरूलाई अरूको विचार, परिज्ञान र विधिको अवलोकन गर्न र सोमार्फत सिक्न सहयोग गर्दछ । यसले जीवन–संवर्द्धक आविष्कार लाई छिटो अस्तित्वमा ल्याउन मद्दत गर्छ : उदाहरणका लागि टर्कीबाट बसाइँ सरेका आएका आमाबुबाको सन्तानहरूले स्थापना गरेको जर्मन कम्पनीले विश्वभरिबाट वैज्ञानिक ज्ञान र संसाधक क्षमता जुटाउँदै सहकार्य गर्न आइपुगेको संयुक्त राज्य अमेरिकाको अन्तरदेशीय संस्थानसँग मिलेर केही दिनमै कोभिड–१९ विरुद्धको खोपको आविष्कार गरेको थियो (हेन्डरशट र अन्य, २०२१) । यसलाई अझ बृहत्रूपमा दृष्टिगत गर्दा, ज्ञानको आदानप्रदान तथा भिन्नभिन्न परिज्ञान र अवधारणाको संयोजनले नवप्रवर्तनको गतिलाई र मानव प्रगतिमा पार्ने अनवरत सकारात्मक प्रभावलाई गतिमान् बनाउँछ ।

**विश्वास र शान्ति** ः यो पनि उत्तिकै महत्वपूर्ण, व्यापारमार्फत प्राप्त भएको यो विस्तृत सम्पर्कले सामान्यतयाः धेरै टाढाका मानिसहरूबीच पनि बृहत् विश्वास र सौहार्दको सिर्जना गरेको छ । यसले विवादको समाधानलाई प्रवर्द्धन गरेको छ, लोकतन्त्रलाई बढावा दिएको छ र यी लाभहरूको आधारशीलाका रूपमा रहेका सिद्धान्त र संस्थाहरूलाई बलियो बनाएको छ ।

**व्यापारको उत्थानशीलता** ः पक्कै पनि, समस्या छन् । उदयीमान अर्थतन्त्रहरू नाजुक हुन सक्छन् । यस्ता अर्थतन्त्रहरूमा श्रमिकहरूको शोषण, वातावरणीय विनाश, संस्कृतिको निरन्तरताजस्ता विषयमा शङ्का गर्ने ठाउँ हुन सक्छन् । यो अन्योन्याश्रित विश्वमा महामारीहरू अझै विकराल समस्या बनेर आउँछन् कि भन्ने चिन्ता पनि छ । आर्थिक सङ्कट र व्यापारिक युद्धजस्ता बाधा अड्चन पनि छन् । यस्ता केही सुरक्षासम्बन्धी सरोकारहरू पनि छन् जसले देशहरूलाई अत्यावश्यक मालवस्तु विदेशबाट ल्याउनुको साटो आत्मनिर्भर हुने दिशामा पनि धकेलिरहेका छन् । आयातित मालवस्तुको उत्पादन तथा नैतिक मापदण्डका विषयका तर्कतर्कना पनि छन् । बैंक, लेखा, स्वास्थ्य र अन्य सेवाहरू प्रदान गर्ने विदेशी निकायहरूको पेशागत स्तरका बारेमा संशय पनि रहन्छ । अनि सजिलै देख्न नसकिने तथा परिमाणमा उतार्न पनि गाह्रो पर्ने गरी संरक्षणवादको उल्लेखनीय उपस्थिति रहेको हुन्छ ।

यी सबै सरोकारहरूलाई गम्भीररूपमा लिइनुपर्छ । तर दीर्घकालीन प्रवृत्ति भने स्पष्ट देखिन्छ । धेरै लाभहरू भएका कारण विश्वको वृद्धि तथा संवृद्धिमा योगदान पुऱ्याउँदै व्यापारको विस्तारक्रम निरन्तर रहनेछ ।

## प्रवृत्ति तथा चुनौती

अन्तर्राष्ट्रिय व्यापार वार्तामा सहभागी हुने सयौँ राष्ट्रहरूमाझमा व्यापारमा पर्न आउने अवरोध हटाउनेमा व्यापक प्रतिवद्धता रहेको छ । तर खुला विश्व व्यापारको पूर्ण विस्तारलाई रोक्ने गरी प्रत्येक देशसँग पर्याप्त समस्या र सरोकारहरू छन् । व्यापारको प्रकृतिको समयसँगै परिवर्तन हुन्छ (जस्तै व्यापारमा सेवाको महत्व पहिलेको भन्दा बढेको पाइन्छ) जसले नयाँ चुनौती खडा गर्दछ । यी चुनौतीमध्येका केही निम्न रहेका छन् ।

**सुरक्षा** ः सुरक्षा तथा उन्नत प्रविधि अन्य (सम्भवतः प्रतिस्पर्धी वा शत्रुतापूर्ण) देशहरूमा हस्तान्तरण जस्ता विषयहरूप्रतिको सरोकार बढ्दै गएको छ । उच्च प्रविधियुक्त वस्तुहरू विश्वभरि उत्पादन र व्यापार हुँदै गर्दा केही देशहरूका लागि अरूले बनाएको प्रविधिसम्म पहुँच पुऱ्याउन तथा ती प्रविधिको गलत प्रयोग गर्न सहज हुँदै जान्छ । उदाहरणका लागि, चीनबाट सूचना प्रविधि खरीद गर्ने देशहरूमा यस्ता खरीदले सुरक्षामा पार्ने प्रभावहरूप्रति झनै बढी चिन्तित छन् – के यस्ता खरीदले चीनलाई उनीहरूको सञ्चार सञ्जालहरूमा जासुसी सफ्टवेयर (स्पाइवेयर) राख्न सजिलो त बनाउने होइन ?

**वातावरण** ः जलवायु तथा खनिज इन्धनको प्रयोगसम्बन्धी चिन्ताले गर्दा देशहरूले वैकल्पिक ऊर्जाको स्रोतहरूको खोजी गरिरहेका छन् । यसले पनि व्यापारको प्रवृत्तिमा प्रभाव पारेको छ । उदाहरणका लागि, सौर्य ऊर्जामा बजार चीन, जापान, कोरिया तथा जर्मनीका कम्पनीहरूको प्रभुत्व रहिआएको हो तर हाल अन्य सरकारहरूले पनि आआफ्ना देशहरूको हरित ऊर्जासम्बन्धी अनुसन्धान तथ विकासमा अनुदानको खोलो बगाउन थालेका छन् । नवकरणीय ऊर्जाको बढ्दो मागको सन्दर्भमा यो व्यापारका लागि त राम्रो हुन सक्ला तर यो खुला व्यापारको सिद्धान्तविपरीत हो ।

तर अवस्था जेजस्तो भए पनि, नवीकरणीय ऊर्जाको विकासका लागि कार्बनसम्बन्धी करका विषयमा विश्व समझदारी गर्ने जस्ता विकल्प प्रयो ग गरी मूल्य तथा तुलनात्मक लाभ सम्बन्धित उत्प्रेरणाहरू प्रयोग गर्नु नै सर्वोत्तम नीति हुन्छ ।

**सेवा** ः हालको व्यापारको बढ्दो हिस्सा वस्तुको नभई परामर्श, वित्त, लेखा, कानून, सञ्चार, सूचना प्रविधि, वास्तुकला र निर्माण, प्रकाशन, वितरण, डिजाइन, शिक्षा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन तथा संरक्षण, वातावरणीय व्यवस्थापन तथा ढुवानीजस्ता वस्तुहरूमा रहेको छ । हाल अन्तर्राष्ट्रिय वित्त पनि अन्तर्राष्ट्रिय व्यापारको एक महत्वपूर्ण हिस्सा भएको छ । विश्वभरिका वित्तीय कम्पनीहरू विश्वव्यापी आपूर्ति शृङ्खलालाई सेवा प्रदान गर्न आपसी सहकार्य गरिरहेका छन् ।

यो विकासले व्यापारसम्बन्धी नयाँ नीतिगत समस्या मुखरित गर्दछ । उदाहरणका लागि, देशहरूले विदेशी कानून व्यवसायीका योग्यताहरूलाई समकक्षता दिन नचाहन सक्छन् । यस्तो अनिच्छा सेवाको उच्च गुणस्तर कायम राख्नका लागि राखिएको इमानदार सरोकार हुनसक्छ तर साथै यो स्वदेशी उद्योगहरूलाई विशेष सुविधा दिने अर्को तरीका पनि हो । यस्ता प्रत्येक अवरोधले अन्तर्राष्ट्रिय व्यापारलाई झनै गाह्रो बनाउँछन् ।

**समस्तर (Level Plyaing Field)**ः करहरू निरुत्साहित गरिएको परिप्रेक्ष्यमा मानकहरू साधारणतया संरक्षणवादका गुप्त प्रकार हुन् । रोजगारीसम्बन्धी वा पर्यावरणीय मानक उच्च भएका धेरै देशहरूले न्यून मानक भएका देशहरूसँग 'अनुचित' प्रतिस्पर्धा भएको गुनासो गर्छन र 'समस्तर' को माग गर्ने गर्छन् । तथापि, तिनै देशहरूले आफ्नो मुद्राको मूल्यमा हेरफेर गरेर र अनुदान, कर छुट वा सरकारी खरीदमार्फत आफ्ना निर्यातमुखी उद्योगलाई अझै अनुदान दिइरहेका हुन्छन् ।

वास्तविकतामा 'समस्तर' अस्तित्वमा छैन– देशहरू भिन्नभिन्न हुन्छन् यो अकाट्य सत्य हो । धनी देशका कार्यालयमा कार्यरत कर्मचारीहरूले प्रदूषणमुक्त वातावरण मन पराउन सक्छन् भने गरीब देशका कोइला खानीमा काम गर्ने मजदूरहरू आफ्नो परिवारका लागि रासनपानी जुटाउनका लागि बढी चिन्तित हुनसक्छन् । तसर्थ, शायद सबैभन्दा राम्रो नीति यो मूल्यमान्यताको भिन्नतालाई स्वीकार गर्नु र देशहरूलाई आआफ्नो तुलनात्मक लाभलाई खुलारूपमा उच्चतम् प्रयोग गर्न दिनु नै हो । यसको लाभ कुनै पनि देशका र विश्वकै सबैभन्दा गरिबका लागि सबैभन्दा बढी पुग्नेछ ।

**ज्ञानको अर्थतन्त्र** : आजको विस्तार हुँदै गएको ज्ञानको अर्थतन्त्रले आफूलाई पहिलेभन्दा बढी मुखरित गरेको छ र यसले समाधानका लागि नयाँ समस्या खडा गरेको छ । उदाहरणका लागि, बौद्धिक सम्पत्तिको सरंक्षण धनी देशहरूका लागि एक विवादस्पद विषय हो । उनीहरूले आफ्ना उत्पादनलाई अरूले नक्कल गरेको गुनासो गर्छन् । यस्तो नक्कललाई विश्वव्यापीरूपमा हुने कामको खरीद (आउटसोर्सिङ) ले सजिलो बनाएको छ । र देशहरूबीच प्रविधिको हस्तान्तरणका लागि बहुराष्ट्रिय निगमहरू प्रमुख माध्यम हुन् ।

उदारवादी व्यक्तिका नजरमा, अन्तर्राष्ट्रिय कारोबारले रोजगारी सिर्जना गर्दछ, स्थानीय उत्पादकत्व बढाउँछ, विश्वव्यापी समानता तथा समृद्धि बढाउँछ र मानव प्रगतिलाई अघि बढाउँछ । तर अन्यले सम्पत्ति अधिकारको उल्लङ्घन र सुरक्षासम्बन्धी चुनौतीहरूका नकारात्मक पक्षहरू मात्रै देख्छन् । फलस्वरूप, सम्पत्तिको अधिकार तथा सुरक्षा संरक्षणसम्बन्धी धेरै अन्तर्राष्ट्रिय बहसहरू स्थापना भएका छन् र हाल व्यापारसम्बन्धी नयाँ सम्झौताहरूमा नक्कलविरुद्धका उपाय तथा बौद्धिक सम्पत्तिको संरक्षण (जस्तै कालो सूचीमा राख्ने) जस्ता प्रावधानहरू राखिन थालिएका छन् ।

**दक्षीणावर्त व्यापार** : अर्को प्रवृत्तिलाई तथाकथित दक्षीणावर्त व्यापार भनिन्छ । ऐतिहासिकरूपमा, व्यापारमा पश्चिमी यूरोप र उत्तरी अमेरिकाको प्रभुत्व रहिआएको थियो जसमा व्यापार पूर्वी यूरोप, एशिया, अफ्रिका र दक्षिण अमेरिकासँग हुन्थ्यो र यसलाई उत्तर–दक्षिण व्यापार भनिन्थ्यो । आज, व्यापार एशिया र दक्षिण अमेरिकाबीच र एशियाभित्रै पनि विस्तार भएको छ ।

**व्यापारको परिमाण सबैतिर सम्भवतः** बढिरहँदा पनि समयसँगै, यो वृद्धिले अन्तर्राष्ट्रिय व्यापारमा पश्चिमी देशहरूलाई कम प्रभावशाली देखाउन सक्छ । तर यसमा पनि सरोकार अवश्य छन्– उदाहरणका लागि, के चीनले प्रस्ताव गरेको बेल्ट रोड परियोजनाको विकास र एशिया तथा अफ्रिकाका मुलुकहरूमा चीनले गरिरहेको लगानी खुला व्यापारको वास्तविक बढोत्तरी हो वा चीनको साम्राज्यवादी महत्वाकाङ्क्षाको द्योतक मात्रै हो ?

## स्वतन्त्र व्यापार नीतिका राजनीतिक चुनौती

आजका अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी छलफलहरूमा विश्व व्यापारको विस्तारित लाभहरूलाई स्वीकारिए पनि, वास्तविकतामा यस्ता छलफलहरू धेरै अर्थमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिबाट पक्षपोषित रहेका छन् ।

**घरेलु राजनीति** : कुनै पनि मुलुकको आर्थिक, सामाजिक तथा कल्याणकारी नीति र विदेशी प्रतिस्पर्धाबाट आफ्नो काम आक्रमणमा परेको महसुस गर्ने श्रमिकहरूबाट उक्त मुलुकले सामना गर्ने दबाब सो मुलुकले व्यापारको सम्बन्धमा लिने अडानका लागि महत्वपूर्ण हुन्छन् । कुनै पनि उद्योगले प्राविधिक प्रगति, वित्तीय उतारचढाव वा बद्लिँदो बजारसँग आफूलाई समायोजन गर्न नसकेको अवस्थामा दोषारोपण गर्नका लागि परम्परागत रूपमा व्यापारलाई बलिको बोका बनाइँदै आइएको छ ।

व्यापारसम्बन्धी नीतिको दिशा निर्धारण गर्ने क्रममा प्रायः सँस्कृति, नैतिकता तथा जनसाधारणको राय पनि अर्थतन्त्रजत्तिकै महत्वपूर्ण हुनसक्छन् ।

यद्यपि, व्यापारका बृहत् लाभहरूमा केन्द्रित हुनु महत्वपूर्ण हुन्छ किनभने यसले व्यापारहरूको सञ्चालनमा मात्रै नभएर देशभित्र र विश्वभरि नै लाखौँ उपभोक्ताको जीवनमा प्रभाव पारेको हुन्छ ।

**भूराजनीति** : ठूला भूराजनीतिक सरोकारहरूले पनि व्यापारसम्बन्धी नीतिलाई विकृत बनाउँछन् । देशहरूले र कहिलेकाहीँ देशका समूहहरूले व्यापारलाई आफ्ना दुश्मन देश वा मानव अधिकारको अवस्था कमजोर भएका देशहरूविरुद्धको हतियारको रूपमा प्रयोग गर्नसक्छन् । यस्ता देशहरूलाई अत्यावश्यक सामग्रीको आयात गर्नबाट रोक लगाएर वा थप गरिब बनाउन त्यस्ता देशहरूको निर्यातलाई निषेध गरेर वा उनीहरूको नीतिमा परिवर्तन गर्नका लागि जनदबाब बढाउन व्यापारलाई हतियारको रूपमा प्रयोग गरिन्छ । कहिलेकाहीँ धनी छिमेकी राष्ट्रले स्थानीय बजारमा पार्ने प्रभावलाई घटाउनका लागि क्षेत्रीय व्यापारिक सम्झौताहरूको तुर्जमा गरिन्छ । अमेरिकाका राष्ट्रपति ट्रम्प भएको बखतमा चीन र अमेरिका (र अन्य) बीच भएको व्यापारिक द्वन्द्व विश्वको राजनीतिक र आर्थिक प्रणाली कसरी सञ्चालित हुनुपर्दछ भन्ने विचारहरूबीचको आधारभूत टकरावको लक्षण पनि हुनसक्छ ।

निश्चय नै, देशहरू सैनिक कारबाहीसहितको द्वन्द्वमा संलग्न हुनुभन्दा त व्यापारिक द्वन्द्वमा नै भासिएको राम्रो हो । तर व्यापारिक द्वन्द्व विश्वभरिका जनताका लागि गहन र व्यापक क्षतिको कारण बन्न सक्छ ।

**अन्तर्राष्ट्रिय संरचना** : यदि व्यापारबाट प्राप्त हुने लाभलाई सबै तहमा विस्तार गर्ने हो भने बहुराष्ट्रियस्तरमा सहमति जनाइएको व्यापारिक

संरचना एकदमै महत्वपूर्ण हुन्छ । सम्पत्ति र करारसम्बन्धी नियमहरूको पालना र कार्यान्वयन हुने विधिको शासनको छातामुनि बजारहरूले सबैभन्दा राम्ररी काम गर्न सक्छन् । यसका लागि विश्व सरकार चाहिँदैन, मात्र व्यापारका पक्षहरूबीचको सम्झौता भए पुग्छ ।

अन्तर्राष्ट्रिय सङ्गठनहरूमा हुने सबै राजनीतिका बावजुद पनि विश्व व्यापार सङ्गठनको सदस्यता नियम तथा विवाद समाधान प्रक्रिया शायद यसका लागि आशातीत विकल्प हुनसक्छ । सेवामा तथा इन्टरनेटमा हुने व्यापारजस्ता कम मूर्त व्यापारको विस्तारका साथै मानव अधिकार, रोजगारीको स्तर, बौद्धिक सम्पत्ति, सुरक्षा तथा वातावरणीय संरक्षणसम्बन्धी बढ्दो सरोकारको सन्दर्भमा यसको आवश्यकता टड्कारो रहेको छ । दुर्भाग्यवश, यस्ता विकासक्रमलाई भेट्टाउन घरेलु कानूनहरू सङ्घर्षरत हुन्छन् । उदाहरणका लागि, सेवामा व्यापारको उदारीकरण भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (ग्याट) र विश्व व्यापार सङ्गठन दुवैका लागि सहमति जुटाउन सबैभन्दा गाह्रो परेका विषयहरू हुन् ।

## संरक्षणका लागि दबाब

व्यापार र व्यापारिक युद्धको अध्ययनले एउटा स्पष्ट सिकाइ दिएको छ– संरक्षणवादले रोजगारी सृजना वा संरक्षण गर्दैन र प्रायः यसका अनपेक्षित तथा अनिष्ट प्रभावहरू हुन्छन् । व्यवधानले घरेलु उपभोक्ताका लागि मँहगी बढाउँछ, प्रतिस्पर्धा घटाउँछ र घरेलु उद्योगहरूलाई कच्चा पदार्थका लागि काकाकुल बनाउँछ ।

> देशभित्र र विदेशमा स्वतन्त्रताको मुद्दालाई प्रवर्द्धन गर्नका लागि हामीले लागू गर्नसक्ने उपायहरूमा स्वतन्त्र व्यापार जतिको प्रभावकारी उपाय कमै छन् ... तपाईंले सक्ने र मनलागेका वस्तुहरू यहाँ बेच्नुहोस् । तपाईंले सक्ने र मनलागेका जे छन्, किन्नुहोस् । यसले व्यक्ति–

व्यक्तिबीचको सहकार्य विश्वव्यापी र खुला हुन्छ ।

– मिल्टन र रोज फ्रिडमेन (१९९७) ।

यति हुँदाहुँदै पनि संरक्षणवादका लागि पर्ने राजनीतिक दबाब तथ्यभन्दा पनि धारणाबाट बढी पक्षपोषित हुन्छन् । उदाहरणका लागि, आयातबाट इस्पातसम्बन्धी रोजगारीको सङ्ख्यामा पर्ने जोखिम व्यापारबाट लाभ लिइरहेका स्वास्थ्य सेवा, रेष्ट्राँ, कार्यालय, शिक्षा, सुपरमार्केट, खुद्रा व्यापार, सूचना प्रविधि र अन्य धेरै क्षेत्रको तुलनामा लघुतम हो भन्ने कुरा अमेरिकाका थोरै जनतालाई मात्रै थाहा छ । अवस्था जेजस्तो भए पनि, रोजगारी गुम्नुका कारण धेरै हुन्छन्, व्यापार मात्रै हुँदैन । प्राविधिक उन्नति, नयाँ प्रवृत्ति, कच्चा पदार्थको बढ्दो मूल्य, व्यवस्थापनका गल्तीहरू, कर वृद्धि वा कठोर नियमन यसका केही कारण हुनसक्छन् ।

दुर्भाग्यवश, व्यापार नीतिसम्बन्धी बहसमा सधैँ सन्तुलनका कमी हुन्छ। न्यून मूल्य तथा व्यापक छनौटबाट लाखौँ उपभोक्ता लाभान्वित भएका छन् जसलाई उनीहरूले शायदै मनन गर्छन् । वैदेशिक प्रतिस्पर्धाका कारण सानो सङ्ख्यामा मानिसहरूले रोजगारी पनि गुमाउलान् तर सार्वजनिक बहसमा उनीहरूको क्रन्दन बढी देखिन्छ । आफ्नो रोजगारी जोगाउनका लागि श्रमिकहरू सडक सङ्घर्षमा उत्रिन्छन् तर रासन किन्दा बचेको केही रकमको बारेमा वा जाडो याममा पनि ताजा फलफूल पाउने विषयमा खुशी मनाउन उपभोक्ताहरूले च्याली गर्दैनन् । त्यसैले नीतिनिर्माताहरूले पनि शान्त तर असङ्ख्य उपभोक्ताका हितभन्दा होहल्ला गर्ने उत्पादकहरूको हितलाई सम्बोधन गर्ने सम्भावना बढी हुन्छ (बट्लर २०१२) ।

## समायोजनको आवश्यकता

आर्थिक परिवर्तन एक नियमित प्रक्रिया हो । पेट्रोलियम पदार्थबाट बल्ने बत्तीको व्यापारले मैनबत्ती बनाउनेहरूको व्यापारलाई किनारा लगाइदियो, मोटर गाडीहरूले भाडाका तबेलाहरूलाई, कम्प्युटरहरूले टाइपसेट्टरहरूलाई, र अनलाइन व्यापारले धेरै पसलहरूलाई । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स) ले अझै धेरै उद्योगहरूमा युगान्तकारी परिवर्तन ल्याउनै बाँकी छ । तर केहीका लागि अनपेक्षित परिवर्तन (disruption) ल्याए पनि यस्ता प्रगतिले सर्वसाधारणको जीवनमा ठूलो सुधार ल्याउँछन् र उत्पादनको समग्र अभिप्राय पनि यही नै हो । यो अवश्यम्भावी र लाभदायी प्रक्रियालाई व्यापारले गति प्रदान गर्ने मात्रै हो ।

तसर्थ, वास्तविक नीतिगत प्रश्न भनेको परिवर्तन हुँदै गर्दा परिवर्तनले विस्थापन गर्नेहरूलाई अतिशय लागतको भुमरीमा नधकेलोस् भनेर कसरी सुनिश्चित गर्ने भन्ने हो । र यदि सरकारहरूले हस्तक्षेप गर्नैपर्ने भनी निर्णय लिएमा, त्यस्ता हस्तक्षेपलाई समय घर्किसकेका र अनावश्यक उद्योगहरूको आयु लम्बाउनेभन्दा पनि यस्ता प्रभावित समूहलाई समायोजनमा केन्द्रित गर्न कसरी सुनिश्चित सकिन्छ भन्ने हो ।

नीति यस्ता र अन्य चुनौतीहरूलाई सम्बोधन गर्ने गरी लचिलो हुनुपर्दछ । प्राप्त गर्न सकिने प्रशस्तै लाभहरू छन्– कृषिमा भएको बेजोड परिवर्तनले भोकमरीलाई करीबकरीब उन्मूलन गरिसकेको छ, औद्योगिक प्रगति, घट्दो गरीबी, बढ्दो सम्पत्ति र समानता, विज्ञान र प्रगति, मानव बुझाइ र सँस्कृति, लोकतन्त्र र न्याय । यस्ता लाभहरूको विस्तार गर्नका लागि यी लाभहरूको आधारको रूपमा स्वतन्त्र व्यापार र उदार मूल्यमान्यताहरू एकदमै महत्वपूर्ण हुन्छन् । यिनको संरक्षण गर्न प्रयास गर्नु सार्थक हुन्छ ।

विश्व यति धेरै अन्योन्याश्रित रहेको सन्दर्भमा हामीले न भविष्यको उत्पादन तथा व्यापारको प्रवृत्तिको न यसको विरोधका सम्भावनाहरूलाई नै प्रक्षेपण गर्न सक्छौं । परिवर्तनलाई ग्रहण गर्न हामीलाई आवश्यक पर्ने लचकता तथा तत्परताको विकास, भोलिका लागि साधन सम्पन्न हुने र अवसर लिन सक्ने हुन नसके पनि हामीले कम्तीमा हामीलाई भूतकालमा नै अड्काएर राख्ने कानूनहरूलाई पक्कै रोक्न सक्छौँ ।

व्यापारले हाम्रो जीवनलाई आकार दिएको छ। यसले हाम्रो भविष्यलाई पनि झनै साकार बनाउँदै जानेछ ।